शोध निर्देशक
श्री चन्देश्वर लाल कर्ण
सह-प्राध्यापक

# 'पागल - बस्ती उपन्यासको कृतिपरक अध्ययन'

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय
अन्तर्गत रामस्वरुप रामसागर बहुमुखी क्याम्पस जनकपुरधाम
नेपाली शिक्षण विभागको स्नातकोत्तर
तह दोस्रो वर्षको दसौं पत्रको ५४०-१
प्रयोजनको लागि
प्रस्तुत

# शोध प्रबन्ध

**शोधार्थी**
**चञ्चला कुमारी साह**
दोस्रो वर्षको रोल नं. १४००४५/२०७०
नियमित
दर्ता नं. - ९-२-५८९-३७ – २००८
मानविकी तथा  सामाजिक शास्त्र सङ्काय
नेपाली शिक्षण विभागको
रामस्वरुप रामसागर बहुमुखी क्याम्पस
जनकपुरधाम
२०७४

## शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत रामस्वरुप रामसागर बहुमुखी क्याम्पस, नेपाली विषय स्नातकोत्तर तह ( एम.ए.) दोस्रो वर्षको दसौँ पत्र (५४०–१) को पूरक प्रयोजनको लागि **'पागल-बस्ती '** उपन्यासको कृतिपरक अध्ययन' शीर्षकको प्रस्तुत शोधपत्र शोधार्थी चञ्चला कुमारी साह मेरो निर्देशनमा तयार गर्नु भएको हो । **'पागल-बस्ती '** उपन्यासको विशद् अध्ययन गरी उनले **'पागल-बस्ती '** उपन्यासको कृतिपरक अध्ययनको विषयमा परिश्रम पूर्वक तयार गरिएको यस शोधकार्य प्रति म पूर्ण सन्तुष्ट छु । आवश्यक मूल्याङ्कनका लागि सम्बद्ध निकायमा सिफारिस गर्दछु ।

मिति : २०७४/     /

..........................................
(श्री चन्देश्वर लाल कर्ण)
शोध निर्देशक
रामस्वरुप रामसागर बहुमुखी क्याम्पस
नेपाली शिक्षण विभाग
जनकपुर धाम

# त्रिभुवन विश्वविद्यालय

**रामस्वरुप रामसागर बहुमुखी क्याम्पस जनकपुरधाम**

**नेपाली शिक्षण विभाग**

**जनकपुर धाम**

**मिति : २०७४/ /**

**शोध स्वीकृतिपत्र**

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत रामस्वरुप रामसागर बहुमुखी क्याम्पस, नेपाली शिक्षण विभागका छात्रा चञ्चला कुमारी साहले स्नातकोत्तर तह (एम.ए.) दोस्रो वर्षको दसौँ पत्र (५४०–१)को प्रयोजनको लागि तयार पार्नुभएको सरुभक्त श्रेष्ठको ‘ **पागल-बस्ती** उपन्यासको कृतिपरक अध्ययन ’ शीर्षकको शोधप्रबन्ध सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

**मुल्याङ्कन समिति**

| सि.नं. | नम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री चन्देश्वर लाल कर्ण<br>सह प्रा. | शोध निर्देशक तथा<br>विभागीय प्रमुख | |
| २) | | | |
| ३) | | | |
| ४) | | | |

वि.सं. २०७४/ / ई.सं. : २०१७/ /

## कृतज्ञता–ज्ञापन

**'पागल-बस्ती'** उपन्यासको कृतिपरक अध्ययन शीर्षकको प्रस्तुत शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय रा.रा.ब.क्याम्पस नेपाली शिक्षण विभाग जनकपुर अन्तर्गत एम.ए. नेपाली विषयको दोस्रो वर्षको दसौं पत्र(५४०–१) को स्नातकोत्तर उपाधिको लागि तयार पारिएको हो ।

प्रस्तुत शोधप्रबन्धको विषय छनोट देखि लिएर लखन कार्यको अन्तसम्म पनि आफ्‌ना अनेक समस्या हुँदाहुँदै उपयुक्त निर्देशन सरसल्लाह र सहयोग गरिदिनु हुने शोध निर्देशक एवं आदरणीय श्रद्धेय गुरुवर चन्देश्वर लाल कर्णज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

"शिक्षानै मानवीय जीवनको वास्तविक ज्ञानको बाटो हो" भनी शिक्षा आर्जनमा अग्रसर हुने प्रेरित गर्ने मेरा पुज्यनीय पिता श्री राम जीवन साह एवं ममतामयी माता श्रीमती मीना देवी साह तथा मेरो श्रीमान् राम भरोष पजियारप्रति म सर्वप्रथम हार्दिक आभार प्रकट गर्दै उहाँहरुको सहयोगको जीवनभर ऋणी भएको ठान्दछु ।

मेरो शैक्षिक वृद्धि विकासका लागि उचित मार्ग निर्देशन गरिदिनु हुने श्रद्धेय गुरुवर श्री अधिकारी यादव, श्री देवेन्द्र ओझा, श्री ढाका प्रसाद घिमिरे, श्री वरुण चौधरी, श्रीमती कञ्चन झा प्रति हार्दिक आभार प्रकट गर्दछु । यसै गरी रामस्वरुप रामसागर बहुमुखी क्याम्पसमा अध्ययन गर्ने मेरा पूर्व मित्र रजनी कर्ण प्रति पनि म धेरै कृतज्ञ छु । शोधपत्रको टंकन कार्यमा महत्वपूर्ण समय दिई यथाशाक्य सहयोग गरि दिएको बहिनी संगीता कुमारी साह र धनुषा कम्प्यूटर प्रिन्टर्सका प्रमोद कुमार महतोलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधप्रबन्धको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय अन्तर्गत रामस्वरुप रामसागर बहुमुखी क्याम्पस नेपाली शिक्षण विभाग जनकपुर समक्ष पेश गर्दछु ।

शोधकर्ता

चञ्चला कुमारी साह

सि.नं. १४००४५/२०७०

एम.ए. दोस्रो वर्ष

नेपाली शिक्षण विभाग

त्रि.वि. रा.रा.ब. क्याम्पस

जनकपुरधाम, (धनुषा)

# सङ्क्षेपीकरण सूची

| संक्षिप्त रुप | | पूर्ण रुप |
|---|---|---|
| अप्र. | : | अप्रकाशित |
| अ. | : | अरबी |
| अ.ने.म.सं. | : | अखिल नेपाल महिला सङ्घ |
| इ.स. | : | इश्वी संवत् |
| एम.ए. | : | मास्टर अफ आर्टस |
| क्र.सं. | : | क्रम संख्या |
| गो.प | : | गोरखा प त्र |
| चौ.प. | : | चौथो परिच्छेद |
| छै.प. | : | छैठौं परिच्छेद |
| जि.वि.स. | : | जिल्ला विकास समिति |
| डा. | : | डाक्टर |
| ते.प. | : | तेस्रो परिच्छेद |
| दो.प. | : | दोस्रो परिच्छेद |
| ने.शि.वि. | : | नेपाली शिक्षण विभाग |
| ने.रा.प्र.प्र. | : | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पृ. | : | पृष्ठ |
| प्रा. | : | प्राध्यापक |
| प.प. | : | पहिलो परिच्छेद |
| पाँ.प | : | पाँचौ परिच्छेद |
| वि.सं. | : | विक्रम सम्वत् |
| वि.नि. | : | विद्यालय निरीक्षक |

| | | |
|---|---|---|
| भू.पू. | : | भूत पूर्व |
| रा.रा.ब. | : | रामस्वरुप रामसागर बहुमुखी |
| सा.प. | : | सातौ परिच्छेद |
| सम्पा. | : | सम्पादक |
| स. | : | समीक्षा |
| सं. | : | सम्पादक |
| सह.प्रा. | : | सह–प्राध्यापक |
| सह.सं. | : | सह–सम्पादक |
| स्त्री. | : | स्त्रीलिङ्ग |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यायलय |

शोधग्रन्थमा प्रयोग गरिएका लेख्य चिन्हहरु

| | | |
|---|---|---|
| (,) | : | अल्पविराम चिन्ह |
| () | : | उद्गार चिन्ह |
| (‘ ’ / “ ”) | : | उद्धरण चिन्ह |
| (”) | : | ऐजन चिन्ह |
| ( ) | : | कोष्टक चिन्ह |
| (/) | : | तिर्मक् चिन्ह |
| (।) | : | पूर्णविराम चिन्ह |
| (?) | : | प्रश्नवाचक चिन्ह |
| (–) | : | योजक चिन्ह |
| (:) | : | विसर्ग चिन्ह |
| (,) | : | संक्षेपक चिन्ह |
| (/) | : | वा,र |
| (……) | : | क्रमश |

# विषयसूची

पेज नं.

## पहिलो परिच्छेद

## शोधको परिचय


| | | |
|---|---|---|
| १.१. | शोध शीर्षक | १ |
| १.२. | शोधपत्रको प्रयोजन | १ |
| १.३. | विषय परिचय | १ |
| १.४. | समस्या कथन | २ |
| १.५. | शोध कार्यका उद्देश्यहरु | ३ |
| १.६. | पूर्वकार्यको समीक्षा | ४ |
| १.७. | शोधकार्यको औचित्य | ९ |
| १.८. | शोधको सीमांकन | १० |
| १.९. | सामग्री संकलन विधि | १० |
| १.९. | सामग्री संकलन विधि | १० |
| १.११. | शोधपत्रका रुपरेखा | १० |


## दोस्रो परिच्छेद

## साहित्यकार सरुभक्तको परिचय, साहित्यिक योगदान


| | | |
|---|---|---|
| २.१. | सरुभक्तको परिचय | १२ |
| २.२.२. | शिक्षा | १२ |
| २.२.३. | पृष्ठभुमि | १२ |
| २.२.४. | साहित्यमा प्रवेश | १३ |
| २.२.५. | साहित्यसेवा, पुरस्कार तथा मानसम्मान | १३ |

२.२.५.१. साहित्यसेवा १३

२.२.५.२. पुरस्कार १४

२.२.५.३. पदक/मानसम्मान १४

२.२.६. सरुभक्तको साहित्यक योगदान १५

२.२.६.१. उपन्यास १६

२.२.६.२. कथासंग्रह १६

२.२.६.३. कविता १६

२.२.६.४. खण्डकाव्य १७

२.२.६.५. नाटक १७

२.३. सरुभक्त श्रेष्ठका विधागत विविधता र औपन्यासिक यात्रा १८

२.३.१. विधागत विविधता १८

२.३.१.१. कवि रुपमा सरुभक्त श्रेष्ठ १८

२.३.१.२. खण्डकाव्यकारका रुपमा सरुभक्त श्रेष्ठ १८

२.३.१.३. नाटककार रुपमा सरुभक्त श्रेष्ठ १८

२.३.१.४. कथाकारका रुपमा सरुभक्त श्रेष्ठ १८

२.३.१.५. उपन्यासकारका रुपमा सरुभक्त श्रेष्ठ १९

२.४. सरुभक्त श्रेष्ठको औपन्यासिक यात्रा २०

२.४.१. एक अविनवको आत्मकथा (२०४४) २०

२.४.२. पागल–बस्ती (२०४८) २०

२.४.३. तरुनी खेती (२०५३) २१

२.४.४. समय त्रासदी (२०५८) २१

२.४.५. चुली (२०६०) २२

२.४.६. अँध्यारो कोठा (२०६०) २२

२.५. उपन्यासकार सरुभक्तका मुलभूत प्रवृति र विशेषता २२

२.६. सरुभक्तको योगदान तथा मूल्यांकन २३

२.७. निष्कर्ष २४

## तेस्रो परिच्छेद

## उपन्यासको सैद्धान्तिक परिचय

३.१. उपन्यासको परिचय २५

३.२ उपन्यासको परिभाषा २६

३.३ उपन्यासका तत्वहरु २८

३.३.१ विषयवस्तु (कथावस्तु) २८

३.३.२ चरित्र वा पात्र २९

३.३.३ वातावरण (देश, कालपरिस्थिति) ३०

३.३.४ प्रतीक र बिम्ब विधान ३१

३.३.५ दृष्टिविन्दु ३१

३.३.६ उद्देश्य ३२

३.३.७ द्वन्द्व ३२

३.३.८ संवाद वा कथोपकथन ३२

३.३.९ कौतुहलता ३३

३.४ उपन्यासको वर्गीकरण ३३

३.४.१ विषयवस्तुका आधारमा ३४

३.४.१.१ ऐतिहासिक उपन्यास ३४

३.४.१.२ सामाजिक उपन्यास ३४

३.४.१.३ मनोवैज्ञानिक उपन्यास ३४
३.४.१.४ राजनैतिक उपन्यास ३४
३.४.१.५ आञ्चलिक उपन्यास ३५
३.४.१.६ वैचारिक उपन्यास ३५
३.४.१.७ विज्ञान उपन्यास ३५
३.४.१.८ जीवनीमूलक उपन्यास ३५
३.४.१.९ मिथक उपन्यास ३५
३.४.१.१० जासुसी उपन्यास ३५
३.४.२ कथानकका आधारमा ३६
३.४.२.१ घटना प्रधान उपन्यास ३६
३.४.२.२ चरित्र प्रधान उपन्यास ३६
३.४.२.३ चित्रात्मक वा मिश्रित उपन्यास ३६
३.४.३ शैलीका आधारमा ३६
३.४.३.१ वर्णात्मक उपन्यास ३६
३.४.३.२ आत्मकथात्मक उपन्यास ३६
३.४.३.३ डायरी उपन्यास ३७
३.४.४ विचारधाराका आधारमा ३७
३.४.४.१ आर्दशवादी उपन्यास ३७
३.४.४.२ यथार्थवादी उपन्यास ३७
३.४.४.३ प्रगतिवादी उपन्यास ३७
३.४.४.४ अस्तित्ववादी उपन्यास ३७
३.४.४.५ अतियथार्थवादी उपन्यास ३८

३.४.४.६ प्रकृतवादी उपन्यास ३८

३.५ उपन्यसाको अन्य विधासंग सम्बन्ध ३८

३.५.१ कथा र उपन्यास ३८

३.५.२ उपन्यास र निबन्ध ३९

३.५.३ उपन्यास र आत्मकथा ३९

३.५.४ उपन्यास र नाटक ४०

३.५.५ उपन्यास र महाकाव्य ४०

३.६ निष्कर्ष ४०

**चौथो परिच्छेद**

**'पागल–बस्ती' उपन्यासका युगीन पृष्ठभुमि र ऐतिहासिक विकासक्रममा सो कृतिको स्थान निर्धारण**

४.१ युगीन पृष्ठभुमि ४२

४.१.१ सामाजिक अवस्था ४३

४.१.२ आर्थिक अवस्था ४४

४.२ ऐतिहासिक विकासक्रममा'पागल–बस्ती'उपन्यासको स्थान ४४

४.२.१ प्राथमिक काल (वि.सं.१८२७-१९४५) ४५

४.२.२ माध्यमिक काल (वि.सं.१९४६-१९९०) ४६

४.२.३ आधुनिक काल (वि.सं.१९९१-वर्तमान काल सम्म) ४७

४.२.३.१ प्रथम चरण (वि.सं.१९९१ देखि वि.सं.२०२० सम्म ) ४८

४.२.३.२ द्वितीय चरण(वि.सं.२०२१ देखि हालसम्म ) ४९

४.३ निष्कर्ष ५१

## पाँचौ परिच्छेद

## उपन्यासका तत्वका आधारमा 'पागल–बस्ती' उपन्यासको विश्लेषण


| | | |
|---|---|---|
| ५.१ | विषय प्रवेश | ५२ |
| ५.२ | कथानक | ५२ |
| ५.२.१ | विभाजन | ५३ |
| ५.२.२ | संगठन | ५४ |
| ५.२.३ | कथानकको विकास | ५५ |
| ५.२.४ | कथानकको स्रोत | ७६ |
| ५.२.५ | कथानकको ढाँचा | ७६ |
| ५.३ | पात्र | ७७ |
| ५.३.१ | मार्था | ७८ |
| ५.३.२ | प्रशान्त | ७९ |
| ५.३.४ | किशोर | ७९ |
| ५.३.५ | जमुना | ८० |
| ५.३.६ | प्रेममूर्ति | ८० |
| ५.३.७ | मैचाङ | ८१ |
| ५.३.८ | कपि | ८२ |
| ५.३.९ | बिन्दु | ८२ |
| ५.३.१० | गोलघरको नाइक | ८२ |
| ५.३.११ | बूढी | ८२ |
| ५.३.१२ | आनन्द | ८३ |
| ५.३.१३ | कमला | ८३ |

५.३.१४ प्राचार्य ८३
५.३.१५ मिस मेरी ८४
५.३.१६ शिक्षक ८४
५.३.१७ लजमालिक्नी ८४
५.३.१८ भउते ८५
५.३.१९ मिस मार्गरेट ८५
५.३.२० चियापसले ८५
५.३.२१ सेर्पा गाइड ८५
५.३.२२ गाइने गाइड ८६
५.३.२३ गाइने केटो ८६
५.३.२४ बूढीको छोरो ८६
५.३.२५ प्रकाश ८६
५.३.२६ मान्द्रो विक्रेता बाजे ८६
५.३.२७. भूतपूर्व प्रेमीका ८७
५.३.२८ ठुले खत्री ८७
५.३.२९ पागल–बस्ती उपन्यासका पात्रहरुको शैलीवैज्ञानिक वर्गीकरण तालिका ८८
५.४ द्वन्द्व ९०
५.४.१ बाह्य द्वन्द्व ९०
५.४.१.१ मार्था र प्रशान्तका बीच ९०
५.४.१.२ जमुना र प्रेममूर्तिका बीच ९०
५.४.१.३ किशोर र प्रेमिका बीच ९०
५.४.१.४ बस्तीबाला र गाउँलेहरुबीच ९१

५.४.१.५ बूढीका छोराहरु र बस्तीबालाबीच ९१

५.४.२ आन्तरिक द्वन्द्व ९२

५.५ परिवेश ९४

५.६ भाषाशैली ९६

५.७ दृष्टिबिन्दु ९९

५.८ निष्कर्ष १०१

## छैठौं परिच्छेद

## विभिन्न वादका आधारमा‘पागल–बस्ती’उपन्यासको निरुपण

६.१ वादको परिचय १०३

६.२ प्रयोगवादी उपन्यासको परिचय १०४

६.३ ‘पागल–बस्ती’उपन्यासमा प्रयोगवादी उपन्यासको प्रभाव १०५

६.४ विसङगतिवादी उपन्यासको परिचय १०५

६.५ ‘पागल–बस्ती’उपन्यासमा विसङगतिवादी उपन्यासको प्रभाव १०५

६.६ दार्शनिक उपन्यासको परिचय १०६

६.७ ‘पागल–बस्ती’उपन्यासमा दार्शनिक उपन्यासको प्रभाव १०६

६.८ अस्तित्ववादी उपन्यासको परिचय १०७

६.९ ‘पागल–बस्ती’उपन्यासमा अस्तित्ववाद १०७

६.१० शून्यवाद उपन्यासको परिचय १०८

६.११ ‘पागल–बस्ती’उपन्यासमा शून्यवाद १०९

६.१२ निष्कर्ष १११

## सातौं परिच्छेद

## उपसंहार र निष्कर्ष

७.१ उपसंहार ११३

७.२ निष्कर्ष ११९

७.३ सम्भाव्य शोध शीर्षक १२०

सन्दर्भग्रन्थ सूची १२२

# पहिलो परिच्छेद

## शोधको परिचय

### १.१ शोध शीर्षक

प्रस्तुत शोध पत्र शीर्षक **'पागल-बस्ती'** उपन्यासको कृतिपरक अध्ययन रहेको छ ।

### १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय ,मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत नेपाली शिक्षण विभागको स्नातकोत्तर (एम.ए.)तह दोस्रो वर्ष ऐच्छिक नेपाली विषयको दसौं पत्र (५४०-१) शोध पत्रको पूरक प्रयोजनको लागि तयार गरिएको छ ।

### १.३ विषय परिचय

नयाँ आयामको प्रयोग गर्ने सहित्यकार सरुभक्तको जन्म वि.सं. २०१२ साल भाद्र महिनाको हरितालिका तीजका दिन पोखरा उप–महानगरपालिकाको बागबजारमा भएको हो । वास्तविक नाम भक्तराज श्रेष्ठ भनेर चिनिने सरुभक्तको साहित्यिक यात्रा (२०३४)सालबाट प्रारम्भ भएको हो । यो समाजमा मानवको कुनै अस्तित्व छैन सामाजिक प्राणी भएर पनि एक अर्का प्रति घृणा गर्छ र मानवीय बस्तीलाई घृणाको बस्ती ठान्दै त्यसबाट मुक्त हुनका लागि 'पागल-बस्ती' र प्रेमको उदार बस्तीको कल्पना गरेका छन् । नेपली उपन्यास परम्परामा नौलो प्रयोग हो ।यस उपन्यासको प्रकाशन वि.स.२०४८ सालमा भएको हो । यस उपन्यासका लागि भक्त श्रेष्ठ मदन पुरस्कार वि.सं. २०४८ सालमा पाउनु भएको छ ।

यो समाजमा मानवीय अस्तित्व राख्ने र स्वतन्त्र रुपले आफ्नो बिचार राख्न सक्दैन् भन्ने कारणले आफ्नो 'स्व' जोगाउन स्वतन्त्र निर्णय गर्नु पर्ने भएकाले अस्तित्व रक्षाका लागि सङ्घर्षरत रहनुपरेको छ । यस उपन्यासमा अलग सोचका साथ नयाँ मोड दिएर प्रस्तुत गरेका छन् । उहाँको उपन्यासहरु तरुनी खेती (२०५३), समय त्रासदी(

२०५८), चुली (२०५९), अँध्यारोकोठा (बाल उपन्यास) (२०६०) र पागल-बस्ती (२०४८) भएको छ ।

## १.४ समस्या कथन

पागल-बस्ती उपन्यासको कृतिगत अध्ययन गर्दा देखापरेका समस्याहरुलाई बुँदागत रुपमा यँहा प्रस्तुत गरिएको छ ।

क. साहित्यकार सरुभक्तको परिचयात्मक तथा साहित्यिक रचना र प्रकाशित भएका कृति लेखन के-कस्ता रहेका छन् ?

ख. साहित्यकार सरुभक्तको औपन्यासिक यात्रा के-कसरी विकसित भएको छ ?

ग. साहित्यकार सरुभक्तको साहित्यिक योगदान तथा उनको नेपाली सहित्यमा स्थान के-कस्तो छ ?

घ. साहित्यकार सरुभक्तको 'पागल-बस्ती'उपन्यासको युगीन पृष्ठभुमि तथा ऐतिहासिक विकासक्रममा सो कृतिको स्थान के-कस्तो रहेको छ ?

ङ. साहित्यिक सिद्धान्तका तत्वका आधारमा 'पागल बस्ती' उपन्यासलाई के–कसरी विश्लेषण गर्न सकिन्छ ।

## १.५ शोध कार्यका उद्देश्यहरु

समस्याकथनमा केन्द्रित रही विवेच्य कृतिको अध्ययन गरिने हुनाले यस शोधकार्यका उद्देश्यहरु निम्नलिखित रहेका छन् ।

क. साहित्यकार सरुभक्तको परिचय तथा साहित्यिक रचना प्रकाशित भएका कृति लेखनका विविध आयामहरु चर्चा गर्न ।

ख. साहित्यकार सरुभक्त औपन्यासिक यात्राको निरुपण गर्नु ।

ग. सरुभक्तको साहित्यिक योगदानको चर्चा गर्नु ।

घ. सरुभक्तको ‘पागल-बस्ती’ उपन्यासको युगीन पृष्ठभुमिको चर्चा गर्दै ऐतिहासिक विकासक्रममा सो कृतिको स्थान निर्धारण गर्नु ।

ङ. साहित्य सिद्धान्तका तत्वका आधारमा ‘पागल-बस्ती’ उपन्यासको विश्लेषण गर्नु ।

च. नेपाली उपन्यासमा ‘पागल-बस्ती’ उपन्यासलाई वैष्ठि्यहरु  निक्यौंल गर्नु ।

छ .साहित्कार सरुभक्तको ‘पागल-बस्ती’ उपन्यासलाई विषयको आधारमा चिनाउनु ।

## १.६ पूर्वकार्यको समीक्षा :-

साहित्यकार सरुभक्त नेपाली साहित्यका क्षेत्रमा ‘पागल-बस्ती’ उपन्यास स्वैरकल्पना जस्तो लाग्ने प्रस्तुत उपन्यासमा नितान्त नवीनताको प्रयोग गरिएको छ । नयाँ काल्पनिक उपन्यास वि.सं.२०४८ सालमा प्रकाशित भएको हो । यस महाउपन्यासका बारेमा अध्ययन गरेका विद्वान तथा समालोचक उपन्यासकारले आफ्नो धारणा व्यक्त गरेका छन् तर यसमै केन्द्रित रहेर भने अझैसम्म कसैले समग्र अध्ययन गरेको पाइँदैन यस कृति सम्वन्धी भएका पूर्व कार्यको विवरण तल संक्षेपमा वर्णन गरिन्छ ।

गोर्खाली, रमेश (२०४२:२) सत्यावेषणको संलग्नता समीक्षात्मक :-  सिर्जनशीलता बुद्धिवाद, बुद्धवाद अस्तित्ववाद र मुलत : शून्यवादसित सम्बद्ध रहेको छ । सरुभक्तलाई अस्तित्ववाद संग सम्वद्ध लेखक हुन । ‘पागल-बस्ती’मा मिथक, विम्ब, प्रतीक र आंशिक स्वैरत्वको सुसंयोजन छ । दुरवर्ती मानवीय सत्यलाई खोजीका दृष्टिले उच्च स्थिति प्रदान गरेकाले अपूर्व नेपाली उपन्यासका रुपमा ‘पागल-बस्ती’ सफल छ ।

भट्टराई , जयदेव (२०४९ : ‘ख’ दैनिक गोरखापत्र) ‘पागल-बस्ती’ लाई वैचारिक र प्रयोगात्मक उपन्यास भनिएको छ । विचार पक्षका बारेमा संक्षेपमा चर्चा गर्दै मानवजातिको इतिहास मानवीय अहंद्वारा निर्धारित हुन्छ भन्दै मानवीय अहंवादको व्यवस्थापनमा मानवको इतिहास भर पर्छ भन्ने धारणले उपन्यास अघि बढेको छ भनिएको छ ।

पौड्याल, रामहरि (२०४९:४ छलफल , साप्ताहिक) :- 'पागल-बस्ती' मुलत : दार्शनिक उपन्यास हो भन्दै पागल-बस्ती पागलहरुको वस्ती नभएर स्वास्थ समाज सृजना गर्न प्रशान्तको मनोकाङक्षाको व्यावहारिक रुप हो भनिएको छ । प्रस्तुत लेखमा सुन्दर र प्रभावकारी ढंगबाट प्रेमपीडा अभिव्यक्त गर्न सकेका हुँदा सरुभक्त नै प्रशान्त हुन् भन्ने अनुमान गर्न सकिन्छ भन्ने उल्लेख छ । यस लेखमा प्रेमलाई नयाँ दृष्टिबाट हेरिएकोछ , जुन मौलिक र सकारात्मक छ भनी प्रशंसा गरिएको छ । उपन्यासको संरचनापक्षको चर्चा गर्नै उपन्यास अन्त्यबाट सुरु भएको छ र सुरुको भाग अन्त्यमा छ भनिएको छ । नेपाली उपन्यास साहित्यमा एउटा सुवासिलो फूल थपेर सरुभक्त ठूलो गुन लगाएका छन भनि उपन्यासकार प्रति साधुवाद प्रकट गरिएको छ ।

राकेश, रामदयाल (२०४९ : ख गोरखापत्र दैनिक ) :- उपन्यासको उच्च मूल्यांकन गर्दै नेपाली औपन्यासिक पृष्ठभुमिमा यसले सर्वथा भिन्नै किसिमको कथानक, विषयवस्तुको प्रतिपादन, प्रस्तुतीकरण, चरित्रचित्रण, लेखनशैलीको उदाहरण प्रस्तुत गरेको छ । उपन्यासको विषयवस्तु, कथावस्तु, अहंकार र प्रेमको द्वन्द्वलाई आत्मसात् गरेर अभिव्यक्त गरी उपन्यास बौद्धिक र दार्शनिक पृष्ठभुमिमा लेखिएको छ । उपन्यासकार सरुभक्तको साहिन्य सृजनाको उद्देश्य केलाउदै यस भौतिक संसारलाई कसरी सृजनात्मक र सुन्दर बनाउन सकिन्छ र यस क्रममा प्रशान्त जस्तो धीर, गम्भीर, विद्वान, चिन्तकको सृजना गरी उपन्यासकारले आफ्नो धारणा प्रस्तुत गरेका छन् ।

बस्नेत, बबिता (२०५० : ख गोरखापत्र दैनिक ) :- जीवन अहयुंक्त छ , अहयुंक्त छैन् भने लेखमा लेखेकी छिन् । यस सरुभक्त अहंमवादी लेखक हुन् र उनको 'पागल-बस्ती' उनका भावनाहरुको अहं हो । उनको उपन्यासमा अहंवादसंग सम्बद्ध विचारहरु उद्धृत गर्दै उनको दिनचर्यालाई चर्चामा ल्याएकी छन् ।

शर्मा , गोपीकृष्ण (२०५१ : २१६-२२३ पागल-बस्ती : वस्तु र शिल्पको नयाँ प्रयोग समीक्षात्मक लेख) :- स्वैरकल्पनाको प्रयोग गरी 'पागल-बस्ती' का चरित्रले गरेको सङघर्षलाई अस्तित्ववादी मूल्यलाई कायम राख्न गरिएको संघर्ष भनिएको छ । यस

लेखमा 'पागल-बस्ती' मानवको आदिम संस्कारको प्रतिच्छवि हो । वर्णित श्रम, शिक्षण र कार्यशैली आदिम युगको प्रतिबिम्ब भएर देखापरेका छन् ।...अतीतको स्मृतिको गर्भबाट थालिएको कथावस्तु, पात्रहरुको प्रकृति अनुसारको संवाद पागलकै उपास्थापन गरेर गरिएको अतियथार्थको अङ्कन, परम्परा भन्दा भिन्न छुटै समाजको परिदृश्य आदिलाई नौलो प्रयोग हो ।

ढकाल, घनश्याम(२०५१:६१-६८ शून्यवादको महायात्रा समीक्षात्मक):-शून्यवादको सम्बन्धमा टिप्पणी गर्दै सरुभक्तले शून्यवादलाई अव्याख्येय पनि भनेका र भौतिक र प्रयोगिक सत्य पनि भनेका हँदा शून्यवाद सम्बन्धमा लेखक आफैं रनभुल्लमा छन् र तार्किक परिभाषा पनि दिन सकेका छैनन् भन्ने उल्लेख गरेका छन् । सरुभक्तको अंह केन्द्रित शून्यवाद भावजन्य भ्रम हो, वस्तुगत यथार्थ होइन् भनिएको छ ।'पागल-बस्ती' भित्र जीवनको होइन मृत्युको उपासना गरिएको छ ।

अधिकारी, लक्ष्मीशरण (२०५१:१-१७२ साहित्यकार सरुभक्तको जीवनी : व्यक्ति शोधपत्र) :- यसको कथानक स्वैरकाल्पनिक, वैयक्तिकता र सामाजिकता, बाह्य समाज र वस्तीको समाज आदि पक्षका बीच सशक्त द्वन्द्व देखिन्छ र यसले कथानकमा कौतुहलता कायम रहेको छ । उपन्यासको वातावरण दुःख र सुखको दोसाँधमा रहेको काल्पनिक स्थल, पागल-बस्तीको क्रियाकलाप बाह्य संसार भन्दा भिन्न खालको भएको हुनाले यस बस्तीका मानिसलाई पागल र बस्तीलाई'पागल-बस्ती'भन्छ । परम्परावादी समाजका दुर्बलता औल्याउँदै नवीन सभ्यताको खोजीगर्दा पागल–बस्तीको लाञ्छना बेहोर्नु परेको छ ।

सुवेदी,रामप्रसाद (२०५१-पागल-बस्ती उपन्यास :एक अध्ययन शोधपत्र):- सुवेदीका प्रत्यक्ष विषयसूत्रको अध्ययन गरे पनि घटना, प्रसंग शीर्षक आदिको केस्राकेस्रा सूक्ष्म र सङ्केतका रुपमा रहेका विषयसूत्रको अध्ययन गर्न सकेका छैनन् । प्रशान्त र मार्थाका आचरण र विचारमा भेटिने मनोवैज्ञानिक पक्षका बारेमा पनि खासै दृष्टि पुऱ्याउन सकेका छैनन् । उपन्यासको भाषाका बारेमा चर्चा गर्दै उखान, टुक्का र हास्यात्मक

भाषाको न्यूनता रहे पनि पागल-बस्तीको भाषा सुक्तिमयता स्तरीय र हृदयग्राही भएको छ । भन्ने उल्लेख गरिएका छ ।

प्रधान , कृष्णचन्द्र सिहं(२०५३:२०९-२११ नेपाली उपन्यास र उपन्यासकार नामक समालोचनात्मक कृति):- नयाँ सैद्धान्तिक धरातल गोडमेल गर्ने प्रवृतिका गम्भीर सहित्यकार ठहर गर्दै सरुभक्तको शून्यवादी धारणका कथात्मक प्रयोग गरी बौद्धिक अवधारणको औपन्यासिक निरुपण एवम् सिद्धान्तको प्रयोगात्मक वैचित्यको रुपमा पागल-बस्ती गहन छ ।...मूल मर्म माथि प्रकाश पार्नु यसको उल्लेखनीय पक्ष भए पनि शून्यवादमा केन्द्रित छ ।

सुवेदी राजेन्द्र(२०५३ : २२९,२८०-२८३ परम्परा र प्रवृति नामक समालोचनात्मक) : क्राइस्टेली चिन्तनको कर्म र त्यागको, हिन्दू दर्शनको कर्म र फलको निराशाको, बुद्ध दर्शनको शून्य र जीवन बोधको, अस्तित्ववादी दर्शनको भविता र शून्यको बोधको समन्वित रुपमा पागल-बस्तीको कथ्य निर्माण गर्ने प्रयास गरिएको छ ।...ज्ञान र प्रेमको आदर्श प्राप्तिका साधना, अन्तर्मुखी र बहिर्मुखी आचरणका अभीष्ट बस्तुहरुको प्रयुक्ति , मार्था र प्रशान्तको पूर्वप्रणय प्रसंग, कपिलले प्राप्त गरेको ज्ञानको प्रसंग उपन्यासमा चिन्तनका विषय बनेका छन् । ...विचारपक्ष आत्मपरक र अमूर्त किसिम को छ भन्दै जीवनलाई कर्मको साधना मान्ने र अर्कातिरबाट जीवनलाई निरर्थक र मूल्यका विन्दुमा आरम्भ भएर शून्यमै समाप्त हुने तत्व देख्ने दृष्टि यस उपन्यासमा विचार भएर आएको छ । कर्ममा सर्म्पित हुने तर फल प्राप्तिमा इच्छा नराख्ने, परम्परा अनुसारको मूल्य पनि मार्था, कपिल, प्रेममूर्ति, प्रशान्त आदिको आचरणमा देखा पर्छ ।

अधिकारी, लक्ष्मीशरण (२०५५:९८-१०१ समीक्षात्मक लेख) :'पागल-बस्ती'उपन्यासको उद्देश्य बारेमा प्रस्ट पार्दै पुरुषको अधिनायक अहंकारको यथार्थ चित्रण गर्नु नारीको अहंकार मस्त निद्रामा सुतेको देखाउनु नारीको दबिएको अहंकार ब्युझिएर पुरुषमा सृजनात्मक अहंकारको उदय भएमा मात्र समतामुलक समाजको सृजना हुने र त्यसपछि कुनै प्रकारको क्रान्तिको आवश्यकता नपर्ने कुराको संकेत गर्नु ।

भट्टराई, गोविन्दराज (२०५९:३५-५२ उत्तर आधुनिकताको सन्दभमा नेपाली अख्यान ) :- विज्ञानको विषयवस्तुले फ्यान्टयासी-फ्याक्ट जोडने मद्दत पुऱ्याउँछ भन्ने सन्दर्भ जोडी सरुभक्तका अख्यान र अन्य विधामा पनि फ्याक्ट र फ्यान्टयासी जोड्ने प्रवृति भेटिन्छ । पागल-बस्ती उपन्यासको उद्धरण उद्दृत गरी उनले फ्याक्ट र फ्यान्टयासीलाई कसरी जोडेका छन् भने फिक्सनलाई फ्याक्ट जस्तो भ्रम र औल्याई दिने सकेका हुँदा सरुभक्त उत्तर आधुनिकतावादी लेखक हुन् । निगनात्मक र आगनत्मक दुबै विधिको उपयोग गरी सरुभक्तलाई उत्तर आधुनिकवादी लेखक हुन् भन्ने पुष्टि गर्न प्रयत्न गरिएको हुँदा सरुभक्तका औपन्यासिक प्रवृति बुझ्न केहि सघाउँ मिल्छ ।

पौडेल, विष्णुप्रसाद(२०६१:१०९-१२१ सरुभक्तको औपन्यासिक यात्राको गति, स्वरुप र प्रवृति):-पागल-बस्तीमा आफ्नै किसिमको शून्यवादी जीवन दर्शनको अर्थपुण प्रयोग गरेका छन् भने विचार प्रतिपादनमा केन्द्रित र विचार जीवन केन्द्रित छ भने स्वैरकल्पनाको प्रयोग, द्वन्द्वात्मकतालाई अर्को महत्वपूर्ण औपन्यासिक प्रवृति मानिएको छ ।

लामिछाने, डा.यादवप्रसाद (२०६३:२१३-२२४) मान्छे कुनै सार्वभौम सत्यका केन्द्रियता आश्रित नभएर आफैँमा निर्भर रही निर्णय गर्दै जानुपर्दछ भन्ने दृष्टिकोण आदि सारिएको छ । शक्ति केन्द्रका रुपमा रहेको ईश्वरको अस्तित्व क्षीण भएको अनुभूति भएपछि मान्छेले पनि आफू एक्लो भएको चारैतिर निराशा, व्यर्थता, निरर्थकता जस्ता कुराले छापेका कारणले आफ्नो 'स्व' जोगाउन स्वतन्त्र निर्णय गनुपर्ने भएकाले अस्तित्व रक्षाका लागि संघर्षरत रहनु परेको हो ।

बराल, कृष्ण हरी, एटम, नेत्र (२०६४:२१२) : शून्यताकै बीच पनि स्वतन्त्र रुपले जीवनका घटनामा चुनाव गरेर मान्छेले अफ्नो अस्तित्व राख्ने प्रयास गर्छ भन्ने तथ्यलाई यिनमा महत्व दिएको हुछ ।

बराल, ऋषीराज (२०६४:३३१-३५४ सौन्दर्य शास्त्रीय गद्यख्यान ): पागल-बस्तीको नाम लिदै स्वैरकल्पनाको माध्यम बाट बौद्ध शून्यवादी दर्शनको आख्यानीकरण गर्ने कलामा सरुभक्तको औपन्यासिकता निकै सशक्त बनेको छ ।

गौतम, प्रा. डा. देवि प्रसाद, भण्डारी , प्रा. डा. पारस मणि (२०६९:२५३) : यिनले मानवीय वस्तीलाई घृणाको वस्ती ठान्दै त्यसबाट मुक्त हुनका लागी 'पागल-बस्ती' प्रेमको उदार वस्तीको कल्पना गरेका छन् ।

श्रेष्ठ, सरुभक्त (२०७३/४ अन्तर्वाता लिएको) : 'पागल-बस्ती' उपन्यास एउटा मागने केटो होटेलमा केहि खानेकुरो होटेलबाला संग मागिरहेको छ, त्यो होटेलबालाले बौलाहा घरी-घरी दु:ख दिन आउँछ त्यो बौलाहा नभएर भोको हो त्यहीबाट उपन्यासकार सरुभक्त प्रेरित भएर 'पागल-बस्ती' को रचना गर्ने विचार गर्छ र नौलो समाजको कल्पना गरेका छन् ।

'पागल-बस्ती' उपन्यास सरुभक्तका उपन्यासहरु मध्ये उल्लेखनिय स्थानमा रहन सक्ने कृतिका रुपमा देखापरेका पूर्वोक्त विद्वानहरुले यसका बारेमा संक्षिप्त टिप्पणी गर्नु बाहेक अरु केहि कार्य गरेको देखिदैन् । नेपाली उपन्यासको विकासमा यो उपन्यासको अलगै स्थान रहेको देखिन्छ । यसरी पूर्व अध्येताहरुले 'पागल-बस्ती' उपन्यासको संक्षिप्त टिप्पणी गरिरहेको अवस्थामा प्रस्तुत शोधकार्य 'पागल-बस्ती' कृतिको पक्षको अध्ययनमा केन्द्रित रहेको छ ।

**१.७ शोधकार्यको औचित्य :**

नेपाली साहित्यका वहुमुखी प्रतिभा सरुभक्त उपन्यास विधामा बढी चर्चित छन् । 'पागल-बस्ती' उपन्यासको बारेमा बढी समीक्षक द्वारा समीक्षा गरिएको पाइन्छ । यसमा सरुभक्तले नयाँ सोच सहितको शून्यवादी दर्शनको अभिनव प्रयोग गरी नेपाली उपन्यासका परम्परामा पुऱ्याएको योगदान बारे जानकारी गराउने काम पनि गरिएको छ । युवा पुस्ताका सृर्जनशील स्रष्टाका कृतिको समयमै उचित विश्लेषण हुन सके स्रष्टाले

भविष्यमा स्तरीय कृति जन्माउने अपेक्षा गर्न पनि सकिन्छ । त्यसैले प्रस्तुत सोधको औचित्य प्रष्ट देखिएको छ ।

## १.८ शोधको सीमांकन

साहित्यकार सरुभक्त श्रेष्ठको साहित्यिक रचनाधर्मिताको चर्चा गर्दै उपन्यासको तत्वका आधारमा 'पागल-बस्ती' उपन्यासको विश्लेषणमा केन्द्रित रही प्रस्तुत शोधको सीमा रहेको छ ।

## १.९ सामग्री संकलन विधि

प्रस्तुत शोधपत्र तयार पार्नका लागि पुस्तकालयीय सामग्री संकलन-विधिको उपयोग गरिएको छ । अध्ययन विधिका आधारमा सम्बन्धित विषयका अध्ययन गरी सामग्री-संकलन विशेषत : विभिन्न, पुस्तक, पत्रपत्रिका सरुभक्तका विभिन्न कृतिबाट संकलन गरिएको छ । उपन्यासकारसंग अर्न्तवार्ता लिएको छ । विभिन्न विद्वानहरुसंग जानकारी लिएर इन्टरनेटबाट शोध सामग्री सङ्कलन गरिएको छ ।

## १.१० शोधविधि

प्रस्तुत शोधकार्य गर्ने क्रममा सामग्री सङ्कलन गर्नका निमित पुस्तकालयीय पद्धतिको प्रयोग गरिएको छ । सङ्कलित सामग्रीहरुको व्यख्या, विश्लेषपण गर्ने क्रममा प्राथामिक तथा द्वितीय स्रोत मार्फत विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यस शोधकार्यको सत्यापन प्रमाणिकताको लागि प्रसंगका सुरु र अन्त्यमा सर्न्दभ संकेत प्रयोग गरिन्छ ।

## १.११ शोधपत्रका रुपरेखा

प्रस्तुत शोधकार्यलाई आवयश्कता अनुशार शीर्षक उपशीर्षक दिएर संगठित तुल्याएको छ । यसलाई

शोधपत्र अनुसार सात परिच्छेदमा विभाजन गरेको छ ।

१. पहिलो परिच्छेद : शोधपत्रको परिचय

२. दोस्रो परिच्छेद : साहित्यकार सरुभक्तको परिचय, साहित्यिक योगदान

३. तेस्रो परिच्छेद : उपन्यासको सैद्धन्तिक परिचय

४. चौथो परिच्छेद : पागल-बस्ती उपन्यासका युगीन पृष्ठभुमि र ऐतिहासिक विकासक्रममा सो कृतिको स्थान निर्धाण

५. पाँचौ परिच्छेद : उपन्यासका तत्वका आधारमा पागल-बस्ती उपन्यासको विश्लेषण

६. छैठौं परिच्छेद : विभिन्न वादका आधारमा पागल-बस्ती उपन्यासको निरुपण

७. सातौं परिच्छेद : उपसंहार र निष्कर्ष

# दोस्रो परिच्छेद

## साहित्यकार सरुभक्तको परिचय, साहित्यिक योगदान

### २.१ सरुभक्तको परिचय

### २.२.१ जन्म र जन्मस्थान

साहित्यकार सरुभक्तको जन्म वि.सं. २०१२ साल भाद्र महिनाको हरितालिका तीजका दिन पोखरा उप-महानगरपालिकाको बागबजारमा भएको हो । बास्तविक नाम भक्तराज श्रेष्ठ भनेर चिनिने सरुभक्तको साहित्यिक नाम हो । उनका पिताको नाम स्व. गणेशबहादुर श्रेष्ठ र आमाको नाम लक्ष्मी श्रेष्ठ हुन् ।

### २.२.२ शिक्षा

सरुभक्त श्रेष्ठको प्राथमिक शिक्षा पोखरा मै प्रारम्भ भएको हो । एस.एल. सी. परिक्षा गण्डकी अवासिय विद्यालय लामाचौर पोखराबाट गर्नु भएको हो । स्नातक तह पृथ्वी नारायण क्याम्पस पोखराबाट गर्नुभएको हो । स्नातकोत्तर तह नेपालीको अध्ययन कीर्तिपुरबाट गर्नु भएको हो । यसप्रकार भक्तको शैक्षिक स्तर स्नातकोत्तरसम्म अध्ययन गर्नु भएको छ । उहाँले नेपली, अंग्रेजी, इतिहास अर्थशास्त्र र समाजशास्त्रमा पनि स्नातकोत्तर गर्नु भएको छ ।

### २.२.३ पृष्ठभूमि

सरुभक्त सानै देखि नै तीक्ष्ण बुद्धि भएको बालक थियो । समाजको वातावरणबाट प्रभाव भएर

साहित्यिक क्षेत्रमा लेखन यात्रा सुरु गर्नु भएको थियो । उनका साहित्यिक यात्रा (२०३४)सालबाट प्रारम्भ गर्नुभयो ।

### २.२.४ साहित्यमा प्रवेश

भक्तले वि.सं. २०३४ देखि साहित्यिक क्षेत्रमा यात्रा सुरु गर्नुभएको हो । 'असिना पग्लन्छ' एकाङकीबाट लेख्न सुरु गर्नु भएको हो । यो पाहिलो साहित्यिक रचना (२०३०) हो । आहवान साप्ताहिक पत्रिका पहिलो प्रकाशित साहित्यिक रचना 'मलाई दुईटा सूर्य देऊ' शीर्षकको कविता (२०३४) मा भएको हो ।

### २.२.५ साहित्यसेवा, पुरस्कार तथा मानसम्मान

#### २.२.५.१ साहित्यसेवा

नेपाली भाषा साहित्यका उपन्यासमा मानवताको रक्षा, बौद्धिकताको प्रदर्शन, काव्यात्मक भाषा, झिनो कथानक, नारी आस्तिमा, पात्र प्रयोगमा अमूर्तको प्रयोग गरेका छान् । यिनले गरेका योगदान :-

क. वि.सं. २०३४सालमा भक्तले पोखरेली युवा नाटक परिवारको स्थापना गरेका छन् ।

ख. वि.सं. २०३५ सालमा भक्तले युवा नाटक परिवारको संस्थापक हुन् ।

ग. वि.सं.२०३५ सालमा संरक्षण कविता आन्दोलनको संयोजक हुन् ।

घ. वि.सं. २०५६ सालमा भक्तले राष्ट्रिय बाल-प्रतिभा पुरस्कारका संस्थापक हुन् ।

#### २.२.५.२ पुरस्कार

यिनले नेपाली, नेवारी भाषा साहित्यमा योगदान गरेका छन् । त्यसैले उनलाई विभिन्न सम्मान र पुरस्कारद्वारा सम्मानित तथा पुरष्कृत गरिएको छ ।

क. राष्ट्रिय कविता महोत्सव वि.सं. २०३५ मा तृतीय पुरस्कार,

ख. अन्तराष्ट्रिय अपाङ्गवर्ष वि.सं.२०३८ मा सर्वोत्तम नाटक पुरस्कार,

ग. त्रि.वि. साहित्य प्रतियोगिता वि.सं. २०३९ सालमा प्रथम पुरस्कार,

घ. राष्ट्रिय युवा महोत्सव वि.सं. २०४१ सालमा सर्वोत्तम नाटक पुरस्कार,

ङ. जि.ए.ए. प्रतियोगिता वि.सं. २०४१ सालमा सर्वोतम नाटक पुरस्कार ,

च. राष्ट्रिय कविता महोत्सव वि.सं. २०४२ सालमा ने.रा.प्र.प्र. बाट प्रथम पुरस्कार

छ. युवा वर्ष वि.सं. २०४३ सालमा मोती पुरस्कार ,

ज. गाईजात्रा हाँस्यव्यङ्ग्य महोत्सव वि.सं. २०४३ सालमा ने.रा.प्र.प्र बाट सबोत्तम व्यङ्ग्य मुक्तककार पुरस्कार ,

झ. उपन्यासकालागि वि.सं. २०४८ सालमा मदन गुठी संस्थाबाट मदन पुरस्कार

**२.२.५.३ पदक/मानसम्मान**

क) नेपाल जेसिमबाट वि.सं. २०३४ सालमा बुशाक स्वर्ण पदक सम्मान ,

ख) राष्ट्रिय महोत्सवमा वि.सं.२०४२ सालमा ने.रा.प्र.प्र. बाट सर्वश्रेष्ठ नाटककारको पदक,

ग) म्युजिक नेपालबाट वि.सं. २०५८ सालमा सम्मान ,

घ) वि.सं. २०५८ सालमा विरेन्द्र-ऐश्वर्य पदक ,

ङ.) पृथ्वीनरायण क्याम्पसद्वारा वि.सं. २०५९ सालमा स्व.वि.यु. सम्मान ,

च) गंकी बसुन्धरा प्रतिष्ठानबाट वि.सं. २०६० सालमा उपन्यास शतवार्षिकी सम्मान ,

छ) नेपाली केन्द्रीय विभागबाट वि.सं. २०६२ सालमा साहित्य कुञ्ज सम्मान,

ज) डि. सि. मेट्रो च्याप्टर, वाशिङटन डि.सि.बाट वि.सं. २०६२ सालमा अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मान,

झ) न्यूयोर्कबाट वि.सं. २०६३ सालमा न्यूयोर्क कलामञ्च सम्मान ,

ञ) पृथ्वीनारायण क्याम्पसबाट वि.सं. २०६७ सालमा स्वर्ण जयन्ती अवसर सम्मान ,

ट) कतारबाट वि.सं. २०६९ सालमा कास्की आदर्श सेवा समाज सम्मान ,

ठ) दोहा कतारबाट वि.सं. २०६९ सालमा अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मान ,

ड) दोहा कतारबाट वि.सं. २०६९ सालमा नवोदितमोवाइल पुस्तकालय सम्मान ,

### २.२.६ सरुभक्तको साहित्यक योगदान

नेपाली साहित्यका बहुमुखी प्रतिभा सम्पन्न साहित्यकार सरुभक्त श्रेष्ठ नेपाली साहित्यमा वि.सं. २०३४ सालबाट यात्रा सुरु गरेका छन् । उहाँले कविता, उपन्यास, नाटक, मुक्तक र कथा विधामा कलम चलाएका छन् । उनका पहिलो साहित्यक रचना ‘असिना पग्लन्छ’ भने एकाङ्की हुन् र प्रकाशित ‘मलाई दुइटा सूर्य देऊ’ शीर्षकको कविता वि.सं. २०३४ सालमा भएको छ ।

#### २.२.६.१ उपन्यास

| क्र.सं. | पुस्तक | प्रकाशनकाल |
|---|---|---|
| १ | पागल बस्ती | वि.सं.२०४८ |
| २ | तरुनी खेती | वि.सं.२०५३ |
| ३ | समय त्रासदी | वि.सं.२०५८ |
| ४ | चुली | वि.सं.२०६० |
| ५ | अँध्यारोकोठा -बालउपन्यास | वि.सं.२०६० |

#### २.२.६.२ कथासंग्रह

| क्र.सं. | पुस्तक | प्रकाशनकाल |
|---|---|---|
| १ | एक अविनवको आत्मकथा | वि.सं.२०४४ |

| | | |
|---|---|---|
| २ | छोरी ब्रह्माण्ड | वि.सं.२०४७ |
| ३ | यामागल | वि.सं.२०५४ |
| ४ | पदार्थहरुको गीत | वि.सं.२०६३ |
| ५ | अन्नपूर्ण पिथेकस | वि.सं.२०६७ |
| ६ | विरुपाक्ष र देश (लघु) | वि.सं.२०७१ |

**२.२.६.३ कविता**

| क.सं. | पुस्तक | प्रकाशनकाल |
|---|---|---|
| १ | बोक्सीको आव्हान र घोषणा | वि.सं.२०४० |
| २ | कवि, प्रेम र पागल (कविता सङग्रह) | वि.सं.२०५० |
| ३ | प्रयोगशाला भित्र (कविता सङग्रह) | वि.सं.२०५८ |
| ४ | इतरसमय (कविता सङग्रह) | वि.सं.२०६८ |

**२.२.६.४ खण्डकाव्य**

| क.सं. | पुस्तक | प्रकाशनकाल |
|---|---|---|
| १ | कुरुप मशिहा | वि.सं.२०५४ |
| २ | ज्यान माया | वि.सं.२०५६ |
| ३ | कापुरुष | वि.सं.२०५७ |
| ४ | मनभरि माटाभरि | वि.सं.२०६१ |

**२.२.६.५ नाटक**

| क.सं. | पुस्तक | प्रकाशनकाल |
|---|---|---|

| | | |
|---|---|---|
| १ | युद्धः उहीग्यास च्याम्बर भित्र | वि.सं.२०३७ |
| २ | इतिहास भित्रको इतिहास | वि.सं.२०४१ |
| ३ | इथर | वि.सं.२०४३ |
| ४ | निमावीय | वि.सं.२०५५ |
| ५ | शिरुमारुनी | वि.सं.२०६१ |
| ६ | शरणार्थीहरु | वि.सं.२०६३ |

## २.२ सरुभक्त श्रेष्ठका विधागत विविधता र औपन्यासिक यात्रा

### २.२.१ विधागत विविधता

सरुभक्त श्रेष्ठ नेपाली साहित्यका बहुचर्चित साहित्यकार हुन । यस संसारमा व्यक्तिको व्यक्तित्व जन्मन धेरै समय लाग्छ । श्रेष्ठले कविता, नाटक, कथा र उपन्यास विधाबाट ख्याति प्राप्त गरेको देखिन्छ ।

#### २.२.१.१ कवि रुपमा सरुभक्त श्रेष्ठ

सरुभक्त कविता साहित्यमा कविता र कवितासङग्रहहरु बोक्सीको आव्हान र घोषणा (२०४०), कवि, प्रेमी र पागल -कविता सङग्रह (२०५०), प्रयोगशाला भित्र कविता सङग्रह (२०५८), इतर समय (२०६८), धेरै कविता लेख्नु भएको छ ।

#### २.२.१.२ खण्डकाव्यकारका रुपमा सरुभक्त श्रेष्ठ

सरुभक्त श्रेष्ठ खण्डकाव्य कुरुपमसिहा (२०५४),ज्यानमाया (२०५६), कापुरुष (२०५७), मनभरि माटाभरि (२०६१), विधामा कमल चलाएका छन् ।

#### २.२.१.३ नाटककार रुपमा सरुभक्त श्रेष्ठ

सरुभक्त ६ वटा नाटक लेख्नु भएको छ ती हुन्, युद्ध : उहिग्यास च्याम्वर भित्र (२०३७), इतिहास भित्रको इतिहास (२०४१), इथर (२०४३), निमावीय (२०५५), शिरुमारुनी (२०६१), शरणार्थीहरु(२०६३) ।

### २.२.१.४ कथाकारका रुपमा सरुभक्त श्रेष्ठ

सरुभक्तले धेरै कथा सङग्रह लेख्नुभएको छ । उनका प्रकाशित कथा सङग्रहहरु यस प्रकार छन् । एक अविनवको आत्मकथा (२०४४), छोरी बहमाण्ड (२०४७), यामागल (२०५४), पदार्थहरुको गति (२०६३) अन्नपूर्ण पिथेकस (बाल) (२०६७), विरुपाक्ष र देश(लघु) (२०७१) ।

### २.२.१.५ उपन्यासकारका रुपमा सरुभक्त श्रेष्ठ

सरुभक्त श्रेष्ठ एक सक्रिय उपन्यासकारका रुपमा देखा परेका छन् । उनका औपचारिक साहित्ययात्रा

(२०३४) को एक दशकपछि उपन्यासका फाँटमा एक अविनवको आत्मकथा (२०४४) उपन्यास प्रकाशित गरि सार्वजनिक रुपमा देखा पर्छन् । त्यसपछि यिनले हालसम्म पागल–बस्ती (२०४८), तरुनी खेती (२०५३), समय त्रासदी (२०५८), चुली (२०६०) र अँध्यारो कोठा (२०६०) गरी ६ वटा उपन्यास प्रकाशित गरिसकेका छन् । सरुभक्तको औपन्यासिक यात्रा प्रकाशनका दृष्टिले ढेड दशक भन्दा केहि लामो देखिन्छ । उपन्यास लेखनले नै यिनलाई बढी चर्चामा ल्याएको पाइन्छ ।

सरुभक्तको पहिलो उपन्यास एक अविनवको आत्मकथाले यिनलाई खासै चर्चामा ल्याएको देखिन्न । यिनको दास्रो उपन्यास पागल–बस्तीले यिनलाई मदन पुरस्कार दिलाउनुका साथै बढी चर्चामा पनि ल्यायो । पागल बस्ती पछि प्रकाशित तरुनी खेतीले त्यति चर्चा पाउन नसके पनि समय त्रासदी र चुली उपन्यासले अखबारमा राम्रै चर्चा पाएको देखिन्छ । नेपाली उपन्यास परम्परामा सरुभक्त स्थापित नाम बनिसकेको छ । उनका उपन्यासहरुको अध्ययन पनि हुन थालेको देखिन्छ । नेपाली उपन्यासले अखवारमा

राम्रो चर्चा पाएको देखिन्छ । नेपाली उपन्यास परम्परामा सरुभक्त स्थापित नाम बनिसकेको छ । उनको उपन्यासहरुको अध्ययन पनि हुन थालेको देखिन्छ । यिनका उपन्यासका बारेमा अखबार मै बढी चर्चा भएको छ । औपन्यासिक सिद्धान्तको केन्द्रीयतामा उनका उपन्यासहरुको खास अध्ययन हुन सकेको देखिदैन् ।

## २.३ सरुभक्त श्रेष्ठको औपन्यासिक यात्रा

सरुभक्त श्रेष्ठ समाजमा एक नयाँ आयाम, नौलो प्रस्तुतीका प्रतिभाशाली भएका उपन्यासकारको रुपमा देखिन्छ । उहाँले लेख्नु भएको ६ वटा उपन्यासहरुलाई औपन्यासिक यात्रा अनुसार गरेका छन् । उनले लेखेका उपन्यासहरु एक अविनवको आत्मकथा, पागल–बस्ती, तरुनी खेती, समय त्रासदी, चुली, अँध्यारो कोठा इत्यादि हुन ।

### २.३.१ एक अविनवको आत्मकथा (२०४४)

यो उपन्यास सरुभक्त श्रेष्ठले (२०४४) सालमा प्रकाशित भएको उपन्यास हो । यसमा औपन्यासिक र विषयगत दुबै दुष्टिले उपन्यास नौलो सीपको अनुभति दिन र कथ्यको कलात्मक प्रस्तुति तथा उच्चतम कौशललाई सम्प्रेषित गर्न सक्षम छ भनिएको छ (प्रधान, २०४४ : छ–ढ) । यसमा उपन्यासको मुख्य पात्र यामा र अविनवका जोडा अवचेतन मनका उच्चतम आकाङकाहरुका प्रतीक हुन भनिएको छ । प्रस्तुत लेखमा सरुभक्तले केहि अतिरञ्जना, केहि यथार्थ घोलघाल गरेर मानवीय समस्यासंग सम्बन्धित प्रश्न उठाइदिएका छन् । उपन्यासमा वर्णित नवहिमयुग, अविनव र यामा समायोजन एक वैज्ञानिक स्वैरकल्पना हो भन्दै पुराकथात्मक परिवेश दिएर वैज्ञानिक रोमाञ्चक प्रदान गरेका छन् । यो उपन्यास पृ.८२ र १८ परिच्छेमा फैलिएको छ ।

### २.३.२ पागल–बस्ती (२०४८)

सरुभक्त श्रेष्ठको यो दोस्रो उपन्यास २०४८ सालमा प्रकाशित भएको हो । यो उपन्यास पृ.२४३ मा फैलिएको लेखन आरम्भ वि.सं. २०३९ सालमा भए पनि वैचारिक संकटका कारणले कृति पूर्णता छ वर्षसम्म लागेका छ । (सरुभक्त, २०४८ : सापेक्ष) यो आत्मकथा होइन, विचार कथा हो । मानवजातिको इतिहास, मानवीय अहंद्वारा निर्धारित हुन्छ भन्दै मानवीय अहंवादको व्यवस्थापनमा मानवको इतिहासमा भर पर्छ ।

### २.३.३ तरुनी खेती (२०५३)

सरुभक्त श्रेष्ठको तेस्रो उपन्यास (२०५३) सालमा प्रकाशित भएको यो अपन्यास पृ. १४२ परिच्छेद २२ मा फैलिएको छ । यो उपन्यास नारी समस्यामा आधारित हो । आकारका दृष्टिले यो लघु उपन्यास हो । मनौवैज्ञानिक तथा धार्मिक दृष्टिले महत्वपूर्ण उद्देश्य मानिएको सन्तान प्राप्ति नै मानवजीवनको मुख्य प्राप्ति हो र प्राप्ति बिना जीवन सार्थक बन्न सक्दैन भन्ने संसारले मानवजीवनलाई कसरी जकडे को छ । त्यसको अप्राप्तिमा जीवनले कसरी विकृत बाटो पनि रोज्न सक्छ भन्ने सार्वजनिक विषयलाई यस उपन्यासले कोट्याएको छ । (नेपाल र अधिकारी, २०५५ : २३९)

### २.३.४ समय त्रासदी (२०५८)

सरुभक्त श्रेष्ठको चौथो उपन्यास २०५८ सालमा प्रकाशित भएको उपन्यास पृ. २२६, परिच्छेद ४० मा फैलिएको छ । यसैमा पतनोन्मुख मानवीयताको त्रासद चित्रण गरिएको छ । यो माध्यम आकारको उपन्यास हो । नेपाली समाजमा बढ्दै गएको राजनैतिक प्रदूषणको तुलनात्मक गरेको छ । समकालीन समाज र नेपाली समाज समय त्रासदीमा चित्रित स्थिति सम्म नपुग्ला भन्न सक्दैन । पति पीडित पत्नीको अर्न्तद्वन्द्व असाध्यै मोहक पाराले प्रस्तुत गरिएको छ । मान्छेले मान्छेको मासु खाइरहेको दृश्यहरुको चित्रण अपत्यारिलो लागे पनि विद्यमान स्थितिलाई हेर्दा पत्यार गर्नुपर्न स्थिति छ । समयमै मुलुकलाई नजोगाउने हो भने समय त्रासदीको जस्तो त्रासद समाज देख्न भोग्न पर्ने स्थिति आउन सक्छ । (लुइटेल, २०५९:७)

### २.३.५ चुली (२०६०)

सरुभक्तको पाँचौ उपन्यास २०६० सालमा प्रकाशित भएको हो । यो उपन्यास पृ. ५२ मा लेखिएको लघु उपन्यास हो । यसमा सगरमथा आरोहीको अनुभव र भोगाइको कथा हो । हिमाल आरोहण विषयको ज्ञान, सगरमाथा आरोहीको रोमाञ्च अनुभव र उद्‌भुत भोगाइको संजीव वर्णन छ । (प्रधान,२०६०: ग–च)

### २.३.६ अँध्यारो कोठा (२०६०)

सरुभक्तको छैठौं उपन्यास २०६० सालमा प्रकाशित भएको हो । अँध्यारोकोठा उपन्यासको आकार र आयाम मध्यम खालको छ । (शर्मा, २०६२:२)

## २.४ उपन्यासकार सरुभक्तका मुलभूत प्रवृति र विशेषता

उपन्यासकार सरुभक्त श्रेष्ठको प्रकाशित भएको ६ वटा उपन्यासहरुको मार्मिक शब्दबाट उसको औपन्यासिक प्रवृत्तिहरुलाई केलाउन सकिन्छ । सरुभक्त श्रेष्ठ अस्तिवादी धाराका उपन्यासकार हुन । मानिसलाई नै प्रमुख ठानी उसैको सर्वस्वका प्रकाशनमा रुचि भएको छ । मानिसले आफूलाई चिनाउन वा आफ्ना लागि गर्नुपर्ने सबै काम आफैं गर्ने अर्थात् अरु कोहि सहयोगी पाउँदैन् भन्ने मान्यता पाएको छ । मानिसका साथमा एकलोपन, चिन्ता, भय, मृत्यु जस्ता कुरा सधैं अभिव्यक्तिमा अन्तर्मुखीपन, परम्परागत मूल्य प्रदर्शन, काव्यात्मक भाषाको प्रयोगमा रुची चाहना राख्ने मानवीय प्रकृतिको प्रस्तुतीकरण हो । वेदनाका बीचमा पनि स्वतन्त्रता हो नारी अस्मिताको पक्षमा वकालत गरेको पाइन्छ । कुरापनि नरहेको भनाइ छ । झिनो कथानकको प्रयोग हो । विश्वशान्ति र विश्वमानवताको विकासमा प्रकटीकरण हो । जटिल भाषाशैली र पात्र जीवनका पक्षमा वकालत गरेको पाइन्छ ।

उपन्यासकार सरुभक्त श्रेष्ठका औपन्यासिक विशेषता र प्रवृतिहरु यस प्रकार छन् ।

नेपाली उपन्यासको २०३४ सालमा यात्रा सुरु गर्ने एक दशकपछि उपन्यास एक अविनवको आत्यकथा (२०४४) उपन्यास प्रकाशित गरी सार्वजनिक रुपमा देखा पर्छन । त्यसपछि हालसम्म पागल–बस्ती(२०४८) तरुनी खेती(२०५३), समय त्रासदी (२०५८), चुली(२०६०) र अँध्यारो कोठा(२०६०) गरी ६ वटा उपन्यास प्रकाशित गरिसकेको छ ।

यिनका सबैउपन्यासमा प्रवृति र विशेषता मिल्दो जुल्दो नै देखिन्छ ।

- कथानकको स्रोत स्वैरकाल्पनिक छ ।
- द्वन्द्वको प्रयोगका दृष्टिले महत्वपूर्ण छ ।
- चरित्र प्रधान उपन्यास हो ।
- परिवेश चित्रणका दृष्टिले महत्वपूर्ण छ ।
- उद्देश्य यथार्थको प्रस्तुतीकरण हो ।
- विचारधाराको प्रस्तुति सार्विक छ ।
- वादका आधारमा आंशिक रुपमा अस्तित्ववादी छ ।
- शून्यवादका सैद्धान्तिक स्थापना छ ।

## २.५ सरुभक्तको योगदान तथा मूल्यांकन

सरुभक्तको पहिलो उपन्यास एक अविनवको आत्मकथाले यिनलाई खासै चर्चामा ल्याएको देखिन्न । यिनको दोस्रो उपन्यास पागल–बस्तीले यिनलाई मदन पुरस्कार दिलाउनुका साथै बढी चर्चामा पनि ल्यायो । पागल–बस्ती पछि प्रकाशित तरुनी खेतीले त्यति चर्चा पाउन नसके पनि समय त्रासदी र चुली उपन्यासले अखबारमा राम्रै चर्चा पाएको देखिन्छ ।

## २.६ निष्कर्ष

वि.सं. २०१२ सालमा जन्मेका सरुभक्त श्रेष्ठ नेपाली साहित्यका फाँटमा आफनो छिटै स्थान साहित्य साधन हुन् । उनको साहित्य साधन कविता, कथा, नाटक, उपन्यास जस्ता विभिन्न विधामा विस्तारित छ । तीन दर्जन साहित्यक कृति प्रकाशित गरिसकेका सरुभक्तका फुटकार रचनाहरु पनि प्रकाशित छन् । उनले परम्परागत दर्शन, शिक्षा, रीतिथिति, अर्थव्यवस्थाको आलोचना गरी अंह केन्द्रित शून्यवादको घोषणा पात्र पनि प्रस्तुत गरेका छन् । साहित्यका विविध विद्यामा योगदान धेरै नै चर्चामा ल्याएको छ । उहाँ अस्तित्ववादी उपन्यासकारका रुपमा रहेको छ ।

# तेस्रो परिच्छेद

## उपन्यासको सैद्धान्तिक परिचय

### ३.१ उपन्यासको परिचय

साहित्यका विभिन्न विधामध्ये उपन्यास एक नवीनतम गद्य विधा हो । उपन्यास शब्दको व्यत्पत्ति गर्दा उप+नि+अस् (अ) हुन्छ । जसमा 'उप' को अर्थ नजिक र 'न्यास ' (नि+अस+धञ्) को अर्थ राखिएको वस्तु भन्ने हुन्छ । यसरी यी दुई भाषिक एकाईबाट बनेको उपन्यास शब्दले मानवको नजिक भएको वस्तु भन्ने बुझिन्छ । यथार्थमा उपन्यास भनेको मानिसका जीवनको धेरै समीप रहेका रचना हो ।

उपन्यास शब्द अंग्रेजी भाषाको Novel बाट भएको हो । यो इटालेलीको नयाँ अर्थ बोधक शब्द Novella बाट बनेको हुन्छ । यस विधाको उत्पत्ति र प्रवर्तन इटालीबाटै भएको पाइन्छ । उपन्यासलाई साहित्यिक विविध विधा मध्ये सबैभन्दा लोकप्रिय विधा मानिन्छ । पहिले महत्वपूर्ण मानिएको महाकाव्यको स्थान र महत्व अहिले उपन्यासले लिएको छ । यसै कारणले यसलाई गद्यमा लेखिएको महाकाव्य पनि भनिन्छ ।

उपन्यास शब्द वाङमयका प्राचीन कालदेखि नै विभिन्न, अर्थमा प्रयोग हुँदै आएको पाइन्छ । विभिन्न शब्दकोश, साहित्यिककोषले उपन्यास शब्दको लागि अर्थ आर्जन गर्नु प्राप्ति घटनाको उल्लेख सूचना सन्देश राख्नु,उदघोष गर्नु, धरोहर, सुझाव प्रस्ताव बक्तव्य, भुमिका शिक्षामा उल्लेख (म्याकडोल, १९२९:५३) काल्पिनिक आख्यायिकका ( दास तथा अन्य, सम्पा २०२३:६०५) काल्पिनिक तथा लामो कहानी भनेर अर्थ्याएका छन् । त्यस्तै अमरकोषमा उपन्यासलाई वा»मयका रुपमा प्रयोग गरिएको छ ।

काव्यालङकारका विन्यास तथा स्थापना काव्यदर्पणमा स्थापना वा ज्ञापन महाकाव्यमा कथन, किँरात जर्गीयमा उदाहरण र अभिज्ञान शाकुन्तलममा कल्पिनिक कथनको अर्थमा प्रयोग गरिएको छ । औपन्यासिक प्रयोगका दृष्टिले आधुनिक उपन्यासका शास्त्रीय रुपमा प्रतिष्ठापन नभन्जेलसम्म पूर्वीय साहित्यमा उपन्यास एक प्रकारको घटना

र विषयवस्तु नियोजन भएको अनुभव हुन्छ । (कृष्ण चन्द्र सिहं प्रधान, २०४०) दया प्रकाशन दार्जिलिङ्ग नेपाली उपन्यास परम्परा र पृष्ठभूमि ।

## ३.२ उपन्यासको परिभाषा

आजसम्म आइपुग्दा विभिन्न विद्वानहरुले उपन्यासका आ-आफना परिभाषाहरु प्रस्तुत गरेका पाइन्छ। ती प्रमुख परिभाषाहरु मध्ये केहि परिभाषाहरु यस प्रकारका छन्।

१. हामीले संकेत गरेजस्तै उपन्यास काल्पनिक अख्यान हो । यसले कान्पनिक चरित्रहरुले स्थितिको वर्णन गर्छ। (हर्थोन, १९९३:१)

२. उपन्यास जीवन र जगतप्रति नै एक विहङगम दृष्टि हो । जसलाई बुझाउने,केलाउने र चित्रण गर्ने प्रयत्न अत्यन्त यर्थाथिक हुन्छ। प्रधानः३-४)

३. उपन्यास गद्यमा लेखिएको त्यो विधा हो,जसमा मानव जीवनको विस्तृत पक्ष र सम्वद्ध परिवेशको प्रस्तुति हुन्छ। थापा, २०४८:१२२)

४. म उपन्यासलाई मानव चरित्रको चित्र मात्र सम्झन्छु। मानव चरित्रमाथि प्रकाश पार्नु अनि त्यसको रहस्यलाई खोतल्नु नै उपन्यासको मुल तत्व हो । (प्रेमचन्द्र, १९३९:४७)

५. "उपन्यासको अस्तित्वको एउटै कारण के छ भने यसले जीवनको प्रतिनिधित्वको प्रयास गर्छ।" (जेम्स १९५७:२५)।

६. "उपन्यास नारी तथा पुरुषको अर्न्त,जीवनको विस्तार पूर्वक वयान गरिएको गद्याखान भनेर चिनिन्छ।"(इन्साइक्लोपेडिया इन्टरनेशनल, भाग १३१९६४:९९४)।

७. "उपन्यास धेरै अध्ययन वा खण्डहरुमा लेखिने लामो साहित्यक कथा हो।"(शर्मा, २०१९:१५२)।

८. "मानिसको व्यक्तित्व बाहिरी रुप भन्दा कुनै काम गर्ने अर्को कारण त्यसको स्थिति, उसको मनोरचना र त्यसबाट उत्पन्न हुने प्रभाव तथा जीवनका उत्थान तथा

पतनहरुको विषय आधारभूत रुपमा रहेको उपन्यासलाई मनोवैज्ञानिक वा मनोविश्लेषणात्मक उपन्यास भनिन्छ” (न्यौपाने, २०४९:२३५) ।

९. “पूर्वापर तारतम्यमा सुसम्वद्ध गरेर लेखिएका अख्यानात्मक रचनालाई उपन्यास भनिन्छ ।” (सुवेदी, २०५३:८ ) ।

उपर्युक्त परिभाषालाई हेर्दा पूर्वीय साहित्यमा उपन्यासको शब्दिक र आर्थिक एक रुपता नभएको देखिन्छ । पहिलेको औपन्यासिक अर्थले अहिलेको उपन्यासलाई समेट्न सकेको छैन् ।

## ३.३ उपन्यासका तत्वहरु

उपन्यास निर्माण गर्नका लागि आवश्यक पर्ने औपन्यासिक तत्वहरुबाट नै उपन्यासको निर्माण हुन्छ । उपन्यास निर्माणका लागि निर्धारित आधारहरु प्रयोग भएन भन्ने अलग्गै विधागत रुप उद्देश्य तथा प्रभाव दिन सक्दैन् । उपन्यास निर्माण गर्ने परम्परागत मान्यताबाट हाल आधुनिक मान्यता निर्माण भएको पाइन्छ । आधुनिक मान्यता अनुसार निम्न तत्वहरुको संक्षिप्त वर्णन यहाँ गरिएको छ ।

### ३.३.१ विषयवस्तु (कथावस्तु)

उपन्यसमा विषयवस्तु भन्नाले घटेको घटनाहरुको श्रृङ्खलाबद्ध साधन हुन । कुनै पनि विषयवस्तुले उपन्यासको ढाँचा निर्माण गर्न प्राथमिक तत्वको काम गर्दछ । (वराल, नेत्र एटम्,पूर्ववत् पृं २२) घटनाहरुलाई परस्पर उमेर संम्बन्ध जोडने र सुसंगठीत गर्ने काम विषयवस्तुको कल्पना जस्ता विषेशता रहेको हुन्छन् । विषयवस्तुले उपन्यासलाई प्रारम्भिक तहबाट क्रमशः अन्तिम चरणतिर लाग्ने गर्दछ । विषयवस्तु निर्माणका लागि सामाजिक, ऐतिहासिक, अनुभाव, मिथक स्वैरकल्पनामा आदि श्रोत लिन सकिन्छ । विषयवस्तुमा निर्माणका लागि समायोजन भई भरिपूर्ण विषयवस्तुमा अंग,उपअंगहरु समायोजन भई भरिपूर्ण अवस्थामा रहेको विषयवस्तुमा, आरम्भ, सङ्घर्ष विकास उत्कर्ष,उत्कर्षहाँस र उपसंहार गरी पाँच चरण हुन सक्द छन् । त्यस्तै गरी

विषयवस्तुलाई आदि , मध्य र अन्त्यलाई जोडने सरल रेखाको ढाँचा अँगालिएको छ भने त्यसलाई रैखिक ढाँचा भनिन्छ भने कथानकलाई पूर्वदीप्ति शैलीमा घुमाएर विचलन ल्याइन्छ त्यसलाई वृकारीय ढाँचा भनिन्छ । (वराल र एटम् पृ.२७) सुव्वस्थित, सरल र संयुक्त सुखान्त र दुखान्त, व्यांग्यात्मक र रागात्मक गरी धेरै प्रकारका हुन्छन् । (वाराल र एटम् पृ.३० )

### ३.३.२ चरित्र वा पात्र

उपन्यासमा भएका विविध उपकरणहरु मध्ये चरित्र पनि एक मानिन्छ । उपन्यासमा रहेर कुनै विशेषता बुझाउन व्यवस्थित रुपले प्रयोग गरिएको मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र मानिन्छ । उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिने महत्वपूर्ण जिम्मेवारी पात्रमा हुन्छ । त्यसै गरी पात्रमा नै स्रष्टा बढी निर्भर रहेका हुन्छ । उपन्यासमा भएका चरित्रहरु जीवनका विभिन्न सन्दर्भहरु वाट टिपीने हुँदा तिनमा पनि विभिन्नता आरोपण गरिएको पाइन्छ । कथानक, परिवेश र वातावरणको फरकपनले गर्दा पात्रका गुणहरु बद्लिन पाइन्छ ।

चरित्रलाई विभिन्न प्रकारमा विभाजन  गरिएको पाइन्छ ।

- गतिशिल र गतिहीन
- यथार्थ र आर्दश
- अन्तर्मुखी र बर्हिमुखी
- गोला र च्याप्टाद
- सार्वभौम र आञ्चलिक
- पारम्परिक र मौलिक

यस वाहेक चरित्र चित्रणलाई विभिन्न आधारमा पनि निर्धारण गर्न सकिन्छ ।

- लिङ्गका आधारमा
- स्वभावका आधारमा

- जीवन चेतनाका आधारमा
- असामानताको आधारमा
- आवद्धताका आधारमा

मानव जीवनको व्यापक भाव उतार्ने मूल तत्व नै चरित्र हो । समाजको समाजिक संरचनाको चित्र पनि चरित्रले नै उतारने गर्दछ । इतिहास र समाज, प्राप्त र देशान्तर, प्रवृति र पुस्ता, जाति र सभ्यता परिस्थिति अनुसार चरित्रकै माध्यमबाट प्रकट हुने गर्दछ । व्यक्तिमा रहेको अन्तर र बाह्य दुवै संरचन चरित्रकै माध्यमबाट प्रकट हुने तत्व हो । व्यक्तिको चरित्र वाह्य रुपमा प्रकट हुँदा सामाजिक तत्वमा रुपान्तरित हुन्छ र व्यक्ति अन्तरिक्षमा संकुचित हुँदा उसको चरित्र मनोविरानमा रुपान्तरिक हुन्छ । अ-आफनो प्रकृतिक र भौगोलिक प्रभावबाट निर्मित हन्छन् र तिनमा रहेको क्रियात्मक अभिव्यक्ति नै चरित्र भएर देखा पदर्छ । यी विविधताका कारणबाट नै मान्छे–मान्छेमा व्यक्तिकताले मान्छेमा मौलिकता प्रदान गर्दछ । त्यसैले चरित्र भन्नाले उपन्यासमा कुनै पनि परिवेश, वातावरण, संस्कृति र परम्पराबाट टिपिएको मानविय वा मानवेत्तर साधनले नै सवल समाजको, वर्णको परिवेश लादिको विशेषता बोकेर प्रतिनिधित्व गरेको पाइन्छ । उपन्यासमा प्रकट भएको चरित्र कै माध्यमबाट समाजमा प्रत्यक्ष वा परोक्ष राम्रा नराम्रा असरहरु पर्न गएका हुन्छन् । तिनै चरित्रबाट नि:सृत विचारहरुको सहयोगमा उपन्यासकारहरु उपन्यासको निर्माण गर्दछ । उपन्यासका पात्रहरुलाई लिंङ्ग, कार्य, प्रवृति, स्वभाव, जीवनचेतना आदिका आधारमा वर्गीकरण गर्न सकिन्छ । गतिशील, गतिहीन, यथार्थ, आदर्श, अन्तर्मुखी, बहिर्मुखी आदि चरित्र भएका पात्रहरु पनि पाइन्छ ।

### **३.३.३ वातावरण (देश, कालपरिस्थिति)**

कुनै पनि काम गर्नका लागि उपयुक्त मानिएको स्थल उपन्यासको कार्य पीठिका हो । यही कार्य पीठिका प्रभावित पार्ने काम परिवेशले गर्दछ । कस्तो वातावरण रहँदा कस्तो भावना प्रकट गर्नु पर्ला वा नपर्ला त्यस कुरामा पात्रहरु धेरै नै सचेत रहनु पर्दछ । साहित्य समाजको दर्पण भएको हुनाले उपन्यासमा परिवेश थपिन भने उपन्यासमा खास

गरि सामाजिक समस्या र व्यक्तिका जीवनमा विभिन्न पक्षको विस्तृत अध्ययन हुनाले त्यसमा जीवनको विचित्रता र समस्याहरु यथातथ्य वर्णन मात्र नभएर तीनिहरुको जीवन प्रति उपन्यासकारको कुनै विशिष्ठ दृष्टिकोणलाई नै प्रकट गरि रहेको हुन्छन् । (थापा, साहित्य पृ. १४०-१५०) स्रष्टा आफूले भोगेका,भ्र्Mेलेका,बुझेका कुराहरुवाट प्रभावित भई पाठक वा सबैका हितमा हुने मार्ग दशर्न नै विचार वा उद्देश्यको रुपमा बुझ्न सकिन्छ ।

### ३.३.४ प्रतीक र बिम्ब विधान

उपन्यासलाई सिगार्न कलात्मक आधार भनेकै बिम्ब र प्रतीक हुन । प्रतीक भनेको सोझो अर्थ नबुझाएर त्यस भन्दा निकै परेको अर्थ बुझ्ाउँदछ भन्ने त्यसतो घटना वा वस्तुलाई प्रतीक भनिन्छ । उपन्यास आफैमा पनि एक भाषिक प्रतीक हो । जसमा विभिन्न घटनाहरु वस्तु तत्व प्रतीकका रुपमा व्यक्त भएका छन् ।

बिम्ब भनेको कुनै पनि वस्तुको मस्तिष्कमा पर्ने छायाँले उपन्यासमा यस्तो छायाँ बनाउने माध्यम भाषा हुन् । शब्दको माध्यमाबाट पाठकका मस्तिष्कमा पारि दने प्रभावलाई बिम्ब विधान भनिन्छ । बिम्बले भाषा र कथ्यलाई एकाकार पार्दछ । त्यसैले प्रतिक र बिम्ब विधान उपन्यासका लागि आवश्यक हुन्छ । यसरी उपन्यासका आवश्यक उपकरणहरुकार आधारमा औपचारिक कृतिको रचना गर्न सकिन्छ ।

### ३.३.५ दृष्टिविन्दु

लेखकले उपन्यासमा कुन स्थानमा रहेर कसको कथा भनिरहेको छन् भन्ने कुरा दृष्टिविन्दुले जनाउँछ । दृष्टिविन्दु बाह्य वा तृतीय पुरुष र आन्तरिक वा प्रथमपुरुष गरी दुई प्रकारका हुन्छन् । बाह्य दृष्टिविन्दुमा कथयिता नै सम्पूर्ण कुराको नाता हुन्छ विभिन्न पात्रका माध्यमबाट कथाबस्तु प्रस्तुत भएको हुन्छ भने आन्तरिक दृष्टिविन्दु कथयिताले घटना र पात्रको वर्णन गर्छ (म) आफूलाई पनि उपन्यास भित्र संलग्न गर्छ । (डा.हिमाशु थापा पूर्ववत पृ.१४४) दृष्टिविन्दुलाई पनि एक महत्वपूर्ण औपन्यासिक तत्व भनिन्छ ।

### ३.३.६ उद्देश्य

उपन्यासको प्रयोजनले नै उद्देश्य हो ।(शर्मा २०५५:४१०) बिना प्रयोजनले उपन्यास लेखिदैन् । उपन्यासकारले आफनो कृतिद्वारा पाठक सामु कुनै सन्देश दिन, विचार प्रस्तुत गर्न वा जीवन दर्शन व्यत्त गर्न खोजेको हुन्छ । उपन्यासको मुल प्रति घाटा रचीयाता को कृतिगत जीवन दर्शन नै हो । त्यसैलाई उपन्यासको उद्देशय भनिन्छ । (कैलास, प्रकाशन १९६२:३६ )

उपन्यासकारले कथा वर्णन र चरित्र चित्रण आदिका माध्यमबाट आफनो अवस्था, मान्याता र जीवन जगत प्रति दृष्टिकोण प्रस्तुत गरेको हुन्छ । समग्र उपन्यासबाट प्रकट हुने लेखकको दृष्टिकोण वा विचार नै उद्देश्य हो भन्न सकिन्छ । अचेल उपन्यासको मुख्य उद्देश्य जीवनमा कुनै विषेश दशाको चित्रण तथा समसमायिक यथार्थ उद्घाटन गरेको पाइन्छ ।

### ३.३.७ द्वन्द्व

उपन्यास रचना गर्दा कथा वस्तुसंग जोडिएर पात्रहरु विच वैचारिक उतारचढावलाई द्वन्द्व वा संघर्ष भनिन्छ । द्वन्द्वलाई पनि विभिन्न प्रकारमा विभक्त गर्न सकिन्छ । मान्छेका वह्यमा आइपर्ने विभिन्न विसंगतिका कारण दुबैमा बैमन्स्याता जन्माउने द्वन्द्व र मान्छेको आफैँ भित्र देखापर्ने तनावयुक्त द्वन्द्व आदिलाई बुझिन्छ । यसरी पात्रहरुमा विभिन्न कारणले द्वन्द्व हुने गर्दछ ।

### ३.३.८ संवाद वा कथोपकथन

पात्र वा पात्रका चरित्र बीच अर्न्तवार्ताको आदान प्रदान लाई नै संवाद र कथोपकथन भनिन्छ । पात्रका आन्तरिक वा वह्य जगत्का जटिल, कुण्ठा, वितृष्ण, आर्कषण र उत्साहका प्रसंगहरु उपन्यासका पात्रहरुको संवादबाट व्यक्त हुदै जान्छ । पात्र अनुसारका संवाद र आत्मसलाप मनस्संघाट अर्न्तमुखी प्रवितिका मूल्यहरु पनि कथोपकथन कै माध्यमबाट व्यक्त हुन्छ । कथोपकथनको प्रमुखकार्य औपन्यासिक चरित्रको चित्रण गर्नु घटनाहरुलाई नाटकीकरण गरेर अगाडि वढाउनु पर्छ । (थापा...) कथोपकथन

एक नाटकीय तत्व हो । नाटकमा अभिनयद्वारा देखाइने कुरालाई उपन्यासमा संवादद्वारा चित्रित गरिन्छ भन्ने कथा सर्वथा सत्य हुन्छ (सुवेदी पृ.१८) संवादकै माध्यम बाट पाठकलाई कौतुहलता रोचकताको भाव उत्पन्न गराउछ । अतः संवाद उपन्यासमा नभई नहुने प्रमुख औजार मानिन्छ ।

### ३.३.९ कौतुहलता

पाठकहरुमा भावना, जिज्ञासा, जगाई राख्न मूल र गौण प्रसंगहरुलाई मूल कथासंग जोडेर पढने अभिरुचि पाठकमा जोगाई राख्न मद्दत गर्ने तत्वको नाम नै कौतुहलता हो । 'हत्तेरी यस्तो पो, अनि के भयो त ? आम्मै नि, अनि के भयो होला' । भन्ने कुराको तरंग जगाईराख्ने सकने तत्वको निरन्तर सन्निबेशले नै उपन्यासलाई जीवन्त बनाउँछ (सुवेदी पृ.२६) । उपन्यासको आकृति ठुलो छ । त्यसमा मूल घटनाहरुको साथसाथै सहायक घटनाहरु पनि समावेश रहेको पाइन्छ । पाठकलाई यसपछि के भयो होला भन्ने किन, कहाँ, कसरी, भन्ने किसिमको जिज्ञासाले सम्बन्धित विषयमा मात्र पाठकले स्पष्ट विषयवस्तुको बारे बुझ्न सक्छ । तसर्थ उपन्यासमा कौतुहलता हुनु आवश्यक छ ।

## ३.४ उपन्यासको वर्गीकरण

उपन्यासलाई विभिन्न प्रकारमा बाँडिएको पाइन्छ । तत्वगत परिणामको घटीबढी विषयवस्तुको भिन्नता, शैलीगत भिन्नता एवं लेखकीय चिन्तन र दर्शनले गर्दा उपन्यास विभिन्न प्रकारका हुन जान्छन् । उपन्यासलाई विभिन्न आधारमा तल वर्गीकरण गरिएको पाइन्छ ।

### ३.४.१ विषयवस्तुका आधारमा

साहित्यिक उपन्यास जुन उपन्यासमा रहस्य, रोमान्स, चमत्कार साहित्यिक यात्रा, तिलस्मीपन एंव ऐयारी प्रवृति भएको उपन्यास साहसिक उपन्यास हो । नेपालीमा

गिरीशबल्लभ जोशीको 'विरचरित्र' साहसिक उपन्यास हो । (बराल तथा एटम् २०५६:५०) ।

### ३.४.१.१ ऐतिहासिक उपन्यास :

ऐतिहासिक पृष्टिभुमि बोकेको उपन्यास ऐतिहासिक उपन्यास हो ।( वराल तथा एटम् २०५६:५०) राणाको बसन्ती, सेतो वाघ , सत्प्रयास ऐतिहासिक उपन्यास हुन (न्यौपाने २०५६:५०) ।

### ३.४.१.२ सामाजिक उपन्यास :

सामाजिक परम्परा, रितीथिति चालचलन, समस्या आदि प्रस्तुत गरिएका, तिनीहरुको व्याख्या, विश्लेषण गरिएको उपन्यास सामाजिक उपन्यास हो । ( न्यौपाने२०४९:२३२)रुद्रराज पाण्डेको रुपमती लैनसिहं बाङ्देलको 'मुलुक' बाहिर आदि ।

### ३.४.१.३ मनोवैज्ञानिक उपन्यास :

पात्रका इच्छा, विचार, भावना एवं मनोदाशाको उदघाटन गरिएको उपन्यास मनोवैज्ञानिक उपन्यास हो । ( न्यौपाने,२०४९:२३६) पल्लो घरको झ्याल,अनुराधा आदि ।

### ३.४.१.४ राजनैतिक उपन्यास :

देशको राजनैतिक अवस्थाको चित्रण गरिएको उपन्यास राजनैतिक उपन्यास हो । ( उपाध्याय, २०४४:१७८) विद्रोह, शान्ति आदि ।

### ३.४.१.५ आञ्चलिक उपन्यास :

भौगोलिक, क्षेत्रीय, सामाजिक, राजनैतिक, आर्थिक, सांस्कृतिक आदि विशिष्टताहरुलाई प्रष्ट्याउने आञ्चलिक उपन्यास हो । (सुवेदी, २०५६:१३) खैरेनी घाट, घामका पाइला आादि ।

### ३.४.१.६ वैचारिक उपन्यास :

कुनै गम्भीर चिन्तन, दर्शन वा विचार प्रस्तुत गर्ने उद्देश्य लेखिएको उपन्यास वैचारिक उपन्यास हो । एक चिहान, आशमाया आदि ।

### ३.४.१.७ विज्ञान उपन्यास :

विज्ञानको अनुसन्धानमूलक कल्पनालाई आधार बनाएर रचना गरिएको उपन्यास विज्ञान उपन्यास हो । (कैलाश प्रसाद, १९६२:४५) कलान्तरमा फेरी आदि ।

### ३.४.१.८ जीवनीमूलक उपन्यास

ख्यातिप्राप्त व्यक्तिको जीवनलाई प्रतिपाध विषय बनाएर रचना गरेर उपन्यास जीवनीमूलक उपन्यास हो । (रेम्ब्रान्ट आदि) ।

### ३.४.१.९ मिथक उपन्यास

पुराण, दन्त्य कथा एवं अन्य जनश्रुतिमा पाइने कथाहरु मिथक उपन्यास हुन् । मोदी आइन, द्वन्द्वको अवसान आदि ।

### ३.४.१.१० जासुसी उपन्यास

हत्या, अपराधको खोजगरी त्यसलाई दण्डदिनु जस्ता विषयवस्तु बनाएर लेखिएको उपन्यास जासुसी उपन्यास हो । ( वर्मा या अन्य सम्पा. १९८५:१२९) मेजरको सर्व, नक्कली औँठी आदि ।

## ३.४.२ कथानकका आधारमा :

### ३.४.२.१ घटना प्रधान उपन्यास

साहासिक र हिंसात्मक कार्यहरुको रोमाञ्चकारी वर्णनले एक प्रकारको उत्तेजनात्मक वातावरण रहन्छ भने त्यसलाई घटना प्रधान उपन्यास भनिन्छ ( उपाध्याय, २०४४:१०४) वीरचरित्र आदि ।

### ३.४.२.२ चरित्र प्रधान उपन्यास

घटनाहरुको संगठन भन्दा चरित्रको स्थान महत्वपूर्ण हुने उपन्यास चरित्र प्रधान उपन्यास हो (पल्लो घरको झ्याल, अनुराधा आदि ) ।

### ३.४.२.३ चित्रात्मक वा मिश्रित उपन्यास :

घटना वा पात्र दुवैलाई उतिकै महत्व दिइएको उपन्यास चित्रात्मक वा मिश्रित उपन्यास हो । मन, रने यस प्रकारको उपन्यास हुन (उपाध्याय, २०४४:१७६) ।

### ३.४.३ शैलीका आधारमा

### ३.४.३.१ वर्णात्मक उपन्यास

लेखक इतिहासमा आफूले देखे सुनेका कुरा बर्णन गर्दै जान्छ ।(उपाध्याय, २०४४:१७३ ) भ्रमर, मुलुक बाहिर आदि ।

### ३.४.३.२ आत्मकथात्मक उपन्यास :

पात्रले आत्मजीवनमा झै आफनो कथा स्वयम् प्रथम पुरुष भन्दै गएका हुन्छ । ( उपाध्याय, २०४४ : १०३-१७४) अनुराधा, शिरीषको फूल आदि पत्रात्मक उपन्यासमा पात्रहरुको आदान प्रदानका माध्यमले कथानकको विकास गरिन्छ ( उपाध्याय, २०४४-१७४) पहिरो जाने पहाड आदि ।

### ३.४.३.३ डायरी उपन्यास

पात्रहरुको जीवनमा आइपरेका संयोग, उनिहरुको दिनचर्या आदि रोजना तथा डायरीमा लेख्दै जानु र चरित्र बारे हेर्दै जानु डायरी उपन्यास हो । ( न्यौपाने, २०४९:२२८) ।

### ३.४.४ विचारधाराका आधारमा :

#### ३.४.४.१ आर्दशवादी उपन्यास :

मान्छेलाई असल मार्गमा ल्याउने आत्मविश्वास र संकलपद्वारा लक्ष्यमा व्यक्त हुने जस्ता दृष्टिकोण प्रस्तुत गरिएको हुन्छ । भने त्यस्ता उपन्यास आर्दशवादी उपन्यसा हो ( न्यौपाने,२०४९:२२९) जस्तै रुपमती ।

#### ३.४.४.२ यथार्थवादी उपन्यास :

जीवनलाई जस्ताको प्रस्तुत गर्नु यथार्थवादी उपन्यास हो । (न्यौपाने, २०४९:२३०) मुलुकवाहिर, उलार आदि ।

#### ३.४.४.३ प्रगतिवादी उपन्यास

हरेक क्षेत्रसम्म समानता वर्गविहीन जस्ता मार्क्सवादका आधारभूत सिद्धान्त प्रस्तुत गर्छ भन्ने त्यसलाई प्रगतिवादी उपन्यास भनिन्छ । ( न्यौपाने २०४९: २३०) एक चिहान, आशमाया आदि ।

#### ३.४.४.४ अस्तित्ववादी उपन्यास

यस संसारमा आइसके पछि आफनो संसारमा आफै निर्णय गनुपर्छ भन्ने मान्यता राख्ने अस्तित्ववादमा आधारित उपन्यास अस्तित्ववादी उपन्यास हुन । (न्यौपाने, २०४९:२३१) तीन घुम्ती, शिरीषको फूल आदि ।

#### ३.४.४.५ अतियथार्थवादी उपन्यास

मानिसको मनस्थितिको सूक्ष्म विशलेषण गरी मानवको विवेक भन्दा सपना तन्द्रा आदि अर्द्धचेतनको अवस्थालाई बढी महत्व दिने उपन्यास अतियथार्थवादि उपन्यास हो । लङ्गडाको साथी आदि ।

### ३.४.४.६ प्रकृतवादी उपन्यास

मानिसमा भएको आदिम वा नैसर्गिक स्वभाव जनावरको जस्तो जंगली हुन्छ र जुन रुपमा जन्मन्छ त्यहि रुपमा नांगो रुप नै उसको वास्तिविक रुप हो भन्ने मान्याता राख्ने उपन्यास प्रकृतवादी उपन्यास हो । पाइप नं. २ आदि ( वराल एटम् २०५६:६०)

### ३.५ उपन्यसाको अन्य विधासंग सम्बन्ध

उपन्यासका वाङमयका दुई भेद (ललित कला र उपयोगी कला ) मध्ये ललितकला, चत्रिकला, मूर्तिकला, वस्तुकला साहित्य अन्तर्गत साहित्य (कथा, उपन्यास, निबन्ध, नाटक, एकाङ्की, काव्य) को एउटा अख्यानात्मक विधा हो । उपन्यासको अन्य विधासंग के सम्बन्ध रहेको छ भन्ने चर्चा यहाँ गर्न सकिन्छ । सम्बन्ध निर्माण क्रममा यहाँ दुई विधाको बीच समानता देखाउन सकिन्छ । यहाँ उपन्यास विधासंग कथा, निबन्ध आत्मकथा, नाटक, महाकाव्य विधाको सम्बन्ध बारे चर्चा गरिएको छ ।

### ३.५.१ कथा र उपन्यास

कथा र उपन्यास दुवै गद्य विधामा लेखिने अख्यानात्मक कृति हुन कृतिपरक तत्वहरुमा समान हुन्छ । दुवै साहित्यका श्रव्य, पाठक विधा हुन । दुवै बीच रहेका समानता यसरी देखाउन सकिन्छ । यी दुवै बीच भएका समानताहरु यस प्रकारका छन् ।

उपन्यास र कथा दुवै साहित्यका पाठ्य विधा हुन्, दुबै गद्यमा लेखिन्छ, यसमा अख्यानतत्व रहेको हुन्छ, दुवैमा घटना, पात्र, वातावरण आदिको महत्वपूर्ण हुन्छन्, दुबै विधा पाश्चात्य साहित्यबाट नेपाली साहित्यमा आएका हुन् । दुबै विधमा कथायिताको उपस्थित अनिवार्य हुन्छ र दुवै वर्णनात्मक शैलीमा लेखिन्छ ।

### ३.५.२ उपन्यास र निबन्ध

उपन्यास र निबन्ध दुबै गध विधा हुन । यि दुवै विधा बीच निम्न अनुसार समानता पाइन्छ । उपन्यास र निबन्ध दुबै गधमा लेखिन्छ, दुबै श्रव्य विधा हुन, दुबैको गठन स्थल र प्रस्तुती अप्रत्यक्ष हुन्छ । यसरी दुबै विधा बीच समानता रहेको कुरा व्यक्त गर्न सकिन्छ ।

### ३.५.३ उपन्यास र आत्मकथा :

लेखकले आफ्नो जीवनसंग सम्बन्धित वर्णन गर्नु नै आत्मकथा हो । आत्मकथाद्वारा विगतका कामको पुनरावलोकन गर्नुका साथै एउटा व्यापक परिवेशनमा आफ्नो जीवनको महत्व देखाउन सकिन्छ । अर्को शब्दमा भन्ने हो भने कुनै पनि व्यक्तिले स्वयम आफ्नो विषयमा लेखेको जीवनीनै आत्मकथा हो । आत्मकथा उपन्यासको दुई उद्देश्य हुन सक्छ पहिलो उद्देश्य आत्मनिर्माण, आत्मपरिक्षण वा आत्मसर्मथण र तिनको संस्मरण गरी आफूलाई मूल्याङ्कन गर्न र दोस्रो लेखकका अनुभवबाट अन्य व्यक्तिले लाभ उठाउन भनेर उपन्यास र आत्मकथामा पाइने समानता यस प्रकार छ । उपन्यास र आत्मकथा दुबै साहित्यका श्रव्य-पाठ्य विधा हुन दुबैमा गद्य भाषाको प्रयोग हुन्छ । दुबैको प्रस्तुती अप्रत्यक्ष हुन्छ,दुबै अख्यानात्मक विधा हुन् र दुबैमा चरित्र तत्वले प्रधानता पाएको हुन्छ ।

### ३.५.४ उपन्यास र नाटक :

उपन्यास र नाटक साहित्यका दुबै स्वतन्त्र विधा हुन : नाटक साहित्यको पुरानो विधा हो । आधुनिक विधा अर्न्तगत उपन्यास पर्दछ । यि दुबै बीच आपसी सम्बन्ध यस प्रकारका हुन । उपन्यास र नाटक दुबै गद्य भाषामा लेखिन्छ । दुबैमा आख्यान रहेको हुन्छन् । र मानव जीवनको विविध पक्षहरुको चित्रण गरीएको हुन्छ ।

### ३.५.५ उपन्यास र महाकाव्य :

महाकाव्य  कविताको वृहत् रुप हो भने उपन्यास पनि गद्य पनि वृहतम् रुप हो । उपन्यास जीवनको महाकाव्य हो । त्यसैले उपन्यास विधा महाकाव्यको निकट हुन्छ । पश्चत्य विद्वान रिर्चाड यथले भनेका छन् “उपन्यासको जन्म कविताबाट भयो” द्वन्द्वको बन्धन बाहेक उपन्यासमा महाकाव्यका सबै विशषेता पाइन्छ । महाकाव्य प्राचीन समयको लोकप्रिय साहित्यक विधा हो भने उपन्यास आधुनिक समयको लोकप्रिय साहित्यक विधा हो । यि दुबैमा यस प्रकारको सम्बन्ध रहेको पाइन्छ । उपन्यास र महाकाव्यमा वृहत् आकार र विशाल अयाम पाइन्छ भने मानव जीवनको विविध पक्षको प्रस्तुती दुबै विधामा पाइन्छ । अख्यानको प्रयोग अनिवार्य हुन्छ भने दुबैमा महिमाशाली नायक हुन्छन् । महान कार्यको वर्णन हुन्छ भने प्रस्तुतीकरण स्वतन्त्र हुन्छ जीवनको व्यापक परिवेश र सम्पूर्ण कृतिलाई परिच्छेद, सर्ग वा अध्यायमा बाँडेर घटना चरित्र आदि प्रस्तुत गरिएको हुन्छ ।

## ३.६ निष्कर्ष

उपन्यासको सैद्धान्तिक परिचयमा यसको पृष्ठभूमि देखि लिएर अन्य विधाहरुसंगको सम्बन्ध सम्मा विभिन्न साहिन्यकारको र विद्वानहरुको साहित्यक चरित्र चित्रण सकारात्मक रुपमा देखिएको छ । विभिन्न विद्वानहरुले उपन्यासको परिभाषाहरु आफनो ढगंवाट दिई उपन्यासको वास्तविक अर्थ निकालन खोजेका छन् । यसका साथसाथै उपन्यासका विभिन्न प्रकारहरुलाई पनि साहित्यकारले समेटिएको छ । उपन्यासका तत्वहरु पनि राम्ररी बुझिएको छ । उपन्यासमा नाटकमा महाकाव्य कथा र निबन्ध विधाको धनिष्ट सम्बन्धलाई सकारात्मक रुपमा केलाईएको देखिन्छ ।

# चौथो परिच्छेद

## 'पागल–बस्ती' उपन्यासका युगीन पृष्ठभूमि र ऐतिहासिक विकासक्रममा सो कृतिको स्थान निर्धारण

### ४.१ युगीन पृष्ठभूमि

पागल-बस्ती उपन्यास वि.स.२०४८ सालमा प्रकाशित सरुभक्त श्रेष्ठको औपन्यासिक यात्राको दोस्रो उपन्यास हो । कुनै पनि साहित्यकार वा उपन्यासकार आफ्नो समाजमा जन्मेको हुन्छन् । त्यही समाजमा हुर्केको, बढेर बसोबास गरेको हुन्छ । त्यस समाजको वातावरण श्रेष्ठलाई वा साहित्यकार र उपन्यासकारलाई सकारात्मक रुपमा निकै प्रभाव पारेको हुन्छ । तसर्थ सहित्यकारले सिर्जना गरेको कृतिमा त्यस युगले प्रभाव कुनै न कुनै रुपमा अंकित भएको हुन्छ यर्थात कुनै पनि कृति सिर्जना हुँदा त्यसमा पृष्ठभूमिका रुपमा कुनै न कुनै युग रहेका हुन्छ । ऐतिहासिक उपन्यासहरुमा कुनै युग वा इतिहासको काल खण्डलाई आधार बनाएको हुन्छ र त्यहि आधारमा पृष्ठभूमि तयार हुन्छ भने पौराणिक उपन्यासहरुमा पनि पौराणिक काल अनुसारको पृष्ठभूमि प्रस्तुत गरिएको हुन्छ । समसमायिक यथार्थलाई प्रस्तुत गरी लेखिएका उपन्यासहरुमा भने तत्कालिन युगको प्रभाव स्पष्ट रुपमा परेको हुन्छ । प्रस्तुत 'पागल–बस्ती' उपन्यासमा पनि समसमायिक कुरा मनमा प्रभाव पारेको र एउटा प्रेमको बस्ती कल्पना गरेको छ जसलाई यो समाजले घृणाको बस्ती भनेर उपनाम दिएको छ । यसमा प्रभाव पारेको सामाजिक, आर्थिक अवस्थाका सन्दर्भमा आधारमा हेर्न सकिन्छ ।

सरुभक्त पोखराबाट धान्द्रुक घुम्न गएको बेला नौडाँडाको एउटा होटलमा एक माग्ने केटो देखे अनि होटलमा केही खाने कुरो मागि रहेको तर त्यो हाटलवालाले त्यो केटालाई बौलाहा घरी-घरी दुःख दिन आउँछ पागल भनेर माग्ने केटालाई भन्छ त्यो देखेर सरुभक्तको मनमा लाग्छ त्यो पागल नभएर भोको हो । यो समाजमा गरीबको कुनै मूल्य नै छैन । मानवलाई मानव नभनेर तुच्छ सम्भ्रेको छन् यो समाजका व्यक्तिले मानव जातिलाई घृणा गरेको छ ।

### ४.१.१ सामाजिक अवस्था

उपन्यासकार सरुभक्त श्रेष्टका‘पागाल–बस्ती’सामाजिक पक्षका बीच सशक्त द्वन्द्व देखिन्छ र कथानकमा कौतुहलता कायम रहेको छ । उपन्यासको वातावरण दुःख र सुखको दोसाँधमा रहेको काल्पनिक स्थल‘पागल–बस्ती’को क्रियाकलाप बाह्य समाज भन्दा भिन्न खालको भएको हुनाले यस बस्तीका मानिसलाई‘पागल–बस्ती’भन्छ । परम्परावादी समाजका दुर्बलता औल्याउँदै नवीन सभ्याताको खाजी गर्दा पागल–बस्तीको लाञ्छना बेहोर्नु परेको छ । (अधिकारी २०५१ : १-१७२)

यो समाजमा‘पागल–बस्ती’मा बसोबास गरेको मानव जातिका मानवीय बस्तीलाई घृणाको बस्ती ठान्दै त्यसबाट मुक्तु हनुका लागि‘पागल–बस्ती’र प्रेमको उदार बस्तीको कल्पना गरेको छन् ।

### ४.१.२ आर्थिक अवस्था

साहित्यकार सरुभक्त श्रेष्ठले समाजको आर्थिक स्थिति ‘पागल–बस्ती’उपन्यासमा बस्ती त गरीब कै हो तर मनले धनी हो यस बस्तीमा बसेको मानिसहरु आफैं काम गरेर नयाँ-नयाँ सीप आफै बनाउने गर्छ । सबै थोक उनीहरु आफैं बनाउँदछन् र बजारमा बेच्ने पैसा आर्जन गरेर जीविका चलाएका छन् । त्यो बस्तीमा सबैको समस्या एक-अर्काले मद्दत गरेर समाधान गर्छ र आत्म निर्भर छ ।

### ४.२ ऐतिहासिक विकासक्रममा‘पागल–बस्ती’उपन्यासको स्थान

नेपाली साहित्यमा अन्य विधाको तुलनामा उपन्यासको विकास धेरै पछि मात्र भएको पाइन्छ । उपन्यासको पूर्वाधार कथा साहित्य नै हो र हाम्रो कथा, वेद, ब्राह्मन, उपनिषद आदिमा परेकोले यसलाई पूर्वाधारको रुपमा परम्परासहित जोड्ने प्रयास गरिन्छ,प्रारम्भमा मौखिक रुपमा भनिने सुनाइने कथाले नै पछि उपन्यासको रुपमा लिएको पाइन्छ । यस्ता किसिमका आख्यात्मक कथा कुनै लामा हुन्थे भने कुनै साना छोटा स्रोतहरुको आग्रह बढाउँदै क्रमशः पराकाष्ठा र प्रतिकाष्ठा तिर लाग्ने नाईके (भन्ने ब्याक्ति) बाह्य हुनु

पर्दथ्यो सरुमा धार्मिक नीतिकथाबाट भनिने कथाले नै पछि गएर उपन्यासको रुप लियो । नेपाली उपन्यासको विकास शाह काल देखिमात्र नेपाली भाषामा लामा आख्यानहरु लिपिबद्ध हुन थाले । वि.सं.१८२७ को शक्तिबल्लभ अर्ज्यालको 'महाभारत विराट' पर्व बाट नेपाली उपन्यासको विकास सुरु भएको पाइन्छ । त्यस बेलाको शिक्षा दीक्षा संस्कृत भाषामा भईरहेको हुनाले संस्कृत भाषाको अमर भण्डारहरुबाट उपन्यासकार पण्डितहरुले नेपाली भाषामा उतार गरेर नेपाली उपन्यासको विकास गरेको पाइन्छ । त्यस समयको राणाकालिन समयका वीर शमशेरले उर्दू भाषामा तिलस्मी जासुसी उपन्यास लेखेका छन् ।

नेपाली उपन्यासको विकास प्रक्रियालाई निम्नानुसार तीन कालमा विभाजन गरेको छन् ।

४.२.१ प्राथमिक काल (वि.सं.१८२७-१९४५)

४.२.२ माध्यमिक काल (वि.सं.१९४६-१९९०)

४.२.३ आधुनिक काल (वि.सं.१९९१-वर्तमान काल सम्म)

### ४.२.१ पृष्ठभूमिकाल वा प्राथमिककाल

आधुनिक नेपाली उपन्यासको सूत्रपात हुनु भन्दा पहिले अख्यानको लामो परम्परा रहेको पाइन्छ । वि.सं. १८२७ देखि १९४६ पूर्वको समयलाई लोक परम्पराको अख्यान अथवा नेपाली उपन्यास लेख्ने पूर्वाधारको सिर्जना काल भनिन्छ । शक्तिबल्लभ अर्ज्यालले महाभारत विराट पर्व सिर्जनाकाल भनिन्छ । शक्तिबल्लभ आर्ज्यालले महाभारत विराट पर्व वि.सं. १८२७ मा अनुवाद गरेका छन । र यसै बेला देखि नेपाली साहित्यमा प्राथमिक कालको थालनी भएको मानिएको छ । उनीहरुले धार्मिक,संस्कृतिक र राजनैतिक आवश्यकता पूर्ति गर्न नीति, निर्देशन, उपदेश, मनोरञ्जन, दिन संस्कृत भाषाको महाभारत , रामायण, स्वस्थानी-ब्रतकथा, हितोपदेश साथै उर्दू फरसी आदि भाषाको ग्रन्थबाट यस समयका अख्यानहरु अनूदित गरेको पाइन्छ । शक्तिबल्लभ आर्ज्यालको 'महाभारत विराट' (१८२७) पछि बि.सं.१८३३ मा भानुदत्तको हितोपदेश मित्रलाभ,भवानी दत्त पाण्डेको 'मुद्रारक्षस' शक्तिबल्लभ आर्ज्यालको 'हास्यकदम्ब' जस्ता

सांस्कृतिक नाटकहरु अनूदित अख्यान शैलीको  प्रेरणाले भूमिका खेलेको पाइन्छ । यस कालमा समाजका लागि  धार्मिक, नैतिक, सांस्कृतिकका रुपमा भएका थुप्रै अख्यानहरु प्रयोजन भएका छन् । जस्तै स्वस्थानिक ब्रत कथा (१८७८), बेताल पंचषी (१८९३), बेनामे, पिनासको कथा (१८७२), दशकुमार चरित्र(१८७५) तन्त्रख्यान(१८९३), आदिपूर्व(१८८९), रमाश्मवेध(१८९०), सुन्दरानन्द बाडाँको 'त्रिरतासौन्दर्यगथा' आदि कृतिहरु हुन् ।

## ४.२.२ माध्यमिकाल( वि.सं.१९४६-१९९०)

माध्यमिक कालको सुरुवात वि.सं. १९४६ (बीरसिक्का) कथा बाट भएको हो । यसै समयमा मुख्य प्रवृतिको रुपमा अलौकिक, कल्पना र अति रञ्जनाले भरिएको जासुसी, तिलस्मी, रोमान्स, आद्भूतिक र साहसिक उपन्यासहरुको रचना भएको थियो । यस समयका संस्कृत र उर्दू, अरबी, फारसी, अंग्रेजी, हिन्दी, बंगाली भाषमा लेखिएका रचनाहरुले नेपाली उपन्यासको विकासमा निकै प्रेरणा र बल पुगेको पाइन्छ । त्यो समयमा बनारसमा गएर नेपाली लेखकहरुले हिन्दी, उर्दू, बंगाली र अंग्रेजी भाषाहरुको अध्ययन गरेर नेपाली उपन्यास लेख्न थालेका छन् । त्यो समयमा रहस्य, रोमाञ्च,अदभूत र साहसिक  तत्वहरुले युक्त अख्यान प्रेमाख्यानहरुलाई कथाको मोनोहरी शैलीमा उपन्यासकार प्रस्तुत गरिन्थ्यो ।

'वीरसिकका' पछि अनूदित भएका प्रसिद्ध पाएका प्रेम अख्यानको रुपमा आयोजन भएको पाइन्छ । त्यो समयमा प्रयोजन भएका अख्यानहरु 'बेतालपच्चीसी '(१९४७), सदाशिव शर्माको (बोक्सी चारित) (१९५९), हरिहर आचार्य दीक्षितको 'बिदुला पुत्र संवाद' (१९६५), लालहीरा(१९६५ पूर्व) पारसमणि प्रधानद्वारा अनुदित 'हरिण्यमयी चरित्र' (१९७३), मेदनी प्रसाद रेग्मीको 'सिहासन बत्तिसी' (१९८२), 'तातामैनाको कथा' (१९८३), शम्भुप्रसाद ढुंगेलको 'हात्तीमाताइको किस्सा', ऋद्धिबहादुर मल्लको 'शर्मिष्ठा' (१९८५) आदि ।

उपन्यासकारले‘महेन्द्र प्रभा’उपन्यासलाई महत्व दिएर नेपाली उपन्यासलाई छिटो विकास गर्न गोरखापत्र (१९५८), उपन्यासरङ्गनी (१९५९), सुन्दरी (१९६३), चन्द्र (१९७१), गोरखाली (१९७३) आदि पत्रिकाहरु र उपन्यासको विकासमा सहयोग गरेका छन् । यस समयमा पुरोहित रामप्रसाद सत्यालको‘कलाबती र मधुवाला’ (१९६४) को सुन्दरी पत्रिकामा धारावाहिक रुपमा प्रकाशित पण्डित देवी शर्माको ‘सुन्दर सरोजनी’ (१९६४), प्रतिमान सिंह लामाको ‘महाकाल जासुस’ (१९७५)र पहलमान सिंहको ‘एक लाख रुपैंयाको चोरी’ (१९७४) आदि उपन्यासहरु प्रमुख हुन ।

व्यक्तिहरुले अफ्नो धर्म कर्म बचाउनु भने साहित्यिक प्रेरणा दिनका लागि रामायण, महाभारत, चिरंजीवि पौड्यालको ‘प्रेमसागार’हरिहर शर्माको‘दुर्गा सप्तसति’ (१९४८), चक्रपाणि चालिसेको ‘गोरखा संक्षिप्त रामायण’(१९७२) आदि लेखेका छन् । समाजलाई सुधार गर्नका लागि लेखिएका उपन्यासहरु नरदेव पाण्डेको‘मेरिनाचरित्र’(१९६४) भोजराज पाण्डेको ‘मञ्जरी’(१९८३) आदि छन् ।

जुवाको बिरोधमा नायब डिठ्ठा द्वारिकानाथले ‘यमपंचक प्रपंच’ उपन्यास लेखेका छन् । यसमा प्रेरणा दिने कलात्मक उपन्यास वेदनाथ आचार्यको ‘दयाकी भावी’(१९७९) हुन् ।

### ४.२.३ आधुनिककाल ( वि.सं.१९९१ देखि हालसम्म)

समयको परिवर्तनसंगै साहित्यिक विधाले पनि आफनो स्वरुपलाई परिवर्तन गर्दै लागेको पाइन्छ । माध्यमिककालीन जासुसी,तिलस्मी,अतिरञ्जक प्रवृतिलाई तोड्दै जब वि.सं.१९९१ मा रुद्रराज पाण्डेको‘रुपमती’देखा पर्‍यो । यस उपन्यासले सामाजिक जीवनको यथार्थ चित्रण गदै स्वाभाविक घटनाहरुको संयोजन गरेको छ । सरल शैली, चरित्र चित्रण अनि रोचकता र रागात्मक जसको विशेषता हो ।

आधुनिककाललाई दुई चरणमा बाँडिएको छन् ।

४.२.३.१ प्रथम चरण (वि.सं.१९९१ देखि वि.सं.२०२० सम्म )

४.२.३.२ द्वितीय चरण(वि.सं.२०२१ देखि हालसम्म )

**४.२.३.१ प्रथम चरण (वि.सं.१९९१ देखि वि.सं.२०२० सम्म )**

रुद्रराज पाण्डेको रुपमती (वि.सं.१९९१) संग आधुनिककालको प्रथम चरणले प्रवेश गरेको पाइन्छ । सुरुमा प्रकाशित उपन्यासहरु अदर्शोन्मुख यथार्थवादी धाराबाट प्रभावितको रहेको पाइन्छ । जीवनको विभिन्न क्रियाकलापलाई जस्ताको त्यस्तै प्रस्तुत गर्नु चित्रण गर्नु यथार्थवाद हो । आदर्शोन्मुख यथार्थवादी उपन्यासहरुमा सामाजिक परिवेशबाट विषय टिपिएको हुन्छ । रुद्रराजपाण्डेले पनि सामाजिक जीवनको पारिवारिक परिवेशबाट विषयवस्तु लिएका छन् । रुद्रराज पाण्डेका उपन्यासहरु चाम्पाकाजी (१९९३),प्रेम(२००५)र रुपमती इत्यादि हुन् । यथार्थवादी धारामा देखापर्ने उपन्यासकार विष्णुचरण श्रेष्ठको सुमती (१९९१),भीष्म प्रतिज्ञा(१९३०),रुपनारायण सिहंको'भ्रमर'(१९९३),काशीबहादुर श्रेष्ठको 'उषा' (१९९५),'बचन'(२००१), धर्मरत्न बौद्धको'समाजको एउटा झलकमा'( १९९५), टुकराज, पद्‌मराज मिश्रका'पाटलीपुत्र'(२००३),भवानीभक्त सिंहको'यौवनको आँधि'(१९९७), लक्ष्मीनन्दन चालीसेद्वारा अनूदित'एक जोर औंठी'(१९९७),शान्त शमशेरको'दुःख जीवन'(१९९८), शिव प्रताप शमशेर थापाको'श्री कृष्ण चरितामृत'( १९९८), रामप्रसादको'भाग्यचक्र'(२००१),मोहनवहादुर मल्लको 'समयकोहुरी' (२०१५) आदि आदर्शोन्मुख उपन्यासहरु लेखेका छन् ।

आधुनिक नेपाली उपन्यासको विकास प्रक्रियामा आदर्शोन्मुख यथार्थवादी धारासंगसंगै स्वच्छन्दतावादी धारा देखा परेको छ । स्वच्छन्दतावादी धारामा हार्दिकता, भावुकता, कौतुलहता र प्रणयमूलता आदिको चित्रण भएको पाइन्छ । प्रेमको जादुगरीमा सौन्र्दयको सृष्टि गरिन्छ । रुपनारायण सिंहको 'भ्रमर'(१९९३), स्वच्छन्दतावादी धाराको पहिलो उपन्यास हो । स्वच्छन्दतावादी धाराका अन्य उपन्यासहरुमा रुपनारायण सिंहको'विजुली'(२००६), अपुर्ण,मोहन बहादुर मल्लको 'उजेली छाँया'(२००८), अच्छाराई रसिकको'लगन'(२०१२), शिवकुमार राईको 'डाक वगंला'(२०१३), रविन्द्र कुमार

मोक्तानको 'कलीलो फूल गुलाफको'(२०१५), सुवास घिसिगंको 'निलो चोली'(२०२०), हेमराज अर्चायको'निर्दोष कैदी'(२०५४)इत्यादि हुन् ।

### ४.२.३.२ (द्वितीय चरण वि.सं.२०२१ देखि हालसम्म )

आधुनिक उपन्यासको दोस्रो चरणमा नयाँ मूल्य र परम्परा लिएर उपन्यासहरु लेखिएका छन् । द्वितीय चरणको उपन्यासमा यथार्थवादी धाराको प्रभाव देखिन्छ । पारिजातको 'शिरीषको फूल'उपन्यासले नयाँ औपन्यासिक प्रवृतिलाई व्यापक गर्ने काम भएको देखिन्छ । यस चरणका प्रकाशित उपन्यासहरु पारिजातका'महताहीन'(२०२५), 'बैंसको मान्छे' (२०२९), अच्छाराई रसिकको 'दोभान' (२०२१), नरबहादुर दहालको 'मध्यरातको तारा'(२०२१), धुँस्वा सायमीको 'गंकी' (२०२१), के.वि.नेपालको'मेरो घर मेरो संसार' (२०२२), चेतनकर्मीको'आत्मा वेचेको छैन'(२०२३), ध्रुबचन्द्र गौतमको 'अन्त्यपछि' (२०२४), 'बालुवा माथि' (२०२८), परशुप्रधानको 'सबै बिर्सिएका अनुहारहरु' (२०२४), डी.पी. अधिकारीका 'आशामाया' (२०२५), 'धर्ती अझै बोल्दछ' (२०२७), वी.पी.कोइरालाको'तिनघुम्ती'(२०२५), 'नरेन्द्र दाई' (२०२६), 'सुम्निमा'(२०२७), केशवराज पिडालीका'एकादेशकी महारानी' (२०२६), तारणीप्रसाद कोइरालाको 'सर्पदंश' (२०२६)इत्यादि हुन् ।

तारा शर्माको'सुली'(२०३०), डाइमण्ड समशेरको'सेतो बाघ' (२०३०), भीमचरणका 'कोसेली' (२०३१) 'उसका अन्त्यहिन आवाजहरु' (२०३२), भवानी भिक्षुको 'आगत' (२०३२), 'एउटा साथी मर्छ यहाँ'(२०३८), रमेश विकलको 'सुनौली' (२०३१), डोरबखहादुर विष्टको 'खेताला' (२०३३), 'यो जुनीको भेट' (२०३४), किसोर नेपालको'रंगमण्डल' (२०३४), ध्रुबचन्द्र गौतमको 'घामका पाइलाहरु'(२०३५), बानीरा गिरीको 'कारागार' (२०३५), भरत जगमको 'कालो सूर्य' (२०३६), विजय मल्लको 'कुमारी शोभा' (२०३९)इत्यादि हुन् ।

ध्रुबचन्द्र गौतमाको'अलिखित' (२०४०),प्रेमा शाहको 'मम्मी'(२०४०),रमेश विकलको'अविरल बग्दछ इन्द्रावती'(२०४०),कुमार ज्ञावलीको'प्रलय हुनु अघि'(

२०४१),‘द्वन्द्वको अवसान’(२०४२),‘पूर्वकथा’(२०४३), वेन्जुशर्माको ‘देहमुक्त’(२०४४),ध्रुबचन्द्र गौतमाको‘एक शहरमा एक कोठा’(२०४६), सरुभक्तको‘तरुनी खेती’(२०५३),इन्दिरा प्रसाईको‘विश्वामित्र’(२०५५),खगेन्द्र संग्रौलाको‘जुनकिरीको संगीत’(२०५६), उपन्यासहरु हुन् ।

यसरी नेपाली उपन्यासको ऐतिहासिक विकासक्रममा श्रेष्ठको‘पागल–बस्ती’(२०४८)उपन्यास अस्तित्ववादी परम्परामा देखापरेका महत्वपूर्ण कृति हो । यसमा सामाजिक पक्षका बीच सशक्त द्वन्द्व देखिन्छ र कथानकमा कौतुहलता कायम रहेको छ । उपन्यासको वातावरण दुःख र सुखको दोसाँधमा रहेको काल्पनिक स्थल,पागल–बस्तीको क्रियाकलाप बाह्य समाज भन्दा भिन्न खालको भएको हुनाले यस बस्तीका मानिसलाई पागल र बस्तीलाई पागल–बस्ती भन्छ । परम्परावादी समाजका दुर्बलता औंल्याउँदै नवीन सभ्यताको खोजीगर्दा पागल–बस्तीको लाञ्छना बेहोर्नु परेको छ ।(अधिकारी २०५१:१–१७२)यसमा स्वैरकाल्पनिक बस्तीमा नेतृत्वचयनका निम्ति प्रजातान्त्रिक विधि अपनाइन्छ । यसमा बेग्लै खालको शासन व्यवस्थाको नमुना प्रस्तुत छ । बस्ती बाहिरका नारीहरु आफ्नै परिवारबाट बेचिएका छन् । यस उपन्यासमा प्रशान्त, मार्था र किसोर ले गृहत्याग गरेका छन् । यसमा शून्याताबोध भएका पात्रले पनि गृहत्याग गरेका छन् । बस्तीमा प्रेममा असफल भएर गृहत्याग गरेका छन् । शून्यवाद सैद्धान्तिक भावलाई वहन गर्नमा सक्षम काव्यात्मक गुणले ओतप्रोत, दृष्टिविन्दु विचार धाराको विन्यास स्थानिक नभएर सार्बिक छ । त्यसैले यो उपन्यास ऐतिहासिक विकासक्रमको आधारमा अस्तित्वादीको रुपमा रहेको छ ।

## ४.३ निष्कर्ष

साहित्यिक विधामा बहु प्रतिभाशाली भएका सरुभक्त श्रेष्ठले २०४८सालमा प्रकाशित भएको‘पागल–बस्ती’उपन्यासको बास्तविक रचनाको आधारमा त्यसको युगीन पृष्टभूमि अनुसार समाजमा मानिसको अस्तित्व कस्तो छ भने पागल–बस्ती उपन्यासमा रचना गरेको छ । यसमा परम्परागत सामाजिक व्यवस्थाप्रति असन्तुष्टि जनाएका छन् । यस

उपन्यासमा मानवीय बस्तीलाई समाजका मान्छेले गरेका दुर्व्यव्यवहारबाट पिडीत भएका मान्छेलाई यस बस्तीमा स्वागत् र आमन्त्रण गरेको छ तर समाजका अरु मान्छेले यस बस्तीलाई घृणा गरेर पागल–बस्ती भन्ने गरेको छ र यस पागल–बस्तीलाई प्रेमको बस्ती–प्रेमको उदार बस्तीको कल्पना गरेका छन् । यसका साथसाथै श्रेष्ठले उपन्यासको ऐतिहासिक विकास सम्बन्धी धेरै कुराहरु केलाएका छन् ।

# पाँचौ परिच्छेद

## उपन्यासका तत्वका आधारमा 'पागल–बस्ती' उपन्यासको विश्लेषण

### ५.१ विषय प्रवेश

यस परिच्छेदमा दोस्रो परिच्छेदका अन्त्यमा तयार पारिएको प्रारुप कथानक, पात्र, परिवेश, उद्देश्य, दृष्टिविन्दु, भाषाशैली, व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ५.२ कथानक

'पागल–बस्ती'उपन्यासको कथानको स्रोत स्वैरकल्पना हो । अतिशय कल्पनाबाट निष्पन्न असम्भव कुराहरुको नाम स्वैरकल्पना हो यसलाई स्रोत बनाएर पनि कथानकको निर्माण गरिन्छ । 'पागल–बस्ती'उपन्यासमा पागलहरुले बस्ती निर्माण गरेको प्रस्तुती छ ,जो स्वंयममा एउटा स्वैरकल्पना हो । परम्परा भन्दा भिन्न ढगँले काम गर्ने, सोच्ने व्यक्तिलाई समाजले पागल भन्छ  भन्ने यथार्थ यस उपन्यासमा प्रस्तुत गरिएको छ । यस उपन्यासले स्वैरकल्पनाको आवरणमा परम्परित सामाजिक संरचनाको विरोध गरेको छ । उपन्यासकारलाई समाजको आलोचना गर्न स्वैरकाल्पनिक कथानकले मद्दत पुर्‍याएको देखिन्छ । मार्थाको प्रशान्तसंग आसक्ति विषयक घटनाहरु स्वैरकाल्पनिक स्थल पागल–बस्तीमा घटेका छन् । यथार्थलाई अभिव्यक्ति दिने, एउटा माध्यमका रुपमा उपन्यासकारले स्वैरकाल्पनाको उपयोग गरेको देखिन्छ । यसको कथानक व्यतिक्रमिक ढाँचामा प्रस्तुत गरिएको छ । द्वन्द्वको सशक्त प्रयोगका दृष्टिले यो उपन्यास महत्वपूर्ण देखिएको छ । यसमा द्वन्द्व भौतिक पनि छ र पात्रका मनमा पनि छ । कथानकमा विभाजन, सङ्गठन, घटनाहरुको विकास, द्वन्द्व जस्ता पक्षको विश्लेषण गरिन्छ ।

समग्रमा मार्था र प्रशान्तको प्रणयप्रसंगमा आधारित पागलबस्तीको कथानकले अहमवादी दार्शनलाई स्थापित गर्न खोजेको छ । पागल–बस्तीको कथानक शिल्पका दृष्टिले व्यक्तिक्रमिक छ । सिर्जनात्मक अहम्को अपेक्षाले गर्दा केही मात्रामा आदर्शपरक भएको छ ।

### ५.२.१ विभाजन

'पागल–बस्ती' उपन्यास दुई भागमा विभाजित छ । यो उपन्यास पहिलो भाग ९ परिच्छेद र दोस्रो भाग ४० परिच्छेदमा विभक्त छ । यी ४९ परिच्छेद मध्ये आठौँ परिच्छेद सबैभन्दा छोटो(४ अनुच्छेद) छ भने दोस्रो भागकै उनन्चालिसौ परिच्छेद सबैभन्दा लामो (१६१ अनुच्छेद) छ । पहिलो भागको तेस्रो र नबौँ परिच्छेद पनि छोटै छन् । अरु परिच्छेद मध्यम आकारका छन् । दोस्रो भागका बतीसौ, पैतीसौ, सैतीसौ, अठ्तीसौ, उन्नचालीसौ र चालीसौ परिच्छेदमा गुणन चिहनद्वारा अलग पारि परिच्छेदको उपविभाजन गरिएको छ ।

२३३० अनुच्छेदमा विस्तारित यो उपन्यासको पहिलो भाग २३५ अनुच्छेद र दोस्रो भाग २०९५ अनुच्छेदमा विभक्त छ । यी २३३० अनुच्छेद मध्ये अधिकांश अनुच्छेदहरु छोटा छन् । पहिलो भागमा आठौँ परिच्छेदको सातौँ अनुच्छेद, दोस्रो भागको सोह्रौँ परिच्छेदको पचपन्नौँ अनुच्छेद र आठौँ परिच्छेदको पैतीसौँ शब्द विहीन देखा पर्छन् । यिनमा थोप्लाथोप्लालाई उद्धरण चिहण दिएको छ । दोस्रो भागको उन्नचालीसौँ परिच्छेदमा १ पंक्ति आकारका ४० अनुच्छेद छन् र दोस्रो भागकै बाइसौँ परिच्छेदको सोह्रौँ अनुच्छेद ४४ पंक्ति सम्म बिस्तारित छ । कूल पंक्ति संख्या (८४२०) र कूल अनुच्छेद संख्या (२३३०) को औसत निकालदा ३.६१ पंक्ति बरावर एक अनुच्छेद पर्न आउने हुँदा यस उपन्यासमा अधिकांश अनुच्छेद छोटा छन् भने प्रमाणित हुन्छ । सोह्रौँ अनुच्छेद प्रशान्तले दार्शनिक प्रवचन दिएको अंश हुनाले लामो हुनाले लामो हुन गएको देखिन्छ । दार्शनिक प्रवर्तन र पूर्वस्मृति भएको सर्न्दभ वाहेकका अनुच्छेद छोटा छन् । यसरी दुई भाग ४९ परिच्छेद , २३३० अनुच्छेद र ८४२० पंक्ति समूहमा विभाजित भई यस उपन्यासले संगठनात्मक स्वरुप प्राप्त गरेको देखिन्छ ।

### ५.२.२ संगठन

मथि उल्लेख गरिए अनुसार २ भाग,४९ परिच्छेद र२३३० अनुच्छेदमा विस्तारित यस उपन्यासको सङ्गगठन यस प्रकार रहेको छ :–

१. आदि : भाग १ ( परिच्छेद १ देखि ९ सम्म )

(क) अभिमुखीकरण : भाग १(परिच्छेद १ देखि ७ सम्म )

नौडाँडाको चिया पसलले प्रकृतिकोवारेमा गरेको टिप्पणी र काठमाडौंबाट नौडाँडा तिर घुमफिर गर्न आएको पत्रकार किशोरले पागल–बस्तीका बारेमा सुनेका प्रसंगबाट पागलहरुको मेल हुनु बस्ती निर्माण हुनु जस्ता रहस्यमय कुराहरु भिकी पाठकलाई उपन्यास तर्फ अभिमुखीकृति गरिएको छ ।

(ख) प्रस्तावना : भाग १ ( परिच्छेद ८ देखि ९ सम्म )

मार्थाको चित्रात्मक डायरीका हजारौं पन्नाहरु पल्टाएर सत्य अर्थ निकालनुपर्ने दार्शनिक रहस्यलाई मूलकथ्यका रुपमा प्रस्तावित गरिएको छ । उपन्यासका प्रस्तावनाका आधारमा उपन्यास वैचारिक भएको संकेत भेटिन्छ ।

२ मध्य : भाग २ (परिच्छेद १ देखि ४० परिच्छेदको ३७ अनुच्छेद सम्म)

मार्था पागल–बस्तीमा प्रवेश गर्नु, प्रशान्तले मार्थाको स्वागत् गर्नु,प्रशान्तले अंह भावनाको महत्व दर्शाउँदै प्रवचन दिनु, मार्थाले बस्तीमा नवीनता नभेटनु, मार्थामा प्रणय भावना पैदा हुनु तर प्रशान्तले अस्वीकार गर्नु, पसलेहरुले बस्तीवालामाथि आक्रमण गर्नु,बूढीका छोराहरुले बस्तीमा आक्रमण गर्नु,जमुना पछुताएर मर्नु, कुकर्नी बिन्दुको हत्याले बस्तीबाला शोकाकूल हुनु, मार्थाले प्रशान्तलाई कोढीखाना जानबाट रोक्न खोज्नु, मार्थामा प्रणयातुर भावनाको आवृति देखेर प्रशान्तले मार्थालाई विवाह गर्ने सल्लाह दिनु, प्रशान्तका कुरा सुनेपछि मार्थाले बस्ती छाड्ने धम्की दिनु जस्ता विषय , प्रसङ्ग र घटनाबाट प्रस्तावित पक्षलाई अगाडि बढाइ चरममा पुऱ्याइएको छ ।

३. अन्त्य भाग २ ( परिच्छेद ४०को ३६ औं अनुच्छेदको शेष भाग )

यस उपन्यासको प्रस्तावनामा उल्लेखित सत्य अर्थ निकाल्नका निम्ति उपन्यासकै प्रमुख पात्र प्रशान्तलाई अगाडि सारेर जीवनका सार्थकता भनेको अँहको शून्यता हो भनी

पुष्टिकरण र निष्कर्षण एकसाथ प्रस्तुत गरिएको छ । यसको विस्तृत खोलुवा कथानकको विकास शीर्षकमा तल प्रस्तुत गरिएको छ ।

### ५.२.३ कथानकको विकास

'पागल–बस्ती'दुई भागमा विभाजित छ । यस उपन्यासका भाग एक पृष्ठभूमि हो भने दुई प्रमुख भाग हो । यस उपन्यासको कथानक व्यतिक्रमिक ढाँचामा निर्मित छ । उपसंहार भागलाई पृष्ठभूमि तुल्याएर राखिएको छ । दोस्रो भागको कथानकले रैखिक गति पनि लिदैं गरेको र आवश्यक सन्दर्भ पर्नासाथ भूतकालिक घटनाको पनि संकेत गर्दै गएको पाइन्छ । यस आख्यानात्मक कृतिको कथानक तलको तालिकामा प्रस्तुत गरिएको छ ।

पागल–बस्तीको कथानक

| | | |
|---|---|---|
| १. आदि भाग ( भाग १ : पहिलो अनुच्छेददे नवौं परिच्छेद सम्म ) | क) चिनारी | (१) किशोर पागल–बस्तीको छेउछाउ पुगेर त्यसको रहस्य जान्न खोज्नु (पृ. ३–९)<br>(२) किशोर पागल–बस्ती भित्र प्रवेश गर्न खोज्नु (पृ. १०–१४)<br>(३) किशोरले बस्तीका बारेमा विभिन्न हल्ला सुन्नु र बस्ती भित्र प्रवेश नगरी भाग्नु ( पृ. १५–१७)<br>(४) किशोरले मार्थालाई भेटेर पागल–बस्तीको फोटो देखाउनु ( पृ. १७–१९)<br>(५) मार्था रिसाएर हिँडनु ( पृ. १९)<br>(६) किशोर मार्थासंग माफी माग्न लेम्चरर्स कोलोनी भित्र छिर्नु ( पृ. २०) |

| | | |
|---|---|---|
| | | (७) मार्थाले किशोरलाई झम्टिनु (पृ.२१)<br>(८) मार्था सहज स्थितिमा फर्किनु र पागलबस्तीको फोटो माग्नु । (पृ. २२–२४)<br>(९) मार्थाले किशोरलाई बोलाएर पागलबस्ती खोज्ने अनुमति दिनु( पृ. २५–३१) |
| | (ख) सङ्घर्ष विकास ( पहिलो सङकटा बस्था) | १. मार्था बस्तीको ढोकाभित्र प्रवेश गर्नु ( पृ. ३२–३४) |
| २. मध्य भाग ( भाग – २ पहिलो परिच्छेद देखि चालीसौँ परिच्छेदको सैतीसौँ अनुच्छेदसम्म) | चरम (दोस्रो सङकटा बस्थादेखि अन्तिम सङकटा वस्था सम्म ) | १.मैचाङले प्रशान्तको विगतबारे प्रकाश पार्नु ( पृ. ४०)<br>२. मैचाङले मार्थाको आगमन सुनाउन दगुर्नु ( पृ. ४१)<br>३. प्रशान्तले मार्थाको स्वागत गर्नु ( पृ. ४४)<br>४. मार्था बस्तीमा गरिएको अतिशय सम्मान पुजा र आराधनाले थिचिनु ( पृ. ४५)<br>५. मार्था परिस्थिति अनुसार बोल्न नसक्नु ( पृ. ४५) ६. मार्थालाई मन्दिर मन्दिर जस्तो नलाग्नु ( पृ. ४८) ७. मार्थाले प्रशान्तले |

| | | |
|---|---|---|
| | | आदिमाता भनेको मन नपराउनु ( पृ. २१)<br>८. मार्थालाई निद्रा नलाग्नु ( पृ. ५२)<br>९. मार्थालाई धर्म आमाको स्मृति हुनु ( पृ. ५२–५४)<br>१०. मार्थालाई प्रणय भावना पैदा हुनु ( पृ. ५५)<br>११. प्रशान्तले अनावश्यक औपचारिता देखाउनु ( पृ. ५६ )<br>१२. मार्था इच्छा विपरित आदिमाताको अग्रासन स्वीकार गर्न बाध्य हुनु ( पृ. ५७)<br>१३. मार्थालाई प्रशान्त बढी औपचारीक लाग्नु ( पृ. ६२)<br>१४. प्रशान्तको अतिव्यस्तताले मार्थालाई नराम्रो असर पर्नु ( पृ. ६९)<br>१५. मार्थाले प्रशान्तसंग प्रणयजन्य कामनाहरु पोख्नु ( पृ. ७०–७१)<br>१६. प्रशान्त लोकापवादबाट बच्न खोज्नु ( पृ. ७१)<br>१७. मार्थालाई विद्यालयकालिन घटनाको पूर्वस्मृतिले पछुतो हुनु ( पृ. ७२)<br>१८. मार्थाले प्रेममिलनको कडीलाई जोड्ने प्रयास गर्दा प्रशान्तले सतर्कता देखाउनु( पृ. ७५)<br>१९. मार्थालाई अतीतको स्मृतिले पश्चातापको भावना पैदा हुनु ( पृ. ७६) |

| | | |
|---|---|---|
| | | २०. मार्था शून्यमा एकोहोरिनु ( पृ. ८०)<br>२१. प्रशान्तले मार्थालाई स्थिर प्राज्ञ भाषाले हेर्नु ( पृ. ८०)<br>२२. मार्था शून्यमा एकोहोरिनु ( पृ. ८०)<br>२३. प्रशान्त आदिपिता हुनु नचाहनु ( पृ. ८१)<br>२४. प्रशान्तले सबै मानवीय क्रियाकलाप अहंयुक्त देख्नु ( पृ. ८२–८३)<br>२५. वृद्धाले बस्तीमा शरण माग्नु ( पृ. ९४)<br>२६. मार्थाको मन प्रणयप्रतिक्षाले अस्थिर हुनु( पृ. ११४)<br>२७. मार्था आदिआरोग्यशाला जाँदा कोढीहरुको विकृत शरीर देखेर आतङ्कित हुनु ( पृ. १२२)<br>२८. मार्था कोढीहरुको स्मरणले कहालिनु ( पृ. १२२–१२३)<br>२९. मार्थाले जमुना र प्रेममूर्तिको प्रेममिलन गराउन खोज्वदा जमुनाले नचाहनु ( पृ. १२६–१२८)<br>३०.पसलेहरुले बस्तीबालाहरुलाई पागलहरुले बजार भाउ बिगारे भनी खेद्न खोज्नु ( पृ.१३०–१३१)<br>३१. मार्थाले प्रशान्तले गरेको एकतर्फी प्रेम गृहत्यागको घटना बस्तीवालाहरुलाई सुनाउनु (पृ. १३७–१३८) |

| | | |
|---|---|---|
| | | ३२. प्रेमले जमुनालाई प्रेम गर्नु छोडेको घटनाले मार्थालाई चोट पार्नु ( पृ. १४१)<br>३३. प्रेममूर्तिमा आएको परिवर्तनले मार्था विस्मित हुनु ( पृ. १४३)<br>३४. प्रेममूर्तिले ज्ञानमार्गमा अभूतपूर्व प्रगति गर्न ( पृ. १५३–१५४)<br>३५. जमुना स्वभाव भावशून्य हुनु ( पृ. १५८)<br>३६. मार्थाले जमुनाको उदासिनताका निम्नि प्रेममूर्तिलाई दोषी देख्नु ( पृ. १६०)<br>३७. जमुनाले आँखा नखोल्नु ( पृ. १६२)<br>३८. प्रेममूर्तिको अवस्था देखेर मार्था रुनु( पृ. १६३)<br>३९. डाक्टरहरुले जमुनालाई मानसिक आघात परेको शङ्का गर्नु ( पृ. १६४)<br>४०. जमुनाको स्वास्थ्यमा सुधार नहुनु ( पृ. १६५)<br>४१. बस्तीकी बूढीका छोराहरुले बस्तीमा आक्रमण गर्नु ( पृ. १६८–१७०)<br>४२. बस्तीबालाहरु घाइते हुनु ( पृ. १७०)<br>४३.मार्थाले बस्तीमाथीको हमलालाई अपमान ठान्नु ( पृ. १७३)<br>४४. प्रशान्त जमुनाको गम्भीर अवस्था देखेर चिन्तित हुनु ( पृ. १८१)<br>४५. मार्था जमुनाको रुपाकृति भिन्न देखेर |

| | | |
|---|---|---|
| | | तर्सिनु (पृ. १८६–१८७)<br>४६. प्रशान्तले प्रेममूर्तिको जन्मान्तरण घोषणा गर्नु ( पृ. १८८)<br>४७. मार्थाले प्रेममूर्ति र जमुनाको भेट गराउन चाहनु तर प्रेममूर्तिले जमुनाको स्वास्थ्यमा असर पर्ने बताउदै भेट्न इन्कार गर्नु ( पृ. १८९)<br>४८. मार्थाले प्रेममूर्तिले बस्ती त्याग नगरोस भन्ने चाहनु ( पृ. १९१–१९२)<br>४९. प्रशान्तले प्रेममूर्तिलाई ज्ञानको प्रचारको निम्ति बस्ती बाहिर पठाउन चाहनु ( पृ. १९२)<br>५०. मार्थाले प्रशान्तका कार्यहरु मनोविकार ग्रस्त देख्नु (पृ. १९३)<br>५१. मार्थाले आफनो आस्थामा ठेस पुगेको ठान्नु ( पृ. १९५)<br>५२. प्रशान्तले मार्थाको यौन अंह जागेको आरोप लगाउनु ( पृ. १९५)<br>५३. मार्था प्रशान्तको आरोपले च्याँठिनु ( पृ. १९५)<br>५४. प्रेममूर्तिको परिवर्तित व्यवहारले मार्था अशान्त हुनु (पृ. १९८)<br>५५. मार्थाले मसिहाले धोका दिएको सपना देख्नु (पृ. १९८–१९९)<br>५६. डाक्टर कमलाले जमुनाको मृत्यु घोषणा |

| | | |
|---|---|---|
| | | गर्नु (पृ. १९९)<br>५७. जमुना मृत्युपछि मार्थाले शून्यताको अनुभव गर्नु (पृ. १९९–२००)<br>५८.मार्थाले प्रेमको आस्था कमजोर भएको ठान्नु (पृ. २०४–२०५)<br>५९. मार्था युगान्तरोत्सवका विषयमा अनभिज्ञ हुनाले रन्थनिनु (पृ. २११)<br>६०. कुकुर्नी बिन्दुको हत्याले बस्ती शोकाकूल (पृ. २१५–२१६)<br>६१. प्रशान्तको दीर्घ ध्यानमूद्रले मार्थामा प्रेम उन्माद बढ्नु (पृ. २२०)<br>६२. मार्था भाववेगमा आएर प्रशान्तलाई म्वाइँ खाएर भाग्नु (पृ. २२०)<br>६३.प्रशान्तले कुष्ठरोगीहरुलाई समय थाल्नु ( पृ. २२०) ६४. मार्था प्रशान्तलाई कुष्ठरोग सर्ने डरले बेतै न हुनु (पृ.२२६)<br>६५. मार्थाले प्रशान्तलाई कोढी खाना जानबाट रोक्न खोज्नु (पृ. २२८–२३०)<br>६६. प्रशान्त कोढी खानामा जान चाहनु(पृ. २३०)<br>६७. मार्थाले प्रशान्तलाई रोक्न हड्ताल गर्नु (पृ. २३१)<br>६८. प्रशान्त मार्थाका माग पुरा गर्न असहमत हुनु (पृ. २३३)<br>६९. मार्थाको स्वास्थ्य बिग्रनु (पृ. २३३) |

| | | |
|---|---|---|
| | | ७०. कोढीहरु मार्थाको भोक हड्ताल थापा पाएर कराउनु (पृ. २३४)<br>७१. प्रशान्त प्रवचन दिन असमर्थ हुनु (पृ. २३५)<br>७२. प्रशान्तले युगान्तरोत्सव प्रवचनमाला स्थगित गर्नु (पृ. २३५)<br>७३. मार्था भोक तोडेर प्रशान्तसंग प्रणयानन्दमा हराउनु (पृ. २३६–२३७)<br>७४. मार्था प्रणयजन्य मनस्थितिमा प्रशान्तसंग भेट हुनु (पृ. २३९)<br>७५. प्रशान्तले मार्थालाई पुरुषसित विवाह गर्ने सल्लाह दिनु (पृ. २४०)<br>७६. मार्था रिसले पड्किनु (पृ. २४०) |
| ३. अन्त्य भाग (चालीसौँ परिच्छेदको सैतीसौँ अनुच्छेदपकिछको शेषभाग) | (क) चिनारी | १. मार्थाले सामान्य अवस्थामा फर्किनु (पृ. २४०)<br>२. मार्थाले बस्ती त्याग गर्नु (पृ. २४३)<br>३. प्रशान्तले बस्ती त्यागेर शून्यतामा आदि माताको पुजा गर्ने उद्घोष गर्नु (पृ. २४३) |

पागल–बस्तीको कथानक व्यतिक्रमिक छ , क्रमिक तुल्याएर हेर्दा यस्तो देखिन्छ ।

पागल–बस्तीको क्रमिक तुल्याएको कथानक

| | | |
|---|---|---|
| १. आदिभाषा | (क) चिनारी<br><br><br><br><br><br><br><br>(ख) सङघर्ष विकास | १. मार्गरेट विलियम स्कटनामक सहपाठिको प्रेममा पर्नु(पृ. ५३)<br>२. स्कटले मार्गरेटलाई धोका दिनु (पृ. ५४)<br>३. आजन्म अविवहित रहि दु:खीहरुको सेवा गर्नु निश्चय गरेर नेपाल आएकी मार्गरेटले हुर्काउनु (पृ. ५४)<br>१. प्रशान्तले मार्थालाई प्रेम गर्नु तर केहि नभन्नु (पृ. १३६–१३७) |

| | | |
|---|---|---|
| ग | चरम (दोस्रो सङ्कटाबस्थादेखि अन्तिम सङ्कटावस्था सम्म ) | १. प्रशान्तले वर्ष दिनसम्म संगसंगै पढ्दा पनि मार्थाको नाम थाहा पाउने प्रयास नगर्नु (पृ. १३७)<br>२. प्रशान्तले शारीरिक रुपले नजिकिने प्रयास नगर्नु (पृ. १३७)<br>३. प्रशान्तले हीनग्रन्थीको वशीभूत भई प्रेम प्रदर्शन गर्न नसक्नु (पृ. ७२)<br>४. प्रशान्तको लिखित प्रेम निवेदन मार्थाले आफ्नो इच्छाअनुरुपको व्यक्ति ऊ नहुनाले अस्वीकार गर्नु (पृ. १३७)<br>५. प्रशान्तको पढाइमा रुचि हराउनु (पृ. १३७)<br>६. प्रशान्तले सत्यको खोजगर्नु गृहत्याग गर्नु (पृ. १३७)<br>७. मार्थालाई अत्यन्त पछुतो हुनु (पृ. १३८)<br>८. प्रशान्तले बस्ती स्थापना गर्नु (पृ. ४०)<br>९. मार्था क्षमा माग्ने उदेश्यले बस्तीमा प्रवेश गर्नु (पृ. ७६) |

| | | |
|---|---|---|
| | | १०. प्रशान्तले मार्थाको स्वागत गर्नु (पृ. ४४)<br>११. मार्था बस्तीमा गरिएको अतिशय सम्मान, पुजा र आराधानाले थिचिनु (पृ. ४५)<br>१२. मार्था परिस्थिति अनुसार बोल्न नसक्नु (पृ. ४५)<br>१३. मार्थालाई मन्दिर मन्दिर जस्तो नलाग्नु(पृ. ४८)<br>१४. मार्थाले प्रशान्तले आदिमाता भनेको मन नपराउनु (पृ. ५१)<br>१५. मार्थालाई निद्रा नलाग्नु ( पृ. ५२)<br>१६. मार्थालाई प्रणय भावना पैदा हुनु (पृ. ५५)<br>१७. प्रशान्तले अनावश्यक औपचारिकता देखाउन (पृ. ५६)<br>१८. मार्था इच्छा विपरीत आदिमाताको अग्रसन स्वीकार गर्न बाध्य हुनु (पृ. २७)<br>१९. मार्थालाई प्रशान्तको बढी औपचारिक लाग्नु (पृ. ६२)<br>२०. प्रशान्तको अतिव्यस्तताले |

| | | |
|---|---|---|
| | | मार्थालाई नराम्रो असर पार्नु ( पृ. ६९)<br>२१. मार्था प्रशान्तसंग प्रणय जन्य कामनाहरु पोख्नु (पृ. ७०–७१)<br>२२. प्रशान्त लोकोपवादबाट बच्न खोज्नु (पृ. ७१)<br>२३. मार्थाले प्रेममिलनको कडीलाई जोड्ने प्रयास गर्दा प्रशान्तले सतर्कता देखाउनु ( पृ. ७५)<br>२४. मार्था प्रेमउन्मादले ग्रसित भई प्रशान्तलाई भेटन आदिगृह जानु (पृ. ७९)<br>२५. प्रशान्तले मार्थालाई स्थिरप्राज्ञ भावले हेर्नु (पृ. ८०)<br>२६. मार्था शून्यमा एकोहोरिनु (पृ. ८०)<br>२७.प्रशान्त आदिपिता हुन नचाहनु (पृ. ८१)<br>२८. प्रशान्तले सबै मानवीय क्रियाकलाप अहंयुक्त देख्नु (पृ. ८२)<br>२९. वृद्धाले बस्तीमा शरण माग्नु (पृ. ९४) |

| | | |
|---|---|---|
| | | ३०. मार्थाको मन प्रणय प्रतीक्षाले अस्थिर हुनु (पृ. ११४)<br>३१. मार्था आदि आरोग्यशाला जाँदा कोढीहरुको विकृत शरीर देखेर आतङ्कित हुनु(पृ. १२२)<br>३२. मार्था सपनामा कोढीहरु देखेर कहालिनु (पृ. १२२–१२३)<br>३३. मार्थाले जमुना र प्रेममूर्तिको प्रेम मिलन गराउन खोज्दा जमुनाले नचाहनु (पृ. १२६–१२८)<br>३४. पसलेहरुले बस्तीवालाहरुलाई पागलहरुले बजार भाउ बिगारे(पृ. १३०–१३१)<br>३५. प्रेमले जमुनालाई प्रेम गर्न छाडेको घटनाले मार्थालाई चोट पर्न (पृ. १४१)<br>३६. प्रेममूर्तिमा आएको परिवर्तनले मार्था विस्मित हुनु (पृ. १४३)<br>३७. प्रेममूर्तिले ज्ञानमार्गमा अभूतपूर्व प्रगति गर्नु(पृ. १५४) |

| | | |
|---|---|---|
| | | ३८. जमुनाको स्वभाव भावशून्य हुनु (पृ. १५८)<br>३९. मार्था जमुनाको उदासिनताका निम्ति प्रेममूर्तिलाई दोषी देख्नु (पृ. १६०)<br>४०. जमुना आँखा नखोल्नु ( पृ. १६२)<br>४१. प्रेममूर्तिको अवस्था देखेर मार्था रुनु (पृ. १६२)<br>४२. डाक्टरहरुले जमुनालाई मानसिक आघात परेको शंका गर्नु (पृ. १६३)<br>४३. जमुनाको स्वास्थ्यमा सुधार नहुनु (पृ. १६४)<br>४४. बस्तीकी बूढीका छोराहरुले बस्तीमा आक्रमण गर्नु (पृ. १६८–१७०)<br>४५. बस्तीवालाहरु घाइते हुनु (पृ. १७०)<br>४६. मार्था बस्तीमाथीको हमलालाई अपमान ठान्नु(पृ. १७३)<br>४७. प्रशान्त जमुनाको गम्भीर अवस्था देखेर चिन्तित हुनु (पृ. |

| | | |
|---|---|---|
| | | १८१)<br>४८. मार्था जमुनाको रुपाकृति भिन्न देखेर तर्सिनु (पृ. १८६–१८७)<br>४९. प्रशान्तले प्रेममूर्तिको जन्मान्तरण घोषणा गर्नु (पृ. १८८)<br>५०. मार्थाले प्रेममूर्ति र जमुनाको भेट गराउन चाहनु तर प्रेममूर्तिले जमुनाको स्वस्थ्यमा असर पर्ने बताउँदै भेट्न इन्कार गर्नु (पृ. १८९)<br>५१. मार्थाले प्रेममूर्तिले बस्ती त्याग नगरोस् भन्ने चाहनु (पृ. १९१–१९३)<br>५२. मार्थाले प्रशान्तका कार्यहरु मनोविकास ग्रस्त देख्न (पृ. १९३)<br>५३. मार्थाले आफ्नो आस्थामा ठेस पुगेका ठान्नु (पृ. १९५)<br>५४. प्रशान्तले मार्थाको यौन अहं जागेको आरोप लगाउनु (पृ. १९५)<br>५५. मार्था प्रशान्तको आरोपले च्याँठिनु (पृ. १९५) |

| | | |
|---|---|---|
| | | ५६. प्रेममूर्तिको परिवर्तित व्यवहारले मार्था अशान्त हुनु ( पृ. १९८)<br>५७. मार्था मरिहाले धोका दिएको सपना देख्नु (पृ. १९८–१९९)<br>५८. डाक्टर कमलाले जमुनाको मृत्यु घोषणा गर्नु ( पृ. १९९)<br>५९. जमुनाको मृत्युपछि मार्थाले शून्यताको अनुभव गर्नु (पृ. १९९–२००)<br>६०. मार्थाले प्रेमको आस्था कमजोर भएको ठान्नु(पृ. २०४–२०५)<br>६१. मार्था युगान्तरोत्सवका विषयमा अनविज्ञ हुनाले रन्थनिनु (पृ. २११)<br>६२. कुकुर्नी बिन्दुको हत्याले बस्ती शोकाकूल हुनु (पृ. २१५–२१६)<br>६३. प्रशान्तको दीर्घ ध्यानमुद्राले मार्थामा प्रेम उन्माद बढ्न (पृ. २१८)<br>६४. मार्था भावावेगमा आएर |

| | | |
|---|---|---|
| | | प्रशान्तलाई म्वाई खाएर भाग्नु (पृ. २२०)<br>६५. प्रशान्तले कुष्ठरोगीहरुलाई समय दिन थाल्नु (पृ. २२६)<br>६६. मार्था प्रशान्तलाई कुष्ठरोग सर्ने डरले बेचैन हुनु (पृ. २२६)<br>६७. मार्थाले प्रशान्तलाई कोढी खाना जानबाट रोक्न खोज्नु ( पृ. २२८–२३०)<br>६८. प्रशान्त कोढी खानामा जान चाहनु (पृ. २३०)<br>६९. मार्थाले प्रशान्तलाई रोक्न भोक हड्ताल गर्नु (पृ. २३१)<br>७०. प्रशान्त मार्थाको माग पुरा गर्न असहमत हुनु (पृ. २३३)<br>७१. मार्थाको स्वास्थ्य विग्रनु ( पृ. २३३)<br>७२. कोढीहरु मार्थाको भोक हड्ताल थाहा पाएर कराउनु ( पृ. २३४)<br>७३. प्रशान्त प्रवचन दिन असमर्थ हुनु (पृ. २३५) |

| | | |
|---|---|---|
| | | ७४. प्रशान्त युगान्तरोत्सव प्रवचनमाला स्थगित गर्नु (पृ. २३५)<br>७५. मार्था भाक हड्ताल तोडेर प्रशान्तसंग प्रणयान्दमा हराउन (पृ. २३६–२३७)<br>७६. मार्था प्रणयजन्य मनस्थितिमा प्रशान्तसंग भेट हुनु (पृ. २३९)<br>७७. प्रशान्तले मार्थालाई सुयोग्य पुरुषसित विवाह गर्न सल्लाह दिनु (पृ. २४०)<br>७८. मार्था रिसले पड्किनु (पृ. २४०)<br>७९. मार्था सामान्य अवस्थामा फर्किनु (पृ. २४०)<br>८०. मार्थाले बस्ती त्याग गर्नु (पृ. २४३)<br>८१. प्रशान्तले बस्ती त्यागेर शून्यतामा आदिमाताको पुजा गर्ने उद्घोष गर्नु (पृ. २४३)<br>८२. किशोर काठमाडौंबाट घुमफिर गर्न नौँडाडा पुग्नु( पृ.३)<br>८३. एक जना रैथाले पागल– |

| | | |
|---|---|---|
| | | बस्तीका बारेमा गफ लगाउनु (पृ. ३)<br>८४. शिक्षकले पागल–बस्तीको गफ चुट्नु (पृ. ९–११)<br>८५. पागल–बस्ती शब्दले किशोरको मनभित्र गहिरो छाप पर्नु (पृ. ९)<br>८६. किशोरलाई सामनामा बाम पुड्के कङ्कालले खोद्नु ( पृ. १२)<br>८७. किशोरलाई बिउँझेपछि रिङ्गटा लाग्नु (पृ. १२)<br>८८. किशोर सिस्नोको झयाङ पछ्याउदै पागल–बस्ती भित्र पस्न खोज्नु (पृ. १३–१४)<br>८९. किशोर पागल भित्र प्रवेश गर्नु डराउनु (पृ. १५)<br>९०.गाइड भूत भन्दै कहालिएर भाग्नु (पृ. १६)<br>९१. कङ्गाल जस्तो जन्तु निस्केको आभास हुनाले किशोर र पनि भाग्नु (पृ. १६–१७)<br>९२. किशोरले मार्थालाई भेटेर |

| | | |
|---|---|---|
| | | पागल–बस्तीको फोटो देखाउनु (पृ. १७–१९)<br>९३. मार्था रिसाएर किशोरलाई फोटोले हानेर हिड्न (पृ. १५)<br>९४. किशोर माफी माग्न लेक्चररसकोलोनी भित्र छिर्नु ( पृ. २०)<br>९५. मार्थाले किशोरको कठालो समात्नु (पृ. २०) |

| | | |
|---|---|---|
| ३. अन्त्य भाग | सङघर्ष, ह्रास, उपसंहार | १. मार्था रुन थाल्नु (पृ. २२)<br>२. मार्थाले फोटो माग्नु (पृ. २४)<br>३. मार्थाले अस्वाभाविक खुसी देखिनु (पृ. २५)<br>४. मार्थाले किशोरलाई पागल–बस्तीको वास्ताविकता पत्ता लगाउने खोज्ने अनुमति दिनु (पृ. ३०–३१) |

### ५.२.४ कथानकको स्रोत

'पागल–बस्ती'उपन्यासको कथानकको स्रोत स्वैरकल्पना हो । अतिशय कल्पनाबाट निष्पन्न असम्भव कुराहरुको नाम स्वैरकल्पना हो । यसलाई स्रोत बनाएर पनि कथानकको निर्माण गरिन्छ । 'पागल–बस्ती'उपन्यासमा पागलहरुले बस्ती निर्माण गरेको प्रस्तुति छ,जो स्वंयमा एउटा स्वैरकल्पना हो । परम्पराभन्दा भिन्न ढङ्गले काम गर्ने,सोच्ने व्यक्तिलाई समाजले पागल भन्छ भन्ने यथार्थ यस उपन्यासमा प्रस्तुत गरिएको छ । यस उपन्यासले स्वैरकल्पनाको आवरणमा पारम्परित सामाजिक संरचनाको विरोध गरेको छ । उपन्यासकारलाई समाजको आलोचना गर्न स्वैरकाल्पनिक कथानकले मद्दत पुऱ्याएको देखिन्छ मार्थाको प्रशान्तसंग आसक्ति विषयका घटनाहरु स्वैरकाल्पनिक स्थल पागल–बस्तीमा घटेका छन् । यथार्थलाई अभिव्यक्ति दिने,एउटा माध्यमका रुपमा उपन्यासकारले स्वैरकाल्पनाको उपयोग देखिन्छ ।

समग्रमा मार्था र प्रशान्तको प्रणय प्रसंगमा आधारित पागल–बस्तीको कथानकले अहंवादी दर्शनलाई स्थापित गर्न खोजेको छ । पागल–बस्तीको कथानक शिल्पका दृष्टिले व्यक्तिक्रमिक छ । सिर्जनात्मक अंहको अपेक्षाले गर्दा केहिमात्रामा आर्दशपरक भएको छ ।

### ५.२.५ कथानकको ढाँचा

मार्थाले प्रशान्तले गरेको एकतर्फी प्रेम र गृहत्यागको घटना बस्तीवालाहरुलाई सुनाउँछे । प्रेमले जमुनालाई प्रेम गर्न छोडेको घटनाले मार्थालाई चोट पर्छ । जमुनालाई प्रेम गर्न छाडेपछि प्रेममूर्तिले  ज्ञानमार्गमा अभूतपूर्व प्रगति गर्छ । जमुना भावशून्य हुन्छे । मार्थाले जमुनाको उदासिनताका निम्ति प्रेममूर्तिलाई दोषी देख्छे । डाक्टरहरुले जमुनालाई मानसिक आघात परेको शङ्का गर्छन् । जमुनाको स्वास्थ्यमा सुधार नहुनाले मार्था चिन्तित हुन्छे । त्यही समयमा बस्तीकी बृद्धाका छोराहरुले बस्तीमा भौतिक आक्रमण गर्छन् । बस्तीवालाहरु घाइते हुन्छन् । मार्थाले बस्तीमाथिको हमलालाई अपमान ठान्छे । प्रशान्त जमुनाको गम्भीर अवस्था देखेर चिन्तित हुन्छ ।

सरुभक्तले पाठकलाई स्थूल कथानक भन्दा आफ्नै खालको अंहवादी दर्शनसंग परिचित गराउन चाहेको देखिन्छ । प्रशान्त मार्फत् अंहवादी दर्शन प्रस्तुत गरिएको छ भने मार्था मार्फत् विगतको जीवनबारे पुनरावलोकन गरिएको छ । मार्थाले आफ्ना समस्यालाई केलाएर प्रस्तुत गरिएको छे । उसले आफ्ना कुरा बस्तीवालालाई सुनाएकी छे । नेपाली उपन्यासमा आफ्ना विगत खोलेर अन्य सहभागीलाई बताउने कार्य विजयमल्लको'अनुराधा'(२०१८)मा पनि गरिएको छे। पागल–बस्तीमा मार्थाले झन्डै त्यस्तै कार्य गरेकी छ। त्यसैले पागल–बस्तीको कथानक ढाँचामा अनुराधा उपन्यासको झ–झल्कको आउँछ।

## ५.३ पात्र

'पागल–बस्ती'अल्पसंख्यक पात्रहरुको सहभागिता रहेको उपन्यास हो । यसमा पात्रहरुको भूमिका स्थान समान खालको छैन् । मार्था र प्रशान्त मुख्य पात्र हुन भने किशोर, जमुना, प्रेममूर्ति ,मैचाङ्ग, कपिल र विन्दु सहायक पात्रहरु हुन् । बाँकी सबै पात्रहरुको भूमिका गौण रहेको छ। मुख्यपात्रको संख्या थोरै रहेको कृतिलाई अल्पपात्रीय रचनाका रुपमा लिइन्छ। यस उपन्यासका अन्य पात्रका क्रियाकलापले कि त मार्थाका कि त प्रशान्तका चारित्रिक विशेषताहरुको उद्घाटनमा सहयोग पुऱ्याएको देखिन्छ। यस उपन्यासमा प्रस्तुत गरिएका पात्रहरुका चारित्रिक विश्लेषण गरिएको छ।

### ५.३.१ मार्था

मार्था'पागल–बस्ती'उपन्यासकी स्त्री पात्र हो। ऊ आदित्य नामक ब्राह्मणकी छोरी हो। सानै हुदाँ बाबुआमा मरेर टुहुरी बनेकी मार्था मार्गरेटले धर्मछोरी बनाएकी हुन्छे । धर्मआमाको देहान्त भएपछि ऊ एकली हुन्छे। उपन्यासको पहिलो भागमा वृद्धा र दोस्रो भागमा तरुणी सुकुमारी, र हिस्सी परेकी युवती देखिन्छे। उपन्यासमा यसको उपस्थिति पहिलो भागको पाँचौ परिच्छेद देखि दोस्रो (अन्तिम) भागको चालीसौं परिच्छेद सम्म विस्तारित छ ।'पागल–बस्ती'मा बस्तीको संस्थापक र सञ्चालक प्रशान्त भए पनि यसलाई आदिमाताको सम्मान दिदै भनिएको छ –"हाम्रो सम्पूर्ण अंह चेतन र अस्तित्व

आदिमाता–प्रेरित र प्रभावित छन्"(पृ.४४) । यसको अनुपस्थितिमा यसलाई निराकार आदिमाता भनिएको र भौतिक उपस्थितिपछि साकार आदिमाताको रुपमा सम्मान गरिएको छ । यसलाई नमस्कार गरेपछि बस्तीको दिनचर्या सुरु हुने गरेको छ । यसले बेलाबखतमा खासगरी प्रशान्तको हठ र जिद्दीलाई काबुमा ल्याउनु पर्दा आदिमाताको हैसियतले शक्तिको प्रयोग गरेकी छ(पृ. २१८)। बस्तीका सबै पात्र मार्थाको दर्शन गर्न इच्छुक देखिन्छन् । मार्था बस्तीमा प्रवेश गर्दा समर्थ देखि बस्ती नछाडदासम्म बस्तीको निर्माता प्रशान्तको मन जित्न फकाउने घुक्याउने, चिच्याउने,धम्कयाउने,खुट्टा बजार्ने,अतितका कुरा उक्काउने,तर्क बितर्क गर्ने जस्ता कार्यमा सक्रिय देखिन्छ ।

समग्रमा मार्था सामान्य पात्रविधानका दृष्टिले प्रमुख स्त्री, अनुकूल, गतिशील, वर्गीय, मञ्चीय र बद्ध पात्र हो अनि मनोविश्लेषणात्मक पात्र विधानका दृष्टिले सुसङ्गत् सहज, समायोजित पात्र भएकाले सामान्य पात्र हो । छिटै उतेजित हुनु"समयमै उचित निर्णय लिन सक्नु"नयाँ वातावरणमा घुलमिल हुन सक्नु मार्थाका थप विशेषता हुन ।

## ५.३.२ प्रशान्त

प्रशान्त 'पागल–बस्ती' को प्रमुख पुरुष पात्र हो । 'पागल–बस्ती' उपन्यासमा बस्तीको निर्माण गर्न, सञ्चालन गर्न, प्रवचन दिने काम प्रशान्तकै नेतृत्वमा भएको छ । मार्थाले प्रशान्तलाई यस बस्तीको निर्माण संस्थापक र प्रधान भनेकी छ ।(सरुभक्त २०६०:३८)। बस्तीका सबै पात्रले प्रशान्त प्रति उच्च सम्मान दर्शाइएको छ । बस्तीमा प्रशान्तको आदेश चल्छ (सुवेदी, २०५३–२८२) विभिन्न चरित्रका कथा मार्था र प्रशान्तको कथावस्तुको केन्द्रियतामा विकसित भएका छन्(सुवेदी २०५१:४४)। बस्तीको संस्थापक र प्रवचन कर्ता भएको हुनाले प्रशान्तलाई बस्तीले आदिगुरु मान्छे (अधिकारी २०५१ : १०८) । बस्तीमा स्थापित आदिशिक्षणशाला, आदिआरोग्यशाला र आदिश्रमशालाको संरक्षण र सञ्चालक प्रशान्त नै देखिन्छ । प्रशान्तको अहंवादी मार्ग बस्तीका सबै पात्रहरुको मार्ग दर्शन भएको पाइन्छ । प्रशान्तले पागल–बस्तीलाई प्रयोगभूमि बनाएको

छ । प्रशान्तले यहाँ बसेर परम्परा भिन्न अनेक वैचारिक एवं व्यवहारिक प्रयोग गरेको छ । बस्तीका अधिकांश पात्र प्रशान्तकै प्रेरणा र प्रोत्साहनको कारणले बस्तीका सदस्य बनेका छन् । बस्ती एउटै घर जस्तै देखिन्छ । उपन्यासकी नायिका मार्थासंग पूर्ण प्रणय प्रसंग र डा.कपिलले प्रप्त गरेको ज्ञान पनि प्रशान्तसंग नै सम्बन्ध देखिन्छन् । बस्तीमा सर्वाधिक प्रभावशाली र आकर्षक पात्र पनि प्रशान्तनै देखिएको छ ।

समग्रमा यस उपन्यासका प्रमुख पुरुष पात्र प्रशान्तनै हो भने निष्कर्षमा पुग्न सकिन्छ ।

## ५.३.४ किशोर

किशोर यस उपन्यासको सहायक पात्र हो । यसको उपस्थिति पृष्ठभूमिका रुपमा रहेको प्रथम भागमा सीमित छ । भुलक्कड स्वभावको भए पनि ठाँउको नाम हत्तपत्त नर्बिसिने किशोर पेशाले स्वतन्त्र पत्रकार हो । यो सात् पात्र हो । प्रेमको दुःखान्त विर्सिन प्रयत्नशील पदयात्री बताउने किशोर बोली र व्यवहारले कसैलाई चोट पुऱ्याउन नचाहने पात्र हो आफ्नो बोलीले मार्थालाई चोट पुगेको थाहा पाएपछि उसले मार्थासंग हात जोडेर क्षमा मागेको र मार्था झम्टिँदा पनि आवेगमा नआएको हुदाँ सहनशील पात्रका रुपमा देखिन्छ । प्रेमिकाले अर्कैसित विवाह गर्दा पनि उसलाई घृणा नगरेको हुदाँ यो इमान्दार प्रेमी हौ भन्न पुष्टि हुन्छ ।

किशोर पागल–बस्ती उत्खन्नमा उत्साही भएर लागेको हुदाँ उसको चरित्रमा गतिशीलता झल्केको देखिन्छ । ऊ वर्गीय पात्र हो र उसको सत् र नैतिक पत्रकार र प्रेमीको प्रतिनिधित्व गरेको देखिन्छ ।

## ५.३.५ जमुना

जमुना यस उपन्यासकी सहायक नारी पात्र हो । यसको उपस्थिति उपन्यासको दोस्रो भागमा छ । यसलाई मार्थाले आफ्नो पूर्व जीवनीको छायाँको रुपमा हेरेकी छ । सुकोमल र लज्जालु नारी जमुना सत् पात्र हो । मार्थालाई आमा सरह व्यवहार गर्ने, बस्तीमा

श्रमिकको भुमिका निर्वाह गर्ने, वृद्धालाई राडी बुन्न सिकाउने आदि सहयोग गर्ने कार्य यसले गरेकी छ । जमुना व्यक्ति पात्र हो । प्रेमीले पछ्याउन छाडेपाछि आघात पर्नु सामान्य प्रक्रिया नै हो तर जमुना जस्तै रुग्ण बने स्थितिमा सबै पात्र पुग्दैनन् । त्यसैले यसलाई व्यक्ति–पात्र भनिएको हो ।

जमुना गतिशील नारीपात्र हो । उसले सुरुमा बाहय सौन्दर्यलाई जोड दिएकी छ । खितखित हासिँरहने चञ्चल स्वभावकी जमुना प्रेममूर्तिले पछ्याउन छाडेपछि संवेदनाशून्य बनेकी छ ।

### ५.३.६ प्रेममूर्ति

प्रेममूर्ति यस उपन्यासको सहायक पुरुष पात्र हो । ऊ यस उपन्यासमा जमुनाको प्रेमी र प्रशान्तको शिष्यका रुपमा चित्रित छ । उसलाई उपन्यासमा अनुकूल सहभागीका रुपमा चित्रित गरिएको छ ।  मार्थाका भनाइमा“प्रेम सज्जन प्रकृतिको असल स्वभावको केटो हो”(पृ.१३९) । ऊ असल शिष्य र इमानदार प्रेमी हो । जमुनाबाट उपेक्षित भए पनि प्रतिशोधको भावना नलिनु,नारीलाई आमा,दिदीबहिनी र छोरीको जात ठान्नु, ज्ञान मार्गमा लागेर समाजसुधार गर्ने लक्ष्य बनाउनु आदि अनुकूल लक्षण हुन ।

प्रेममूर्ती गतिशील पात्र हो । ऊ अध्ययन भन्दा प्रेमतर्फ बढी आकर्षित भएको पात्र हो । सुरुमा अध्ययनमा गति दिन नसकेको प्रेममूर्ति जमुनाबाट टाढीएपछि अवैयक्तिक पात्र भएको छ र उसले पढाइमा आश्चर्यजनक प्रगति गरेको छ ।

### ५.३.७ मैचाङ

मैचाङ यस उपन्यासकी सहायक स्त्री पात्र हो । उपन्यासमा यसले मार्थाको चरित्र उद्घाटन गर्न सहयोग गरेकी छ । उपन्यासमा यसलाई अनुकूल सहभागीका रुपमा चित्रण गरिएको छ । सेविका,पुत्री र संगिनीजस्तै बनेर मार्थाको भौतिक सेवा गर्नु,मार्था र प्रशान्तको मेल हुदाँ खुसी हुनु,सामान्य गल्तीमा पनि क्षमा माग्नु आदि उसका चरित्रमा पाइने अनुकूलताका लक्षण हुन । उसले सेवा पुऱ्याएर मार्थाको मन जितेकी छ । पुरुष

जातिबाट धोका खाएकी भए पनि प्रेममूर्तिको हठ पनि तोड्न खोज्छे । त्यस्तै उसले मार्थाका गम्भीर क्षणलाई हाँसो ठट्टामा उडाएर मार्थाको उदासी मेटाउने प्रयत्न गरेकी छ । मैचाङ गतिशील पात्र हो । ऊ भौतिक रुपले पनि परिवर्तित भएकी छ । ऊ रुपमा सुन्दरी छ भने पछि डन्डीफोरका घाउले बिग्रेर कुरुप भएको छ । ऊ वर्गीय पात्रका रुपमा चित्रित छ । ऊ विवाहको क्रममा विदेश बेचिएकी छ त्यहाँ बर्षैसम्म नारकीय जीवन बिताई पछि फर्केका चेलीको प्रतिनिधित्व गर्छ ।

### ५.३.८ कपिल

कपिल यस उपन्यासको सहायक पुरुष पात्र हो । प्रशान्त सर्वाधिक प्रतिभाशाली शिष्य कपिल योग्य र अंह केन्द्रित विश्वका सवै रहस्य जानेर विश्वमा अहंवादी ज्ञान प्रचार गर्न बस्तीबाट निस्कने बौद्धिक चरित्र हो । यो अनुकूल पात्र हो । बस्तीमा श्रम कार्यमा संलग्न हुनु, सुयोग्य शिष्यका रुपमा प्रस्तुत हुनु,आदिगुरु र आदिमाता प्रति भक्तिभाव देखाउनु अहं ज्ञानको प्रचारका लागि बस्ती छाडेर हिड्नु आदि अनुकूल लक्षण यसका चरित्रमा भेटिन्छन् । यो व्यक्ति पात्र हो ।

### ५.३.९ बिन्दु

यस उपन्यासको मानवेतर सहायक सहभागि बूढी र पातली कुकुर्नी बिन्दु प्रशान्तको मित्र हो । बस्तीको रखबारी गर्नु , बस्तीमा प्रवेश गर्ने अपरिचित व्यक्तिलाई भुक्नु,मार्थालाई संकेतिक सूचना दिनु,आक्रमणकारी माथि झम्टिनु,भोको बाधालाई दुध खुवाउनु आदि उसका चरित्रमा भेटिने अनुकूलताका लक्षण हुन ।

### ५.३.१० गोलघरको नाइके

पागल–बस्तीका श्रमिकहरुको प्रशासक र व्यवस्थापक नाइके उपन्यासको गौण पुरुष पात्र हो । अधबैसे उमेरको मोटोव्याटो र अग्लो नाइके भुतपूर्व सैनिक हो । नाइके अनुकूल पात्र हो । बस्तीको खर्च व्यवस्थापन गर्नका निम्ति सस्तो मूल्यमा सामान बेच्नु,रमितेहरुले आक्रमण गर्दा सभ्य तरिकाले हात जोडि सम्झाउने प्रयास गर्नु श्रमप्रति

सम्मानित दृष्टि राख्नु आदि उसका चरित्रमा भेटिने अनुकूलताका अभिलक्षण हुन् । नाइके गतिशील पात्र हो ।

### ५.३.११ बूढी

बूढी यस उपन्यासकी गौण नारी सहभागी हो । बस्तीको भलो चिताउनु, श्रमकार्यमा संलग्न हुनु, बस्तीको हितमा निम्ति आफूलाई बाल चढाउनु आदि उसका चरित्रमा पाइने अनुकूलताका अभिलक्षण हुन । ऊ आरम्भमा थकित र पछि बलिदानी स्वाभावकी देखिएकी हुनाले गतिशील पात्र हो । बूढी वर्गीय पत्र हो ।

### ५.३.१२ आनन्द

डाक्टर आनन्द यस उपन्यासको गौण पुरुष पात्र हो । यो आदिआरोग्यशालाको प्रमुख चिकित्सक हो । यु.के.मा एम.बी.बी.एस.र यु.एस.ए.मा लेप्रोसीसम्बन्धी विशिष्ट अध्ययन गरेको आनन्द यस उपन्यासको बौद्धिक पात्र हो । यो अनुकूल चरित्र हो । काठमाडौंमा पैसा कमाइरहेको स्थितिमा प्रशान्तले उसलाई तपाई सफल डाक्टर होइन् । मिस्त्री हुनुहुन्छ भनेपछि उसको अहङ्कारमा ठेस लाग्छ र ऊ प्रशान्तको शरणमा पर्छ । यसले प्रशान्तमा कुष्ठरोग सर्नबाट जोगाउने यत्न गरेको छ । कमाउने व्यवसाय छाडेर सेवामा समर्पित भएको हुदाँ ऊ गतिशील पात्र हो । ऊ वर्गीय पात्र हो ।

### ५.३.१३ कमला

डाक्टर कमला यस उपन्यासको गौण स्त्री सहभागी हो । डाक्टर आनन्दको सहायक भएर काम गर्ने अधबैसे कमला स्त्री रोग विशेषज्ञ हो यो अनुकूल पात्र हो । जमुनाको उपचारमा खट्नु, घाइलेहरुको उपचार गर्नु, माथिको भोक हड्तल तोड्न सक्रिय हुनु, प्रेमको शक्तिपति भरोसा गर्नु आदि उसका चरित्रमा भेटिने अनुकूलताका लक्षण हुन् । रोगीका सेवामा समर्पित हुनु उसका चरित्रमा पाइने स्थिरताका लक्षण हुन् । रोगीका सेवामा समर्पित हुनु उसका चरित्रमा पाइने स्थिरताका लक्षण हुन् । ऊ वर्गीय पात्र हो र उसले पेशाप्रति इमान्दार चिकित्सकको प्रतिनिधित्व गर्छे ।

### ५.३.१४ प्राचार्य

यस उपन्यासको गौण पुरुष सहभागी प्रचार्य अनुकूल पात्रका रुपमा चित्रित छ । सात समुन्द्रपारि पढेर भारतमा धेरै वर्ष पढाएको अविवाहित प्राचार्य बौद्धिक चरित्र हो । विनयशीलता प्रदर्शित गर्दै बोल्नु, आदिगुरुद्वारा सृजित पाठयशैलीका आधारमा विज्ञान विषयको शिक्षण गर्नु, आदिमातालाई विज्ञान विषयको शिक्षण प्रक्रियाका बारेमा सूचना उपलब्ध गराउनु आदि उसका चरित्रमा भेटिने अनुकूलताका लक्षण हुन । ऊ गतिशील पात्र हो ।

### ५.३.१५ मिस मेरी

गौण स्त्री सहभागी मिस मेरी अनुकूल सहभागी हो । ऊ मायालु, प्रफुल्ल र विनोदप्रिय स्वभावकी छ । किशोर र मार्थाको सम्बन्ध जोडने सेतुको भुमिका निर्वाह गरेकी मेरी आदर्शवादी नोरी हो । मेरी वर्गीय पात्र हो र उसको चरित्रमा शिक्षित,व्यावहारिक सहयोगी र सभ्य नारीको प्रतिनिधित्व भएको छ । सुरुदेखि अन्त्यसम्म उसका चरित्रमा अनुकूलताका अभिलक्षण उही रुपमा रहेकाले ऊ स्थिर पात्र हो ।

### ५.३.१६ शिक्षक

शिक्षक गौण पुरुष सहभागी हो । पागल–बस्तीको रहस्यमय कथा सुनाउने शिक्षक वर्गीय पात्र हो । उसले रहस्यमय कुरामा वैज्ञानिक प्रमाण खोज्न नचाहने आध्यात्मिय संस्कार भएका बौद्धिक पात्रको प्रतिनिधित्व गर्छ । एकैनासको चरित्र भएको स्थिर पात्र हो ।

### ५.३.१७ लजमालिक्नी

उपन्यासको पृष्ठभूमि भागमा उपस्थित लजमालिक्नी गौण स्त्री सहभागी हो । बौलाहा भउतेलाई टपरीभरि भात दिएकी र व्यावसाय गरेर जीविका चलाएकी हुँदा ऊ अनुकूल पात्र हो । ऊ वर्गीय पात्र हो र उसले निम्न माध्यम वर्गीय यथार्थवादी व्यवसायीको प्रतिनिधित्व गर्छे । ऊ चरित्रिक अपरिवर्तनशीलताका कारण स्थिर पात्र हो ।

### ५.३.१८ भउते

भउते यस उपन्यासको गौण पुरुष पात्र हो । ऊ वर्गीय पात्र हो । ऊ बाबुआमा गुमाएर र साहु लागेर खान नपुगी सडकमा पुगेका विकृत सहभागीको प्रतिनिधित्व उसका चरित्रमा भएको छ । सुरुमा मगन्ते र पछि हावा खस्कन लागेको चरित्रका रुपमा बद्लिएको भउते गतिशील पात्र हो ।

### ५.३.१९ मिस मार्गरेट

मार्थाका धर्म माता मिस मार्गरेट गौण स्त्री सहभागी हो । ऊ अनुकूल पात्र हो । गान्धीको नेतृत्वमा चलिरहेको अहिंसात्मक आन्दोलनमा भाग लिनु दुःखीहरुको सेवाश्रम खोलेर बस्नु, टुहुरी मार्थालाई धर्मछोरी बनाउनु आदि अनुकूलताका लक्षण हुन् । मार्गरेट गतिशील पात्र हो । सुरुमा उत्साही नारीका रुपमा देखापरेकी छ भने विलएम स्टक नामको प्रेमीले प्रेममा धोका दिएपछि उसको उत्साहमा ह्रास आएको छ । ऊ वर्गीय पात्र हो र उसले प्रेममा  धोका खाएर अविवाहित रहि दुखीहरुको सेवामा संलग्न कुलीन नारीका प्रतिनिधित्व गर्छे ।

### ५.३.२० चियापसले

गौण पुरुष सहभागी चियापसले वर्गीय पात्र हो । गल्लावालाको रोजाइमा पर्न नसकेको र पहिराले गर्दा स्वास्नी गुमाएको चियापसलेका चरित्रमा गाउँका सोझा,सरल र समान्य चियाव्यवसायीले प्रतिनिधित्व भएको छ । चारित्रिक अपरिर्वतनशीलताका कारण ऊ स्थिर चरित्रका रुपमा उभिएको छ ।

### ५.३.२१ सेर्पा गाइड

सेर्पा गाइड गौण पुरुष सहभागी हो । किशोरलाई गोराहरुको स्वभावबारे सूचना दिने गाइड अनुकूल सहभागी हो । उसले अध्ययन छाडेर पेशामा संलग्न बनेको नवयुवक पात्रहरुको प्रतिनिधित्व गर्छ । रुचि परिवर्तन गरेको हुँदा ऊ गतिशील पात्र हो ।

### ५.३.२२ गाइने गाइड

गौण पुरुष सहभागी गाइने गाइड अनुकूल र स्थिर सहभागी हो । उसले बस्तीमा बस्ने मान्छेहरु शङ्कास्पद छन् भन्ने टिप्पणी गरेर माथिप्रति चिन्ता र सहदयीको भाव व्यक्त गरेको छ । इमानदार श्रमिकको प्रतिनिधित्व गर्ने गाइड वर्गीय पात्र हो ।

### ५.३.२३ गाइने केटो

गौण पुरुष सहभागी गाइने केटो अनुकूल र स्थिर पात्र हो । किशोरलाई पागल–बस्तीभित्र पागलहरुको भूत नाच्न थाल्छ भनी सम्झाउनु केटाका अनुकूल र स्थिरता दुबैका लक्षण हुन् । ऊ वर्गीय पात्र हो र उसले नैतिके गाइड प्रतिनिधित्व गरेको छ ।

### ५.३.२४ बूढीको छोरो

बूढीको छोरो गौण पुरुष सहभागी हो । पत्नीको कुरा सुनेर आमालाई घर त्याग्न बाध्य परेको हुँदा ऊ प्रतिकूल पात्र हो । ऊ वर्गीय पात्र हो र उसले स्वस्नीका कुरा सुनेर आमालाई उपेक्षा गर्ने व्यक्तिको प्रतिनिधित्व गर्छ । ऊ गतिशील पात्र हो । उसले सुरुमा आमालाई माया गर्ने र पछि हेला गर्ने स्वभाव देखाएको छ ।

### ५.३.२५ प्रकाश

गौण पुरुष सहभागी डाक्टर प्रकाश अनुकूल र स्थिर पात्र हो उसले आदिगुरु र मार्थाको आरोग्यताका निम्ति सक्रिय भुमिका निर्वाह गरेको छ । ऊ वर्गीय पात्र हो र उसले चिकित्सकको प्रतिनिधित्व गरेको छ ।

### ५.३.२६ मान्द्रो विक्रेता बाजे

गौण पुरुष सहभागी मान्द्रो विक्रेता बाजे असत् र स्थिर पात्र हो । असत् पात्रको रुपमा असले बस्तीबालाहरुले सुपथ मूल्यमा सामान बेचे भनेर विरोध जनाएका छन् । बाजे वर्गीयपात्र हो र बाजेले बजार भाउँ बिगारे भनेर दाङ्गा मच्चाउने गाँउलेहरुको प्रतिनिधित्व गरेको छ ।

### ५.३.२७. भूतपूर्व प्रेमीका

भूतपूर्व प्रेमीका गौण स्त्री प्रेमीका हो । एउटा संग प्रेम गरेर अर्कैसंग विवाह गरेकी हुँदा यो असत् पात्र नै हो । स्वभावमा परिवर्तन देखिएको हुँदा ऊ गतिशील पात्र हो र उसले खाइलागदो केटा भेटाए पछि प्रेमिलाई त्यागी दिने युवतीको प्रतिनिधित्व गर्छे ।

### ५.३.२८ ठुले खत्री

गौण पुरुष सहभागी ठुले खत्री यस उपन्यासको अनुकूल र गतिशील पात्र हो । ऊ वर्गीय पात्र हो र उसले आफूलाई सहासी रुपमा प्रस्तुत गर्न खोज्ने तर भित्रभित्रै र्तसिने व्यक्तिको प्रतिनिधित्व गर्छ ।

यस उपन्यासमा पात्रहरु बीच पर्याप्त मात्रामा संबाद गराइएको हुँदा दार्शनिक विषयमा लेखिएको उपन्यास भएर पनि रोचक बनेको छ । डायरीको प्रयोग गरेर पनि चरित्र माथि प्रकाश पारिएको छ । मार्थाकी धाईआमाको चारित्रिक विशेषताको उदघाटनका निम्ति डायरीको उपयोग गरिएको छ । मार्थामा केहि मात्रा चारित्रिक जटिलता रहेको हुँदा आन्तरिक तहलाई उधिनेर सार्वजनिक गरिएको छ । प्रशान्तमा चरित्र चित्रण मात्रै गरिएको छ ।

## ५.४ द्वन्द्व

'पागल–बस्ती'उपन्यासमा विश्वासनीय ढंगले द्वन्द्वको आयोजना गरिएको पाइन्छ । यस उपन्यासमा बाह्य र आन्तरिक दुबै खाल द्वन्द्वको प्रयोग गरिएको छ ।

### ५.४.१ बाह्य द्वन्द्व

'पागल–बस्ती'मा व्यक्ति–व्यक्ति बीच र समूह बीचमा भएका प्रमुख द्वन्द्वहरु निम्नलिखित छन् ।

#### ५.४.१.१  मार्था र प्रशान्तका बीच

प्रशान्त र मार्थाबीचको द्वन्द्व सत्–असत् वा अनुकूल र प्रतिकूल पक्षका बीचको द्वन्द्व नभएर आसक्ति र अनासक्तिको द्वन्द्व हो । गृहत्याग गर्नु भन्दा पहिले प्रशान्तले मार्थाप्रति आसक्ति देखाउँछ भने मार्थाले अनासक्ति देखाउँदै प्रशान्तप्रति असक्ति देखाउँछ । प्रशान्तले गृहत्याग गर्नुभन्दा पहिले प्रशान्त र मार्थाको बीच सम्बाध भएको थिएन् । त्यसैले द्वन्द्व अव्यक्त रहेको पाइन्छ । मार्था पागल–बस्तीमा प्रवेश गरेपछि उसले आफ्ना प्रणय अकांक्षा व्यक्त गरेकी छ । बस्ती स्थापना पछि प्रशान्तका कुण्ठाहरुको उदात्तीकरण भएको छ । उसले मार्था प्रति आसक्ति प्रकट गरेको छ । त्यसैले द्वन्द्व संवादात्मक रुपमा चर्केको छ । मार्थाले प्रशान्तको अंहवादी जीवन दर्शन र उसको आचरण प्रति संकेत गरेर अहति प्रकट गरेका निम्न् छन् ।

१.) यो अनावश्यक औपचारिकता म सहन सकिन् (सरुभक्त २०६०:५६) ।

२.) तिमी प्रेममा विश्वास गर्दैनै,विश्वास गरेपनि खास महत्व दिदैंनौ (पृ.६२)

३.)“प्रशान्त,तिमी अवश्यकता भन्दा बढी औपचारिक छौ , पहिले पनि यस्तौ थियौँ”( पृ.१३१:६३)

४.) “मलाई आदिमाता नभन प्रशान्त प्लिज”(पृ. ६३)

५.) “आफनै दर्शन नबुझ्ने दार्शनिकहरु थुपरै छन्”(पृ.६४)

६.) “तिमीशति मलाई दिने समयनै छैन् भने मान्छेहरुले जति सुकै पुजा गरेर पनि त्यसको के मूल्य”(पृ.७१)

७.) प्रशान्त “तिमी मलाई प्रेम गर्छौ र म देखि भाग्न चाहन्छौ सिद्धान्त र परम्पराहरुको जाल बुनेर,मिथमेकिगं गरेर”(पृ.७२)

८.) “तिमी कहिले पनि तिमी मेरो त्यति नजिक आएनौ , जहाँ म तिम्रो आखाँको भाषा पढन् सकुँ, मनको भाषा बुझ्न सकुँ”(पृ.७२)

९.)“आकास्मात् तिमीले प्रेम प्रकट गयौँ र आकास्मात् तिमीले प्रेम अपमानित भएको विचार गयौँ र आकास्मात् अध्ययन देखि लिएर घरबार सब छाडेर गयौँ–आखिर किन ? दुनियाँको आँखामा मलाई क्रुर प्रेमीका साबित गर्ने”(पृ.७२–७३)

१०.) “तिम्रो बोधज्ञान वा आत्मज्ञानको उदगम् स्रोत मेरो अपेक्षा हो,सिर्फ उपेक्षा”(पृ. ७६)

११.) “तिम्रो कुरा ठिक होला,तर म प्रेममा विश्वास गर्दछु , अहंमा विश्वास गर्दिनँ”(पृ. ८१)

१२.) “यहाँ जीवनको दर्शन नखोजिकन किन ऊ हराएकी श्रीमति खोज्न चाहन्छ ? यस्तो लाग्छ , तिमी दर्शनले काम नगरे जस्तो छ”(पृ. ८५)

१३.) “तिमी यस्ता खुला किताब हो, जसको लिपी बुझ्दैन्”(पृ. ११३)

१४.) “प्रेमलाई होच्याएर यस कारण अहंकारको भासन छाट्छौ कि कुनै बेला उपेक्षित भएको तिम्रो प्रेम जसले बिक्री अहंकारको रुप लिइसकेको छ । त्यलाई संतुष्टि र आन्नद प्राप्ति हुन्छ”(पृ. १९३)

१५.) “तिमी मतिभ्रमका सिकार भएका छ त्यसैले ममता जस्तो पवित्र कुरामा पनि अहङकारको गन्ध भेट्छौ”(पृ. २१४)

१६.) “स्टप इट !!” मार्था पड्किन्छिन् (पृ २४०)

### ५.४.१.२ जमुना र प्रेममूर्तिका बीच

जमुना र प्रेममूर्तिका बीच पहिला प्रेममूर्तिले जमुनाका पछि पछि लागेर मन आसक्ति देखाउँछ भने जमुनाले प्रेममूर्ति प्रति म आस्कि देखाउँछे । प्रेममूर्ति लज्जालु स्वभावका हुनाले र जमुना अल्लारे स्वभावकी हुनाले यि दुई एक आपसमा संवाद गर्दैनन् । उनिहरुले अन्य व्यक्ति मार्फत आफना असन्तुष्टि प्रकट गरेका छन् । जमुनाले मैचाङ र मार्थासंग आफनो मनको भेद खोल्दै प्रेममूर्तिको अनुहार र व्यवहार मन नपर्ने बताएकी छ । यस्ता केहि निम्नलिखित छ ।

१.) “यस्तो अनुहार नपरेको मोरो...”(पृ. ११९)

२.) रिसले फुलिरहेकी जमुना आँखा जुध्नासाथ माथिल्लो पङतिले जीब्रामा लटपटिएका सबै कुरा सहोरेर जमिनमा थुकिदिन्छे (पृ.१२७)

३.) “खालिपछि लागिरहन्छ कुकुर जस्तो ....।”....जमुनाको अुहार रिसले झन बढी फुल्नथाल्छ । ऊ प्रेमको पक्षबाट कुनै पनि कुरा सुन्न् इनकार गर्छ र घरिघरि जमिनमा थुकिरहन्छे । (पृ. १३८)

४.) जमुना मुखफुलाउँदै जुरुक्क उठ्छे र एकापट्टि फर्कर बरबराउन थाल्छे । (पृ. १३९)

### ५.४.१.३ किशोर र प्रेमिका बीच

किशोरले मार्थासंग आफनो मनको भेद खोलेको छ । उपन्यासमा नेपथ्यका चरित्रका रुपमा प्रस्तुत गरिएकी प्रेमिकाले धनको लोभले वा यौनेच्छाका कारणले अर्कैसित विवाह गरेकी हुदाँ किशोर द्वन्द्वमा परेको छ । किशोर र प्रेमिका बीच मूलत : निस्वार्थ प्रेम र भौतिक आसक्तिको द्वन्द्व छ । प्रेम र भौतिक आसक्तिका बीच तालमेल नहुनाले दुःखान्त घटित भएको छ । भावनात्मक प्रेमी किशोरले प्रेमीकाका आचरण र मानवीय प्रवृतिबारे असहमति प्रकट गरेका निम्न यसप्रकार छन् ।

(१) “म जसलाई प्रेम गर्ने , उसले अर्कोसित विवाह गरी” ( पृ. २४)

(२) "थाहा छ आन्टी...तपाई मलाई यतिमात्र भनि दिनोस, कसैले प्रेम गर्छ भनेर जान्दा जान्दै किन अरुसित विवाह गर्छन मान्छेहरु ? के प्रेमलाई अपमान नगरिकन संसार चल्न सकैन" ( पृ. २८)

### ५.४.१.४ बस्तीबाला र गाउँलेहरुबीच

बस्तीबाला र गाउँलेहरुबीच पोखराको टुडिखेलमा मालसामान खरिदबिक्रि गर्ने विषयमा द्वन्द्व भएको देखिन्छ। यस प्रकार छन् –

(१) "जान्दैनम् हामी त्यस्ता कुरा ‼ बहुलाहरु पागलहरु ‼"

"के भो हँ ? पागलहरुको के गरे हँ ?"

"मनपरी भाउ गरे, मनपरी ‼"

"कस्तो मनपरी भाउ ?"

"ए गाउँले ! के को मनपरी भाउ हँ ?"

"मान्द्रोको !"

"हामी चाहिने मान्द्रो बेच्न आका...यी पागलहरु मनपरी भाउ घटाएर बेच्दा रहेछन। यसरी भाउ बिगार्न पाइन्छ" ( पृ. १३१)

(२) "यी भाउबेसाहा बिगार्ने पागलहरुलाई खेद्नुपर्छ यहाँबाट" ( पृ. १३१)

### ५.४.१.५ बूढीका छोराहरु र बस्तीबालाबीच

छोराबुहारीबाट हेपिएकी बूढीले बस्तीमा शरण लिएकी छ। बूढीका छोराहरु लोकलाजका डरले बूढीलाई बस्ती फिर्ता दलबलसहित बस्तीमा प्रबेश गर्दा बस्तीबालासंग द्वन्द्व भएको छ। निम्न यसप्रकार छन्।

१.) बूढीका छोरा र उसका साथीहरु ढुङगामुढा,लाठी प्रहार गरिरहेका हुन्छन् । ती ठोक पागलहरुलाई ‼ भनेर सिंहनाद गर्दै बर्बरतापूर्वक पिददै बस्तीमा घुस्न खोज्छन् ( पृ. १६९)

२.) “यो स्वतन्त्र वस्तीमा सबै आमाहरु, सबै छोरीहरु पूर्ण रुपले स्वतन्त्र छन् । यस बस्तीबाट आमाहरु र छोरीहरु इज्जतका साथ बिदा हुन सक्छन्–तर यस भूमिबाट आमाहरु र छोरीहरु अपहरण हुन् –सक्तैनन्”

### ५.४.२ आन्तरिक द्वन्द्व

एउटै व्यक्तिका विपरीत भावका बीचमा हुने सङघर्षलाई आन्तरिक द्वन्द्व भनिन्छ । यस उपन्यासका मार्था किशोर र जमुनाले आन्तरिक संघर्ष भ्रेलेको पाइन्छ । सभ्य र शिक्षित पात्र हो । उसले मनको मर्म केहि हदसम्म मैचाङ र प्रशान्तसंग खोलेकी भए पनि मैचाङसंग खुलस्त हुन सकेकी छैन । प्रशान्तले औपचारिक व्यवहार देखाएकी हुदाँ उसको प्रासङिगक मर्म मात्र खोलेकी छ । प्रेमको एकतर्फी प्रतीक्षा गरेर बसेकी मार्था अर्न्तद्वन्द्व ग्रस्त पात्र हो ।

१.) “मार्था परिस्थितिअनुरुप ठीक र उपयुक्त शब्द चयन गर्छिन तर सम्पूर्ण आत्मविश्वासलाई एकत्रित गर्न खोज्दा पनि तिनको वाक्य फुटदैन्, ओठ मात्र फरफराउँछन्”(पृ.४५) ।

२.) मनपरी घरीघरी एउटा भाबना उत्पन्न हुन्छ–चाँडो भन्दा डाँचो यँहाबाट भागेर बस्तीको मूल ढोका पार गरुँ (पृ.५७) ।

३.) आँखाहरु पिरा हुन्छन् । घरीघरी आँखाका ढकनीहरु बिना प्रयत्न खस्छन् तर मन सुत्न मान्दैन (पृ.७९) ।

४.) तिनी मनले राम्रैसित उठ्ने प्रयास गर्छिन्, तर शरीर उठ्न मान्दैन(पृ.८०) ।

५.) अपरिचित बूढीलाई उपेक्षा गर्नु ठीक होला कि प्रशान्तका तर्फबाट केहि गर्नु बेस होला (पृ.९३) ।

६.) पहिलोपल्ट तिनलाई आफ्नो करिस्मायुक्त व्यक्तित्वको जादूदेखि सारै नै चर्को वितृष्णा हुन्छ (पृ.१२१) ।

७.) मार्था देब्रे आँखाको कुनाबाट भीडलाई शत्रुतापूर्वक हेर्छिन र मनमनै भूतभतिन्छिन् (पृ.१२९) ।

८.) तिनलाई जोडले रुनमन लाग्छ , तर मैचाङले थाहा पाउली भनेर सुकसुकाउँछिन् मात्र (पृ.१४९) ।

९.)" प्रेमभन्दा अहंकार महान हुन सक्तैन्, सक्तैन्, सक्तैन्"(पृ.१७६) ।

१०.) "पुत्री कमला...?" तिन सोहन खोज्छिन् तर अप्रिय कुराको आशंकाले डराउँछिन् ( पृ. १७८) ।

प्रशान्तले गृहत्याग गरेदेखि नै मार्था द्वन्द्वमा परेकी हुदाँ उसको मनोद्वन्द्वको पृष्ठभूमि लामो देखिन्छ । मार्थाको मानसिक द्वन्द्व उपन्यासका अन्य पात्रका तुलनामा बढी सघन देखिन्छ । मार्था प्रशान्तको औपचारिक व्यवहार र जीवनदशर्नप्रति असन्तृस्ट छ र मनमा कुरा खेलाइरहन्छ । मार्थाको असन्तुष्टिले प्रतिशोधको रुप लिएको भने छैन् ।

मार्था पछि यस उपन्यासमा द्वन्द्व झेल्ने पात्र किशोर हो । प्रेमिकाले अन्य व्यक्तिसंग विवाह गरेकी हुँदा उसले आन्तरिक तनाव झेलेको छ । तनाव कम गर्नका निम्ति ऊ घुमफिर गर्न हिडे्को छ । उसका तनावसंग सम्बन्धित केहि निम्न यस प्रकार छन् ।

१) "म यतिखेर पत्रकार होइन्, प्रेमको दु:खान्त विर्सन प्रयत्नशील पदयात्री हुँ,सम्झना हुन्छ । उफ् ! तिमी किन पराईकी स्वास्नी भयौ, मैले प्रेम गर्छु भन्ने थाहा हुँदाहुदै

साच्चै तिमी other man’s wife हो । तिमीले प्रेमको सट्टा के रोज्यौ सेक्स वा धनसम्पत्ति” ( पृ. १२) ।

२) एक पल्ट त सोच्छ पनि मिसमेरीलाई ‘भइगयो’ भनेर भरसक चाँडो कुलेलम ठोकु ( पृ. २१) ।

यस उपन्यास आन्तरिक द्वन्द्व भोल्ने पात्रमध्ये जमुना पनि हो । जमुनाले आरम्भमा प्रेममूर्तिलाई घृणा गर्छे । प्रेममूर्तिले पिछागर्न छाडेपछि पछुताउँछे र तनाव थेग्न नसकेर मर्छे । अन्य पात्रहरु मध्ये मैचाङले र विन्दुमा पनि आपसी द्वन्द्व छ तर त्यो द्वन्द्व हलुका खालको छ । बस्तीका केहि ईष्यालु स्त्री पात्रहरु जमुनाको डाह गर्छ । उनिहरुको द्वन्द्व समान्य खालको छ ।

‘पागल–बस्ती’उपन्यास द्वन्द्व प्रयोगका दृष्टिले महत्वपूर्ण देखिएको छ । यस उपन्यासमा विपरित प्रकृति, विपरित रुचि र विपरित प्रवृतिका पात्रहरु बीच बैचारिक द्वन्द्व छ । यस्तो द्वन्द्व बढी सशक्त देखिएको छ । शून्यताको बोध भएको पात्रले भने मानसिक द्वन्द्व भोलेको छैनन् ।

**५.५ परिवेश**

‘पागल–बस्ती’उपन्यासमा परिवेशलाई जनाउने स्थान,समय र वातावरणसंग सम्बद्ध परिवेशलाई जनाउँने कतिपय ऐतिहासिक स्थल स्वैरकाल्पनिक स्थल र सामान्य स्थलको वर्णन गरिएको छ । यसमा घटना घटित नभएको तर घटना स्थलबाट नदेखिने ठाउँहरुको स्वछन्द वर्णन पनि पाइन्छ ।

‘पागल–बस्ती’बाहिरका ठाउँहरुमा कास्कीको नौडाँडा पृथ्वीनरायण क्यामपसको लेक्चरर्स कोलोनी र पोखराको टुडिखेल बढी महत्वपूर्ण स्थान हुन । यस उपन्यासमा व्यक्तिगत नाम नदिएका रेस्तोराहरु, स्थाई क्यरीयो पसलहरु, चिया पसल, गाउँघर, नेपाली डाँडाकाँडा, चौतारी, लज, स्कुल, पाखा, कोठा, युरोपदेश भाडी, पहाडीभेक, बजारी, रण्डीकोठी, खेत आदि सामान्य स्थनको वर्णन पनि पाइन्छ । यस उपन्यासको

मूल कार्यस्थल पागल–बस्ती हो र यो बस्ती स्वैरकाल्पनिक बस्ती हो । कालीगाडियुक्त घरहरु,मैदानको चित्रणमा उपन्यासकारले बढी रुचि देखाएका छन् । यसमा स्वैरकाल्पनिक स्थान र ऐतिहासिक स्थानको वर्णन गरिएको छ ।

यस उपन्यासलाई भिन्न समय,स्थान र वातावरणमा राखेर सकिदैन । यसमा द्वितीय विश्वयुद्धको चोट खाएका पात्रलाई समेत समावेश गरिएको छ । विश्वयुद्धको प्रभाव परेको वातावरण चयन गरिएको छ । प्रकृतिको सुरुप र कुरुप पक्षको चित्रण गर्नका निम्ति मध्य पहाडी भुभाग उपयुक्त हुन्छ । हिमाल र  हरिया पहाडी दृश्यको वर्णन एकातिर छ भने अर्कातर्फ पहिरामा ज्यान गुमाएको खानलाई धौधौ परेको सन्दर्य पनि जोडिएको अवस्थाको वर्णन छ । उपन्यासमा गाउँ र बजार दुबै क्षेत्रको वातावरणको चित्रण गर्न खोलिएको हुदाँ र आञ्चलिकताको छनकसमेत दिन खोजिएको हुँदा पर्यटकहरु लोभिएर आइरहने स्थानको चयन सार्न्दभिक बनेको छ । धेरै मान्छेलाई टुडिखेल बजारमा भेला गराइ मानवीय स्वभाव र कमजोरीको चित्रण गरिएको छ । कास्कीको स्थानीय बोली, रीतिरिबाज,संस्कृति,चाडपर्व,दशैमेला आदिको चित्रणले उपन्यासमा आञ्चलिकता र्स्पश दिन खोजिएको भनि हुन्छ । प्रकृतिको सुरुप पक्षको जीवन चित्रण गरिएको हुँदा यसका निम्ति यस्तै वर्णन गर्ने लायक ठाउँ फेला नपर्ने सक्छ । यी विविध कारणले गर्दा भिन्न स्थान र वातावरणमा लेख्दा उपन्यास प्रभावकारी नबन्न सम्भव छ ।

पात्रको मनोदशा अनुरुपको प्रकृति चित्रण गर्ने पछि घटित हुने घटनाबलीका पूर्व संकेत रुपमा प्राकृति चित्रणमा माध्यमबाट देखाउने परिपाटीलाई यस उपन्यासले त्यागेको छ, जस्तै "मौसम सारै स्वच्छ हुन्छ । बस्ती माथिको आकाश सारै निलो हुन्छ । यस रङगीन प्रकृतिमा मार्थालाई कुनै रङचेतना हुदैन । तिनी उग्ररुपले छटपटिइरहन्छिन्"( पृ.२२७) ।

समग्रत : यस उपन्यासमा परिवेश चित्रण विस्तृत र व्यापक रुपमा गरिएको छ । यस उपन्यासमा सामाजिक आर्थिक, धर्मिक, संस्कृतिक प्राकृतिक आदि विभिन्न परिवेशका चित्रण गरिएको भए पनि यो परिवेश प्रधान औपन्यासिक संरचना होइन ।

शून्यवादी जीवन दर्शनलाई प्रभावकारी रुपमा प्रस्तुत गर्नका निम्ति यस्ता विविध परिवेशको चित्रण गरिएको देखिन्छ ।

## ५.६ भाषाशैली

यस उपन्यासमा भावलाई बहन गर्न सक्षम काव्यात्मक गुणले ओतप्रोत भाषिक रुपको प्रयोग गरिएको छ । भाषा र शैली दुई शब्दको योगबाट भाषा शैली समस्त शब्द बनेको छ । भाषा विचारको संवाहक तत्व हो । मानवीय संचारको साधन हो । भाषा माध्यमबाट नै साहित्य साधन हो । भाषा माध्यमबाट नै साहित्य सृजना हुन्छ । उपन्यास पनि साहित्य भएकोले उपन्यासकारले यसको संरचना गर्दा वर्णित विषय र पात्रको स्थितिलाई ध्यानमा राखेर भाषाको विविध रुपको प्रयोग भेटिन्छ । चित्रको अभिव्यक्ति गर्ने माध्यम रंग र रेखा भए जस्तै उपन्यासको अभिव्यक्ति गर्ने माध्यम भाषा हो । यसमा जीवनजगतको यर्थाथ अभिव्यक्त हुने साहित्यिक विधा भएकोले गद्य भाषाको प्रयोग गरिन्छ । उपन्यासका भाषाको प्रयोग मुलत्तःदुई किसिमबाट भएको हुन्छ । पहिलो किसिमको भाषा उपन्यासकार आफैले प्रयोग गरेको हुन्छ र यो लेखिए स्तर अनुरुप बढी कलात्मक र औपचारिक हुन्छ भने दोस्रो प्रकारको भाषा पात्रहरु बीच भएका सम्बादमा प्रयोग गरिएको हुन्छ र यो पात्रका स्तर अनुरुप हुनका साथै बढी अनौपचारिक अर्थात् बोलचालको भाषा प्रयोग गरिएको हुन्छ (भट्टराई , २०५८:१३) ।

उपन्यासमा बिम्ब र प्रतीकलाई कतै कतै अलग तत्वको रुपमा चर्चा गरिए ता पनि यिनलाई भाषा अन्तरर्गत राखेर चर्चा गर्नु नै बढी बस्तुवादी ठहर्ने देखिन्छ । बिम्ब र प्रतीक उपन्यासमा भाषा प्रयोगको विशिष्टा मात्र भएको हुनाले यो छुटै तत्व नभएर भाषिक प्रस्तुतिको एउटा विशिष्टा मात्र हो , बिम्ब भनेको मानसिक तस्वीर हो । कुनै पनि बस्तुको मतिष्कमा पर्ने छाँया नै बिम्ब हो । बस्तुको रुप रंग गुण वा आकारको इान्द्रिय ग्राहय अनुभूतिको सञ्चारण पाठकमा गर्नु नै विम्वको मुख्य धर्म हो । प्रतीक भनेको अमूर्तको मूर्त विधान हो । साहित्यमा प्रतीक मूर्त बस्तुका रुपमा देखाइन्छ र त्यस बस्तुले कुनै अमुर्त कुरालाई जनाउँछ । बिम्ब र प्रतीक उपन्यासमा अनिवार्य त हुदैन् तर

पनि यसको प्रयोगले उपन्यासको भाषामा विशिष्टता भने अवश्य ल्याउँछ । यसका साथै विम्वले भावको सम्प्रेषणमा तीब्रता ल्याउँछ ।

शैलीलाई उपन्यासको छुटै तत्वको रुपमा पनि चर्चा गरेको पाइन्छ । साहित्यिक कृतिको भाषिक शील्प पक्षसंग सम्वद्ध तत्वलाई समान्य अर्थमा भाषा शैली भनिन्छ । शैली अभिव्यक्तिको प्रकार हो र यो सूक्ष्म हुन्छ । शैली भनेको अभिव्यक्तिको प्रकार हो र यो पूर्वीय सिद्धान्तको रीति र पाश्चात्य सिद्धान्तको स्टायलसंग नजिक छ । भाषा कृतिको अभिव्यक्ति र सम्बाद कथनिय अंश एवं सिधो कृति संरचनाको माध्यम हो भने शैली त्यस कृतिको संरचना प्रविधि वा अभिव्यक्तिको पद्धति हो । शैलीले नै लेखको विशिष्टतालाई पहचान गराउँदछ । उपन्यासका सर्न्दभमा भाषा अर्न्तगत भाषिक विशिष्टता चमत्कारिता र व्याकरणिक प्रकृियाहरु पर्दछन् भने उपन्यास र्सिजनका प्रति र प्रविधिहरु शैली अर्न्तगत पर्दछन् । शैलीलाई उपन्यासको छुट्टै तत्वको रुपमा चर्चा गर्न सकिए ता पनि भाषा र शैली बीच रहेको अविच्छेद सम्बन्धका आधारमा यिनीहरुलाई छुट्टै तत्वको रुपमा नलिए र एक अर्काको पूरक तत्वको रुपमा लिएको छ ।

नेपाली उपन्यास क्षेत्रका चर्चित व्यक्तित्व सरुभक्त श्रेष्ठ 'पागल–बस्ती' उपन्यास भाषा शैलीका दृष्टिले राम्रो उपन्यासको रुपमा देखापर्छ । यसको भाषा सहज सरल एवं वर्णत्मक देखिन्छ । उनको यो उपन्यास अस्तिवबाद र शून्यबादमा आधारित हो । यस उपन्यासमा प्रयोग भएका सङ्केतक र सङ्केतिक शब्दहरु यस प्रकार छन् ।

| सङ्केतक | पृष्ठ | संङ्केतित |
|---|---|---|
| पेटको खाल्टो | ७ | भोको भुँडी |
| भुक्क भोक | ७ | असाध्यै खाने इच्छा |
| स्यालको उच्चता | ८ | सामान्य उच्चता |
| हत्केलामा मुटु राखेर | १४ | जोखिम उठाएर |
| डरको आँधी | १६ | अन्त्यन्त भयभीत |
| चुम्बकीय तनाव | २५ | सजिलै नछुटने खालको मानसिक दवाव |
| फेवाताल जमिदिन्छु | ३० | इच्छाहरु दवाएर बस्छु |
| हर्षको आँधी | ४४ | सुखद वातावरण |
| आँखाको डिलहरु बग्न थाल्छन् | ५७ | आँखाबाट आँसु बग्छ । |
| काँचो बिहानी | ५७ | राम्ररी उज्यालो नभएको विहानी |
| आरोपको वर्षा | ७१ | अभियोगका निरन्तर प्रवाह |
| आँखाको भाषा | ७२ | मनको कुरो |
| सघन भावुकता बादलहरु | ७३ | गम्भीरताको लक्षणहरु |
| हृदयको मौसम | ७७ | हृदयको स्थिति |
| मौन प्रेमको ताप | ७९ | असफल प्रेमको पीडा |
| मनका भञ्ज्याङहरु | ८० | मनका इच्छाहरु |
| शोकका बादलहरु | ९२ | दुःखका दिनहरु |
| खुसी भाँचिन्छ | ९३ | खुसी हराउँछ |
| मनभित्र उम्लदै गरेको कुतुहललाई | ९७ | संयमित भएर |
| मनका बादलहरु | ११७ | मनका पीडा |
| निथुक्क भिजेको बोली | १६० | अत्यन्तै कारुणिक बोली |
| मनका सबै तारहरु | १६७ | मनको सबै इच्छा |
| मनको ऋतु | २०४ | मनको स्थिति |
| आँसुको मसिहा | २३४ | स्नेहकी देवी |

| | | |
|---|---|---|
| माछापुच्छ्रेमा आँखा दुर्घटित हुन्छ | २४० | आकाङक्षामा आघात हुन्छ । |

यो'पागल–बस्ती'उपन्यासको भाषाशैली विचारोत्तक भनाइहरु पनि ठाउँ ठाउँमा भेटिन्छन् । समग्रमा भन्दा विचारलाई वहन गर्न सक्षम काव्यात्मक गुणले ओतप्रोत भाषिक रुपको प्रयोग गरिएको छ ।

## ५.७ दृष्टिबिन्दु

'पागल–बस्ती'उपन्यासमा पागलहरुका लागी पागलद्वारा निर्मित बस्ती कस्तो थियो होला ? पागल–बस्तीको बास्तविक अर्थ किशोरले मार्थाको चित्रात्मक डायरीका पानाहरु पल्टाएर कसरी लगाउँला ? पागल भनिएका मान्छेहरु बास्तवमा पागल नै हुन वा होइनन् ? आदि जिज्ञासा उठाएर पागल बस्तीको कथालाई रोचक तुल्याउने भूमिका किशोरले निभाएको छ ।

उपन्यासमा समस्या र समाधानमा बीचमा दुरी राख्न र ढिलो गरी समाधान बनाउन भाग एकमा पागल र पागल–बस्तीका बारेमा विभिन्न सकारात्मक वा नकारात्मक प्रश्नहरु, सन्दर्भ एवं प्रसङगहरु कुट अभिव्यक्तिको प्रयोग गरिएको छ । रैथाने, शिक्षक र गाइडको सहयोगबाट पागल–बस्तीका बारेमा सूचना, संकेर र सन्दर्भहरु बटुलेर पागल बस्तीको खोजयात्रा निकै महत्वपूर्ण हुने बताइएको छ ।

यस उपन्यासमा चरित्रका कार्यव्यापारलाई सम्पादन नगरी प्रस्तुत गरिएको छ । लेखक अल्पज्ञाताका रुपमा देखापरेका छन् । तसर्थ पात्र नै संकेन्द्रक वा समाख्याता हुन् । तृतीय पुरुष दृष्टि बिन्दु अंगालिएको हुँदा हेराइका कोण बाह्य छ । पागल–बस्तीको

प्रमुख पुरुष पात्र प्रशान्तले अंहवादको बारेमा विमर्श चलाएको छ र उसका शिष्यहरुले उसको विचार फिजाउने खोजेका छन् । मार्थाका तर्कबाट अंहको आलोचना गरिएको छ र प्रेमको सर्वौच्चता सिद्ध गर्न खोजिएको छ । अंह र प्रेमको व्यख्या पात्रका दृष्टिकोणबाट नै प्रष्ट हुन्छ ।

प्रशान्त एउटा नँया जीवन दर्शनका आधारमा पूर्ण स्वतन्त्रसहित नँया जीवनशैलीको विकास गर्न चाहन्छ । उसका नँया दर्शन भनेको अंहवादी दर्शन हो । प्रशान्तका विचारमा विश्व अंहमय छ मान्छेले अंहमूर्तिको बाटो देखाउनेको लहलहैमा लाग्न छाड्नु पर्छ ।“मानव जातिको प्रत्येक सिर्जनात्मक कार्य अंहयूक्त हुन्छन् । मान्छेको सम्पूर्ण चेतना, चांहि त्यसको सम्बन्ध ज्ञानसहित होस विज्ञानसित, अंहपूर्ण नै हुन्छ । आफैलाई बुझ्नु सबभन्दा गारो हुन्छ । आफूलाई जान्नु शून्य हुनु हो, आफूलाई चिन्नु शून्य हुनु हो र शून्यताको उपलब्धी ज्ञानको समाप्ति हो”( पृ.११२) ।

प्रशान्तले भनेको शून्यता पूर्ववर्ती विद्वानले भनेको भन्दा वेग्लै छ “नागाजुर्नले झै तार्किक शून्य हुनु पनि भन्दिन, झै ध्वंसात्मक शून्य हुनु पनि भन्दिन , आस्तित्ववादीहरुले झै विसगत शून्य हुनु पनि भन्दिन । म अंहले शून्य हुनु भन्छ” ( पृ. ११३)

प्रशान्तले मानिससंग मसिहाको सम्बन्ध स्थापित नगरेर मानिसलाई महत्व दिदै भन्छ –“मानिसहरु अंहज्ञानरशिम नपाएर कि देवता बन्छन् कि सैतान बन्छन् । म सबैलाई मानव बनाउन चाहन्छु” ( पृ. १९५) ।

मार्था प्रमुख स्त्री पात्र हो । मार्थाको पात्रगत अर्थ प्रेमकी देवि हो । यहाँ मार्थालाई प्रशान्तकी प्रेमीकाका रुपमा प्रस्तुत गरिएको छ ।

मार्थाले अंहकार र प्रेमलाई दिचर विरोधका रुपमा अगाडी सारेकी छ ।“म आफूलाई क्रमशः विकास गर्दै छु–अँध्यारोबाट उज्यालो तिर” (पृ. ८१) । मार्थाका दृष्टिमा अंहकार भनेको अँध्यारो हो र प्रेम भनेको उज्यालो हो । उसले आफू प्रारम्भमा अंहकारी

भएको तर पछि प्रेम मार्गमा बताएकी छ । मार्थाले बस्तीमा अंहकार बलियो बन्दै गएको हुँदा बस्ती छाडनु पारे पनि एक दिन प्रेमले अंहकारलाई मेटाउने आशा गरेकी छ ।

यस कृतिको समाथ्यता किशोर हो । यसमा दृष्टिबिन्दु पात्र मार्था हो । स्थापित दर्शन, धर्म र परम्परामाथि विचारोतेजक टिप्पणी गर्दै लेखकले प्रशान्तका माध्यमबाट अंहवादी विचारधारालाई अभिव्यक्ति दिएका छन् । प्रशान्तको तर्कशील र गम्भीर व्यक्तित्वको उद्घाटन अन्य पात्रका माध्यबाट गरिएको छ । प्रशान्तले अंहवादी दर्शन भनेको के हो, कस्तो हो, प्रचलित धर्म, संस्कार र मान्यता कस्ता छन्, प्रचलीत मान्यतामा परिवर्तनको खाँचो किन छ आदि प्रश्न गरेर आफ्ना मान्यतालाई स्पष्ट पार्न खोजेको छ । अंह शब्दको बढी प्रयोग गरिएको र त्यसले रोचकतालाई केहि घटाएको भए पनि थरि थरिका अंहको चर्चा गरेर नँया सर्न्दभलाई कायमै राख्ने प्रयत्न पनि गरिएको छ । प्रेमकी एक गहिरो संवेदना पागल–बस्तीमा सूरुदेखि अन्त्यसम्म अनुस्थुत छ । यो उपन्यासलाई दार्शनिक पाठ बन्न रोक्ने तत्व नै मार्थाको प्रेम संवेदना हो ।

## ५.८ निष्कर्ष

'पागल–बस्ती'वि.सं. २०४८ सालमा प्रकाशित भएको उपन्यास हो । यस उपन्यासमा साहित्यकार र उपन्यासकार सरुभक्त श्रेष्ठले अतित देखि वर्तमानमा  पूर्व र पश्चिमका दार्शनिकका सीमा केलाउदै अंहवादी दर्शन नै मानव हितका पक्षमा चालिएको पहिलो डेग हो भनि पाठकलाई अस्तव्यस्त पार्न खोजेका छन् । यसका निम्ति उनले प्रशान्तलाई दार्शनिक पात्रका रुपमा प्रस्तुत गरेका छन् । उनले परम्परालाई ध्वश पार्न होइन् आलोचना गर्न चाहेको देखाउन मार्थालाई अगाडि सारेका छन् ।

प्रशान्तलाई अंहवादको जनक र मार्थालाई परम्पराको बाहकका रुपमा उपन्यासमा प्रष्ट गरिएको छ । यी दुईका विचार प्रति लेखकले हस्तक्षेप अंगालने नीति लिएका छैन् । यस उपन्यासमा आम मानवीय स्वभाव, संस्कार, दयामाया, प्रेम, अध्यात्म, रीतिथिति जस्ता पक्षको प्रतिनिधित्व मार्थाले गर्छे भने प्रशान्तले परम्परागत प्रचलन भन्दा भिन्नै किसिमले प्रस्तुत हुन्छ । उसले आदिम युग देखि तिरस्कार गरिदै आएको अंहलाई प्राण

प्रतिष्ठा दिन चाहन्छ । ऊ अंहलाई दबाए र होइन् अंहको सिर्जनात्मक उपयोग गरेर धर्तिलाई सुन्दर पार्न सकिन्छ भने पक्षमा छ । उपन्यासको कथ्य परम्परिक उपन्यासको भन्दा बेग्लै छ । त्यसैले उपन्यासको नायक पनि केहि भिन्न देखिन्छ । प्रमुख पात्र मार्थाको आत्मलापबाट चरित्र चित्रण गरिएको हुँदा...यो चारित्र प्रधान उपन्यास हो । बस्तीको दृश्यात्मक वर्णनले नाटकीयता झलकाउँछ । यसमा स्वैरकाल्पनिक परिवेश हो ।

पागल–बस्तीले तर्कको साहारा लिएको छ र बौद्धिक बनेको छ । यसमा गुरुको गरिमालाई स्थापित गर्न खोजिएको छ । यी सबै तथ्यहरुका आधारमा‘पागल–बस्ती’आधुनिक उपन्यास देखिएको छ ।

# छैठौं परिच्छेद

## विभिन्न वादका आधारमा‘पागल–बस्ती’उपन्यासको निरुपण

### ६.१ वादको परिचय :

‘साहित्य सन्र्दभमा वाद’भनेको के हो ? भने विषयमा नेपाली समालोचक र विद्वानहरुको भनाई अनुसार समष्टिगत रुपमा हेर्दा “वाद” भनेको सहित्यको मौसम अनुसर आइरहने र परिवर्तन भई रहने बस्तुका रुपमा देखिन्छ । वास्तवमा वाद भनेको फेसन जस्तो हो जो कोहि समयमा व्यापक रुपले प्रभावित बन्द छ र समयको गति संगै बदली रहन्छ । प्रकृतिमा जसरी ऋतु र मौसम अनुसार फेर बदल भई रहन्छ त्यस्तै साहित्यको क्षेत्रमा वादहरु आइरहन्छ र बदलिरहन्छ । यसै गरी पश्चिमी साहित्यको चिन्तन युक्त इतिहासमा विविध प्रकारका वादहरु पनि देखापरेका छन् । पश्चिममा मात्र होइन् त्यसकै प्रभाव स्वरुप नेपाली साहित्यमा पनि विभिन्न वादहरुको आगमन र प्रत्यागमन भइ रहेको पाइन्छ । साहित्यमा देखापर्ने वादहरु साहित्यको रुचि अनुसार आइरहने र गइरहने भएर परिवर्त हुने गर्दछन् । यी आइरहने र गइरहने वादहरुले साहित्यमा भएको हाम्रो रुचिलाई पूर्ण गराउने काम गर्दछन । पाठकहरु जसरी वादमा रुचि राख्दन्छ लेखकहरु पनि प्रत्यक्ष अप्रत्यक्ष कुनै नकुनै वादबाट प्रभावित हुने गर्दछन् । लेखकहरु जति धेरै वादहरुबाट प्रभावित भएपनि विशेषगरी एक वादको आधिक्यतामा सक्रिय र क्रियाशील भए स्थापित हुन पुग्दछन् । (जस्तै लक्ष्मी प्रसाद देवकोटाको स्वच्छन्दतावाद, भूपी शेरचन प्रगतिवाद बालकृष्ण सम र लेखनाथ पैड्यालको परिष्कारवाद र मोहनको कोइरालाको प्रयोगवाद) ।

कुनै पनि पात्रको अध्ययन गर्नुमा प्रमुख कारण देखा पर्छन् पहिलो कारण सम्बन्धित वादमा लेखिएका काव्य कृतिलाई बुझ्न र दोस्रोकारण वादबाट प्रभावित भएर त्यही वादको केन्द्रियतामा आफूलाई अग्रसर गराई साहित्य रचनामा संलग्न गराउनको लागि वादको अध्ययन आवश्यक पर्दछ भनि विज्ञहरुले औंल्याएको पाइन्छ । कुनै पनि देशको साहित्यलाई एउटै प्रष्ट पार्न सक्दैन् त्यसैले पाश्चात्य साहित्यमा देखापरेको

विभिन्न वादहरुको अध्ययन गर्नु आजको आवश्यकता हो । वाद भन्नु नै साहित्यकार, समीक्षक दार्शनिक तथा तत्वदर्शीहरुले साहित्य सम्बन्धि निश्चित गरेको कुनै विशिष्ट कुराको मत वा सिद्धान्त, तर्क, विचार, विवाद, वर्णन तथा कथन हो भने देखिन्छ । साहित्य रचना सम्बन्धी कमीकमजोरीलाई बुझ्न समेत वादले सहयोग पर्‍याउँछ भन्ने कुराको हेक्का राख्नु जरुरी छ ।

## ६.२ प्रयोगवादी उपन्यासको परिचय

साहित्यमा अति नवीनताको चाहनाले अनेक प्रकारका नँया नँया प्रयोगहरु भइरहेको देखिन्छ । साहित्य र यसका विभिन्न विधाहरुमा देखापरेका कथ्य (विषयवस्तु) स्वर शिल्प र भाषाशैली सम्बन्धी नवीन भन्दा अति नवीन प्रयोगहरुका सर्न्दभमा नै प्रयोगवादी रेखाङ्कन सम्भव देखिन्छ । (त्रिपाठी २०४९:१३२) । ज्ञान विज्ञानका विकास प्राकृतिक विज्ञान, समाज विज्ञान र मनोविज्ञानको उत्तोरोतर प्रगतिशीलताले गर्दा मान्छेमा नँया नँया दृष्टिहरुले विकास हुदै जानु स्वाभावकै देखिन्छ । यसरी प्रवलता भन्दा नवीनतम् दृष्टिकोण विचार शैली शिल्पको प्रयोग भएको उपन्यासलाई प्रयोगवादी उपन्यास भन्न सकिन्छ । ध्रुबचन्द्र गौतमको ‘डापी’ उपन्यास यस अन्तर्गत पर्दछ ।

## ६.३ ‘पागल–बस्ती’उपन्यासमा प्रयोगवादी उपन्यासको प्रभाव

‘पागल–बस्ती’उपन्यासमा सरुभक्त श्रेष्ठ उपन्यासकार र साहित्यकारले घटेका सबै घटनाहरुलाई सकारात्मक रुपले प्रष्ट पारी भावीको सन्तानहरुमा यस्तो खालका घटनाहरु नघटोस् भन्ने उद्देश्यले नँया नँया ढंगबाट प्रयोगवादी उपन्यासको प्रभाव यस उपन्यासमा देखाइएका छन् ।

## ६.४ विसङगतिवादी उपन्यासको परिचय

बिसौं शताब्दीको सुरुको विश्वमा मानवको जीवन भोगाइका क्रमश युद्ध विभीषिका आक्रमण, आतङ्क, अतिवृष्टि, अनावृष्टि प्रदूषण रोकथामको नाममा भित्रिएका राजनितिक र सामाजिक विसङगतिहरु साहित्यमा प्रस्तुत हुन थालेको पाइन्छ । नेपाली उपन्यासको

क्षेत्रमा पनि वि.सं.२०२१ सालमा प्रकाशित ईन्द्रबहादुर राईको लेखन भित्रिएको पाइन्छ । पारिजातको 'शिरीषको फूल' नेपाली साहित्यका उल्लेख्य विसङगतिवादी उपन्यास हुन् ।

## ६.५ 'पागल–बस्ती'उपन्यासमा विसङगतिवादी उपन्यासको प्रभाव

'पागल–बस्ती'उपन्यासमा मार्थाले प्रशान्तलाई प्रेमगर्छ र विहे गर्न पनि भन्छ तर प्रशान्तले मार्थालाई आदिमाताको पद दिन्छ तर त्यो मार्थालाई मन पर्दैन र केहि दिन मै बस्ती छाडेर जान्छ । त्यस्तै जमुना पात्र हो आफ्नो प्रेमीले पछ्याउन छाडेपछि आघात पर्नु र पछि यो संसारबाट नै जान्छ भने विसङगतिवादी देखाइएको छ ।

## ६.६ दार्शनिक उपन्यासको परिचय

विश्वमा प्रचलित विभिन्न किसिमका दर्शनहरुमध्ये कुनै एउटा दर्शनका आधारमा आधारित विषयबस्तु टिपेर लेखिएका उपन्यास दार्शनिक उपन्यास हुन । यस्ता उपन्यासहरु अरुको तुलनामा बौद्धिक, क्लिस्ट र जटिल प्रकृतिका हुन्छन् । दार्शनिक उपन्यासको उद्देश्य मनोरञ्जन प्रदान गर्ने नभई दर्शनको जानकारी दिनु रहेको हुन्छ । 'सुम्निमा' उपन्यासमा पूर्वीय र पाश्चात्य दर्शनको समन्वय देख्न सकिने हुँदा यो उपन्यासलाई दार्शनिक उपन्यासका रुपमा लिन सकिन्छ ।

## ६.७ 'पागल–बस्ती'उपन्यासमा दार्शनिक उपन्यासको प्रभाव

प्रशान्त एउटा नँया जीवन दर्शनका आधारमा पूर्ण स्वतन्त्रतासहित नँया जीवनशैलीको विकास गर्न चाहन्छ । उसको नँया दर्शन भनेको अहंवादी दर्शन हो । प्रशान्तको विचारमा विश्व अहंमय छ । मान्छेले अहंमूक्तिको बाटो देखाउनेको लहलहैमा लाग्न छाडनुपर्छ ।"मानवजातिको प्रत्येक सृजनात्मक कार्य अहंयूक्त हुन्छन्, मान्छेको सम्पूर्ण चेतना त्यसको सम्बन्ध ज्ञान सहित होस् विज्ञान सहित, अहंपूर्ण नै हुन्छ"(पृ.१४५) । मान्छेको

लागि सबैभन्दा महत्वपूर्ण आफ्नै अंह हुन्छ । "आफैलाई बुझ्नु सबैभन्दा गाह्रो हुन्छ । आफैलाई जान्नु शून्य हुनु हो , आफूलाई चिन्नु शून्य हुनु हो र शून्यताको उपलब्धि ज्ञानको समाप्ति हो" ( पृ.११२) । प्रशान्तले भनेको शून्यता पूर्ववर्ति विद्वानले भनेको भन्दा बेग्लै छ "नागार्जुनले झैं तार्किक शून्य हुनु पनि भन्दिन् , निहिलिष्टहरुले झैं ध्वंसात्मक शून्य हुनु पनि भन्दिन् , आस्तित्ववादीहरुले झैं विसंगत शून्य हुनु भन्छु" ( पृ. ११३) ।

मार्था अनुसार प्रेम नै सर्बोच्च गुण हो अहङ्कार होइन् ।"प्रेम भनेको अमृत हो, अहङ्कार भनेको बिष नै हो"(पृ.१९५) ।" सामान्य आकर्षण र विकर्षणका खेल पशुहरुले खेल्छन् । मान्छेको प्रेम भोग विलास गर्नका लागि होइन् इतिहास रच्नका लागि हो"(पृ. १३९) । मार्था प्रेमको सर्वोच्चता सिद्ध गर्न प्रयत्न गर्छे, भगवानले उसको सहायता नगरेको हुँदा ऊ त्यसरी खनिएकी हो । प्रशान्तको जीवन दर्शन बौद्धिक स्तर अस्पष्ट छ भन्ने कुरा मार्थाका तर्फबाट व्यक्त गरिएको छ ।

## ६.८ अस्तित्ववादी उपन्यासको परिचय

अस्तित्ववादी उपन्यास भनेको जीवन र जगतका मृत्यु दुःख, संघर्ष, गल्तीहरुलाई स्वीकार गर्दागर्दै पनि व्यक्ति आफ्नो भाग्यको निर्माणकर्ता स्वयं हो, उसलाई आदर्श निर्माण गर्ने स्वतन्त्रता छ । मृत्यु भीषण छ तर यस संसारमा आइसकेपछि आफ्नो बारेमा आफै निर्णय गर्नु पर्दछ, सामान्यतया अस्तित्ववादी उपन्यास यस्तै विचार धाराको प्रस्तोता हुन्छ । ( न्यौपाने, २०३८:२०९–२१०)

अस्तित्ववादी मूलत : वैयक्तिकताको दर्शन हो । यसले व्यक्तिलाई सृष्टिको अद्वितीय मान्छ । यसले आन्तरिक स्वतन्त्रताको पक्षमा वकालत गर्छ । मान्छेका सामु चुनाव र निर्णयसम्बन्धि समस्या आइरहन्छन् परन्तु चुनाव र निर्णय गर्ने स्वतन्त्रता व्यक्तिको नै हुन्छ । ईश्वर वा अन्य कुनै व्यक्तिले उसका निर्णय गर्दैनन् (१९८८:२२०) । व्यक्तिसत्ताप्रति यसको झुकाव बढी नै रहेको हुन्छ । यसले व्यक्तिको निर्णयलाई नै सत्य मान्छ । यसले व्यक्तिलाई स्वतन्त्र तर संसारिक परिस्थितिका बीच एक्लै फ्याँकिएको प्राणी मान्छ । हरेक मान्छेले आफ्नै बारेमा आफैँले सोचेर कर्मक्षेत्रमा होमिनु पर्छ भन्ने

सन्दर्भ र अर्थ खोज्नु नै अस्तित्ववादको तात्पर्य हो अस्तित्ववादले वर्तमानलाई जोड दिन्छ । यसमा व्यक्ति तथा उसको अनुभुतिलाई प्रधान मानिन्छ । यो दर्शन व्यक्तिको सामाजिकीकरणको विरोधी छ । ( द्विवेदी, १९८६:२२९) ।

### ६.९ ‘पागल–बस्ती’उपन्यासमा अस्तित्ववाद

‘पागल–बस्ती’उपन्यासको मूल ध्येय विचार प्रतिपादनमा केन्द्रित छ । सरुभक्तले पागल–बस्तीको भूमिका खण्डमा यसलाई ‘विचार कथा’ भनेका छन् । यस उपन्यासमा मूलतःअहंवादी विचार प्रकट गरिएको छ । साथै अस्तित्ववादी उपन्यास परम्परामा यस उपन्यासको महत्व छ भन्ने खालको दृष्टिकोण देखिएको पनि छ ( सुवेदी, २०५३:२८०–२८३, बराल र एटम, २०५८:१५२, पाण्डे, २०६२:१११, शिवाकोटा, २०६२:३८६) । तसर्थ‘पागल–बस्ती’उपन्यासमा अस्तित्ववाद कसरी प्रयुक्त भएको छ भनेर हेर्नु सान्दर्भिक देखिन्छ । अस्तित्ववादी उपन्यासको चिन्तनका दृष्टिले पनि उनका अन्य उपन्यासका तुलनामा‘पागल–बस्ती’उल्लेखनीय देखिन्छ । अस्तित्ववादी उपन्यासको विश्लेषण गर्दा उपन्यासमा प्रयुक्त पात्रको चिन्तन, गति विधि र उपन्यासले दिन खोजेको सन्देश जीवनलाई दिएको हुन्छ ।

मार्थाले प्रेम फर्काउँछ भनेर प्रेमप्राप्तिका निम्ति संघर्ष गरे पनि एक्लै निस्सार जीवनी बिताउनु परेको देखिन्छ । प्रशान्तको विद्यार्थी जीवन अस्तित्ववादी नै देखिन्छ । यस्ता अस्तित्ववादीसंग सम्बन्धि झिल्का फेला परे पनि यो मुल रुपमा अस्तित्ववादी उपन्यास होइन् । यसमा सचेत अस्तित्ववादी प्रयोग छैन् । मानिसले गरेको संघर्ष कुनै पनि मुल्य भएन र जीवन निस्सार भयो भने मात्र अस्तित्ववादी हुन्छ । यस उपन्यासको प्रमुख पात्र प्रशान्त र उसका शिष्यहरुले जीवनलाई वहियात देखेका छैनन् । त्यसैले यो उपन्यास गौण रुपमा मात्रै अस्तित्ववादी हो ।

## ६.१० शून्यवाद उपन्यासको परिचय

शून्यले रिक्तता वा निराकारलाई बुझाउँछ । स्थुल रुपमा भनेको यसले वृत्ताकारलाई जनाउँछ । भौतिक एवं आध्यात्मिक दुबै क्षेत्रमा यसको महत्व छ । आध्यात्मिक क्षेत्रमा शून्यलाई सूक्ष्म रुपमा हेरिन्छ ।"शून्य यति सूक्ष्म छ कि यसलाई हामी देख्न सक्तैनौं । सारा ब्रह्माण्डको उत्पत्ति शून्यबाटै हुन्छ र लय पनि शून्यमै हुन्छ" ( गजुरेल , २०६२:८२) शून्यको विस्तरित रुप पनि व्यापक छ , त्यसको कुनै सिमाना छैन् । शून्यलाई सूक्ष्म भन्दा अति सूक्ष्म र विशाल भन्दा विशाल देखिन्छ । शून्यको दर्शिनिक पक्ष पनि महत्वको देखिन्छ । शून्य र शून्यवाद सम्बान्धि चिन्तन पूर्व र पश्चिम दुबै तिर भएको देखिन्छ । शून्यवाद उन्नाईसौं शताब्दीमा अन्त्यतिर हराइसकेको थियो । बिसौं शताब्दीमा विश्वयुद्धका पृष्ठभूमिमा साहित्यका फाँटमा शून्यवादको पुर्नजन्म भयो । शून्यवाद देशकालअनुसार विभिन्न रुपमा यो फैलिएके छ । यसले अराजकतावादको विरोध गरेकोले शून्यवादीहरु नकारात्मक प्रवृतिका मात्र थिए भन्न नसकिने भए पनि यसले समग्रमा निरर्थकतालाई नै जनाउँछ । सामाजिक रुपमा पुर्णतः बहिष्कृत भएको तथा नैतिक धामिक विश्वास नभएको जीवन निरर्थक भएको मानवीय मूल्य पनि ह्रास र व्यर्थ भएको अर्थ लगाइएको छ ( इन्कार्टावर्ल्ड इडलिश डिक्सनरी , १९९९:१२१८) ।

## ६.११ 'पागल–बस्ती'उपन्यासमा शून्यवाद

मानवीय अंहलाई कसरी र्सिजनशील र शून्य बनाउन सकिन्छ भन्ने उपायहरु पागल–बस्तीले प्रयोगात्मक रुपमा प्रस्तुत गरेको छ । अहंलाई दबाएर वा अपेक्षा गरेर होइन र्सिजनशील बनाएर मानवीय जीवनलाई सार्थक, सभ्य र हिसांरहित बनाउन सकिन्छ भने सोचाइ लेखकको छ । लेखकले परम्परागत अहं र शून्य शब्दमा नँया अर्थ थपेर अहंको शून्यतामा बारेमा व्याख्या गरेका छन् । उपन्यासकारले भावना, तर्क, चेतना र जीवन सञ्चालक तत्वका आधारका रुपमा अहंलाई अर्थ्याउन खोजेको छन् । उनले शून्यतालाई व्याप्तिका रुपमा लिएका छन् । उनी मान्छे जातिको अहंपरम्परादेखि दबिएर रहेको भन्दै अहंको उद्घाटन गर्नुपर्न देखछन् र उपन्यासको नायक प्रशान्त मार्फत

भन्छन्–"...मानवसभ्यता, इतिहास र ज्ञान विज्ञानका पानाहरुमा मान्छे जातिको अहं दबेको छ त्यसलाई उत्खन्न गर्नु आजको अवश्यकता हो । हजारौ वर्ष देखि मानिसहरुले पाप वा लाज छोपेझैं गरि छोपी राखेका छन् यसलाई । आजको सम्पूर्ण विश्वव्यवस्था–अवस्था यसैको प्रतिविम्व हो"(सरुभक्त , २०६०:११२) ।

प्रशान्त बस्तीको स्थापना, व्यवस्थापन र सञ्चालन गरी मान्छेजातिका दविएका र उपेक्षित अहंको उदघाटनमा सक्रिय बन्छ । उसले बस्तीलाई कलात्मक रुपले व्यवस्थित गरेको हुन्छ । मार्था भन्छ –"प्रशान्त, मालाई यो बस्ती सारै सुन्दर लाग्यो, अत्यन्त कलात्मक । म तिमीलाई एक भावुक कवि सम्झन्थे, तर रहेछै कल्पनाशील चित्रकार पनि" ( ऐजन :४७) । प्रशान्तले मानवीय अहंको उद्घाटनका लागि बस्तीलाई आदि श्रमशाला, आदिआरोग्यशाला र आदिशिक्षणशाला गरी तीन भागमा विभाजन गरेको हुन्छ । भूमिसित प्रत्यक्ष सम्बन्ध स्थापित गर्न उसले आदिश्रमशाला विभाग खडा गरेको छ । उसका मान्यता बस्तीलाई आत्मनिर्भर बनाउन सबैले श्रम गर्नु पर्छ भन्ने छ । खोसेर, लुटेर, ठगेर खाने आदिम परम्परालाई अन्त्य गरी श्रम गरेर खाने संस्कृतिको विकास आवश्य रहेको कुरा उसले देखाउन खोजेको छ । रुपाकृतिमा आधारित मानवीय सम्बन्धलाई अस्वीकार गरी मानवसेवाको उदाहरण  दिनका निम्ति उसले आदिआरोग्यशालाको निर्माण गरेको छ । प्रशान्तले बस्तीमा शिक्षाका ज्योति प्रज्वलित पार्न आफ्नै तरिकाले विद्यापीठ स्थापना गरेको छ । उसले बस्तीमा निरक्षर व्यक्तिलाई प्राथमिक तह सम्मको र साक्षर व्यक्तिलाई जीवन र जगत्सम्बन्धी भौतिक शिक्षा दिने व्यवस्था गरेको देखिन्छ । अशिक्षित जनसमुदायलाई केहि न केही आधारभूत ज्ञान प्रदान नगरे सम्म दुःखको भुमरीबाट निकालन सकिन्न् भन्ने कुरामा प्रशान्त सचेत देखिन्छ । त्यसैले आधारभूत ज्ञान प्रदान गर्न विज्ञान शिक्षणको व्यवस्था गरेको देखिन्छ । प्रतिभाशाली विद्यार्थीलाई उच्च शिक्षा दिएर आदिज्ञानको दीक्षा प्रदान गरेर ज्ञानको वत्ती बाल्दै विश्व भ्रमण गर्ने व्यवस्था मिलाइएको हुन्छ ।

'पागल–बस्ती' उपन्यास (२०४८) मा शून्यवादको प्रयोग गरिएको छ । बोक्सीको अह्वान र घोषण पत्र (२०४०) को अग्रलेख 'सापेक्ष' मा शून्यवादको प्रथम र आधारभूत घोषणा गरेको थिए । यसमा उसले मानवजातिको इतिहासको निर्माण ऐतिहासिक अहंद्वारा भएको छ । इतिहास भित्रको इतिहास (२०४२) पुस्तकका अग्रभागमा शून्यवादका बारेमा यस उपन्यासमा शून्यवादलाई 'एक प्रायोगिक दार्शनिक साहित्यक आन्दोलन' भनेको छन् । उनका भनाइमा शून्यवाद वैयाक्तिक आन्दोलन हो । उनले साहित्यमा व्यक्तिगत हुनु पर्ने सिंजनशीलता सामूहिक हुन अभिशप्त छन् भन्दै तेस्रो आयाम सामूहिक हुन अभिशप्त सिंजनशिलताको नमुना हो ।

'पागल–बस्ती'उपन्यासमा मानवीय अहंमा आशाजनक परिर्वतन आएको देखिएको छ । बस्तीका अधिकांश बासिन्दाहरुको सोचाइ आशाजनक भएको देखिन्छ । मैचाङ आफनो पूर्वजीवनलाई घृणा गर्छे भने अहिलेको जीवनबाट सन्तुष्ट छ । मार्था बस्तीमा अफनो निजी स्वार्थका निम्ति आएकी भएपनि बस्तीको वातावरणलाई सुखद बनाउन खोज्छे । डाक्टरहरु रोगीहरुको उपचार समाजसेवाको भावनाबाट उत्प्रेरित भएर गर्छन् । श्रमिकहरु बस्तीको आवश्यकताका निम्ति मात्र अर्थोपार्जन गर्छन् । उनीहरुले नाफामुखी दृष्टिकोण देखाएका छैनन् ।

सरुभक्तको शून्यवादी चिन्तन अनुसार मानवीय अहंका प्रेम, घृणा, यौन र भोक गरी चारवटा प्रमुख अभिव्यक्तिहरुमा वैयक्तिकबाट विश्वव्यापकता तिरको सापेक्ष रुपान्तरण मानवीयताको यात्रा पथ हो । मानवीय अहंको परिवर्तित स्थिति शुन्यता हो । "शून्यताको स्थितिलाई उपन्यासभित्र हेर्दा अहंलाई प्रेमको सिंजनात्मकताले विश्वव्यापक बनाइ अवैयक्तिक हुने प्रशान्त, प्रेममूर्ति एवं कपिलको उदाहरण पाउन सकिन्छ" (सुबेदी, २०५१:११३) कपिलको निर्विकार, निष्काम र शान्त जीवन शून्यको पुष्टि हो । प्रशान्त र प्रेममूर्तिका वैतिक रागहरु पूर्णरुपमा निशेष हुन् नसकेका भए पनि तिनीहरुले त्यति तनाव झेलेको देखिदैन् ।

## ६.१२ निष्कर्ष

अहंको आशाजनक परिर्वतन भएको समाज कति व्यवस्थित, सहिष्णु र सभ्य हुन्छ । अहंको परिर्वतन गर्दा के–कस्ता पक्षहरु माथि ख्याल गर्नु पर्छ, शिक्षा कस्तो खालको हुनु पर्छ, रोगीहरु र असहायमाथि गरिने व्यवहार कस्तो हुनु पर्छ भन्ने प्रयोग पागल–बस्तीमा गरिएको छ । नागार्जुनको शून्य तत्व ज्ञानबाट प्रप्त हुने अनिवर्चनीय आन्नद हो । सरुभक्तको अहंको शून्यता सिर्जनात्मक कार्यबाट प्रप्त हुने आनन्दको व्याप्ति हो । पागल–बस्तीमा यो व्याप्ति भने उनले शून्यवादका बारेमा वर्णन गरे जस्तै सुखद् हुन सकेको छैन् । सरुभक्तको शून्यवादी दृष्टिको औपन्यासिक प्रवक्ता प्रशान्त हो । यो अरुको शून्यवाद होइन्, सरुभक्तको शून्यवाद हो । सरुभक्तबाट निर्मित शून्यवादी सिद्धान्तलाई आत्मसात गर्न प्रशान्त, कपिल र प्रेममूर्तिले मात्र सकेको देखिन्छ । मार्थाले शून्यवादलाई स्वीकार गरेकी छैन् । अन्य पात्रका अहं पनि शून्य हुने स्थिति देखिएको छैन् । कपिल र प्रेममूर्तिले बस्ती बाहिर गएर अरुका अहंलाई सकारात्मक तुल्याउन सके वा सकेन् भन्ने पनि खुलेको छैन् । मार्था र प्रशान्तको त्यागले उनको अहं शून्यको मान्यता विवादित बनेको छ ।

उनको शून्यवादी व्याख्यामा स्वछन्दतावादी भावुकताको गन्धसमेत भेटिन्छ । बौद्ध दर्शनले सुखलाई क्षणिक मान्छ । बस्तीवालहरुका निम्ति सुख क्षणिक बनेको छ । उनको शून्यवादले प्रशान्तलाई आफूले स्थापना गरेको ठाउँमा उभिएर संर्घष गर्ने विश्वास नदिलाएको हुँदा यो कृतिले कतिपय समीक्षकबाट आलोचना पनि बेह्रोर्नु परेको छ ।

## सातौं परिच्छेद

## उपसंहार र निष्कर्ष

### ७.१ उपसंहार

नेपाली साहित्यका बहुमूखी प्रतिभा भएको उपन्यासकार सरुभक्त श्रेष्ठ (वि.सं.२०१२)मा जन्मेका साहित्य क्षेत्रमा छुट्टै स्थान बनाइसकेका प्रयोगशील साधक हुन् । उनको साहित्य साधना कविता, कथा, नाटक, उपन्यास जस्ता विभिन्न विद्यामा विस्तारित छ । तीन दर्जन कृति प्रकाशित गरिसकेका सरुभक्तका फुटकर रचनाहरु पनि प्रकाशित छन् । उनले केहि पुस्तक र पत्रिकाको सम्पादन पनि गरेका छन् । उनले परम्परागत दर्शन, रीतिथीति, अर्थव्यवस्थाको आलोचना गरी अहं केन्द्रित शून्यवादको घोषणा पात्र पनि प्रस्तुत गरेका छन् । साहित्यका विविध विधामा योगदान पुऱ्याएका सरुभक्तलाई उपन्यास विधाले पनि चर्चामा ल्याएको छ । समकालीन प्रयोगधर्मी उपन्यासकार मध्ये उनि चर्चित पनि छन् र यूवा वर्ष मोती पुरस्कार (२०४३), मदन पुरस्कार (२०४८) जस्ता राष्ट्रिय पुरस्कारबाट सम्मानित पनि छन् । उनले पोखराका शिक्षा तथा कलासंग सम्बन्धित संघसंस्थामा संलग्न भएर सहयोग समेत पुऱ्याएका छन् । स्नाकोत्तार तह सम्मको अध्ययन गर्नु भएको भक्तले भाषा साहित्यका उपन्यासमा मानवताको रक्षा, बौद्धिकताको प्रदर्शन, काव्यात्यमक भाषा, झिनो कथानक, नारी आस्मिता, पात्र प्रयोगमा अमूर्तको प्रयोग गरेका छन् ।

जन्मजात प्रतिभाशाली व्यक्ति सरुभक्त श्रेष्ठले विभिन्न यूवा नाटक परिवारको संस्थापक हुन भने पूर्वीय एवं पाश्चात्य साहित्यकारका कृतिको अध्ययन गरे यही माध्यमबाट उनको साहित्यिक व्यक्तित्व निर्माण साहित्य लेखनको शैलीको विकासमा योगदान पुगेको देखिन्छ । भक्तले (२०३४) देखि नै साहित्यिक क्षेत्रमा यात्रा सुरु गर्नु भएको छ । 'असिना पग्लन्छ' एकाङ्कीबाट लेखन सुरु गर्नु भएको हो । यो पहिलो साहित्यिक रचना (२०३०) मा गर्नु भयो तर आह्वान सप्ताहिक पत्रिकामा पहिलो

प्रकाशित साहित्यिक रचना 'मलाई दुइटा सूर्य देऊ' शीर्षकको कविता (२०३४) मा भएको हो ।

औपचारिक साहित्ययात्राको एक दशक पछि उपन्यासका फाँटमा सार्वजनिक रुपमा देखा परेका सरुभक्तका उपन्यासहरु–एक अविनवको आत्मकथा (२०४४), 'पागल–बस्ती'(२०४८),'तरुनी खेती'(२०५३), 'समय त्रासदी'(२०५८), 'चुली'(२०६०) र 'अँध्यारो कोठा'(२०६०) हुन । सरुभक्तको पहिलो उपन्यास एक अविनवको आत्मकथाले यिनलाई खासै चर्चामा ल्याएको देखिन्न् । यिनको दोस्रो उपन्यास पागल–बस्तीले यिनलाई मदन पुरस्कार दिलाउनुका साथै बढी चर्चामा पनि ल्यायो । पागल–बस्तीपछि प्रकाशित तरुनी खेतीले त्यति चर्चा पाउन नसके पनि समय त्रासदी र चुली उपन्यासले अखबारमा राम्रौ चर्चा पाएको देखिन्छ । नेपाली उपन्यास परम्पराका सरुभक्त स्थापित नाम बनिसकेको छ र उनका उपन्यासहरुको अध्ययन पनि हुन थालेको देखिन्छ । यिनका उपन्यासमा अस्तित्ववाद र शून्यवाद, स्वैरकाल्पनिक विचारधारा प्रांय पाइन्छ ।

भक्तले उपन्यासमा पोखराको नौडाँडा, टुडिखेल देश विदेशका स्थान लण्डन, कोलकत्ता जस्ता ठाउँको वरिपरिको वातावरण कलात्मक रुपमा देखाइएका छन् ।

सरुभक्तका पागल–बस्तीमा मूलत : दार्शनिक उपन्यास हो भन्दै पागल–बस्ती पागलहरुको बस्ती नभएर स्वस्थ समाज र्सिजना गर्न प्रशान्तको मनोकाङक्षाको व्यावहारिक रुप हो । यसमा सुन्दर र प्रभावकारी ढङ्गबाट प्रेमपीडा अभिव्यक्त गर्न सकेका हुदाँ सरुभक्त नै प्रशान्त हुन भन्ने अनुमान गर्न सकिन्छ । यसमा प्रेमलाई नँया दृष्टिबाट हेरिएको छ, जुन मौलिक र सकारत्मक छ । उपन्यासको संसार उपन्यासकारको अहंवादी दर्शनमा आधारित संसार हो । उपन्यासको संरचना पक्षको चर्चा गर्दै उपन्यास अन्त्यबाट सुरु भएको छ र सूरुको भाग अन्त्यमा छ । नेपाली उपन्यास साहित्यमा एउटा सुवासिलो फूल थपेर सरुभक्तले ठुलो गुण लगाएका छन् । पागल बस्तीमा जीवनजगतलाई पूर्ण व्याख्या गरिएको छ । नयाँ जीवन प्रणालीको अटुट र निरन्तर अनुसन्धानमा संलग्न हुने प्रेरणा दिएको छ । बस्तीको पागलपन समाजलाई मान्य नभए पनि निर्दोषतापूर्ण स्थिति

भएको छ । पागल–बस्तीमा मानवीय बस्तीलाई घृणाको बस्ती ठान्दै त्यसबाट मूक्त हुनका लागि 'पागल–बस्ती' र 'प्रेमको उदार' बस्तीको कल्पना गरेका छन् ।

वि.सं. १८२७ प्रकाशित भएको अख्यानात्मक कृति शक्तिबल्लब अर्ज्यालले महाभारत विराटपर्वको रुपमा केलाएको छ । आधुनिक यूगमा नेपाली उपन्यास विभिन्न प्रवृति र धाराहरुमा बिकसित भएको छ । प्रयोगवादी, विसंगतिवादी, दार्शनिक, सामाजिक यथार्थवादी धारा, ऐतिहासिक धारा, मनोवैज्ञानिक धारा, शून्यवादी जस्ता विविध धारा यस आधुनिक युगमा देखापरेको छ । भक्तले २०४८ सालमा पागल–बस्ती उपन्यासलाई अस्तित्ववादी धारामा लेखिएको छ ।

भक्तको प्रस्तुत उपन्यास 'पागल–बस्ती' उपन्यासको शीर्षक 'पागल–बस्ती' उपन्यास किन भनेको छ भने समाजमा रहेको व्यक्ति सामाजिक पीडाबाट ग्रस्त सहेको, समाजिक दुर्व्यवहारबाट पीडित मान्छेलाई पागल–बस्तीमा स्वागत् छ र त्यसमा वसोवास गरेका व्यक्तिलाई पागल भनेर बाहिरी समाजका व्यक्तिले उपनाम दिएको छ । त्यसैले बस्तीका मानिसलाई पागल र बस्तीलाई पागल–बस्ती भन्छ । यसरी उपन्यासको नमाकरण उपन्यासको विषयबस्तुसंग सामाञ्जस्यमूलक सम्बन्ध राख्ने किसिमको रहेको छ ।

प्रस्तुत उपन्यास दुई भागमा विभाजित छ । यो उपन्यास पहिलो भाग ९ परिच्छेद र दोस्रो भाग ४० परिच्छेदमा विभक्त छ । यो ४९ परिच्छेद मध्ये ८ परिच्छेद सबैभन्दा छोटो ४ अनुच्छेद छ भने दोस्रो भागकै ३९ परिच्छेद सबैभन्दा लामो १६१ अनुच्छेद छ । जम्मा यो उपन्यास २४३ पृष्ठमा फैलिएको छ ।

प्रस्तुत उपन्यासको आन्तरिक संरचनालाई हेर्दा मुख्य पात्र मार्थाको परम्परागत प्रेम दर्शनलाई भन्दा प्रशान्तका माध्यमबाट शून्यवादी दर्शनलाई स्थापित गर्न चाहेका देखिन्छ । प्रशान्तले " आफूले प्रेमगर्न चाहेकी केटीले उसलाई अस्वीकार गरिदिए पछि सो कुण्ठालाई आफनै किसिमले उदात्तीकरण गरेर धरातलमै अहंवादी नयाँ बैचारिक मान्याता स्थापित चाहेको छ (पौड्ेल,२०६१:११०) । त्यसैले ऊ परम्परित समाजभन्दा भिन्न

आचरण र संस्कार भएको समाज निर्माणमा लागेको छ । किशोरले पागल–बस्तीको छेउछाउ पुगेर रहस्य जान्न खोजेको सन्दर्भबाट उपन्यासको थालनी भएको छ । किशोर पागल–बस्ती भित्र प्रवेश गर्न खोज छ तर बस्तीका बारेमा चलेका विभिन्न हल्लाका कारणले ऊ डराएर भाग्छ । किशोरले पागल–बस्तीसंग सम्बद्ध पात्र मार्था हो भन्ने पत्ता लगाएर उसलाई भेटेर पागल बस्तीको फोटो देखाउछ तर मार्था रिसाउछे । किशोर माफी मागन लेक्चररसंक्लोनी भित्र छिर्छ । आरम्भमा मार्थाले किशोरलाई झम्टिन्छे तर क्षण भरमै उसको मन बद्लिन्छ र उसले आफूले बनाएको चित्र डायरी मार्फत किशोरलाई पागल–बस्तीको रहस्य पत्ता लगाउन सहयोग पुऱ्याउछे । मार्थालाई पागल–बस्तीमा बढी नै औपचारिक स्वागत् गर्छ । मार्थालाई प्रशान्तले आदिमाताको पद दिई आदिमाता भन्छ त्यसैले मार्थालाई निद्रा लाग्दैन् । आफ्ना इच्छालाई पुरा नहुँदा ऊ अतीततिर फर्किन्छे र धाईआमालाई सम्झिन्छे । उसमा प्रणयको भावना पैदा हुन्छ । प्रशान्तले औपचारिकता भन्दा बढी औपचारिकता देखाएको हुँदा ऊ चिन्तित हुन्छे । मार्थालाई विद्यालयकालीन घटनालाई  पूर्वस्मृति हुँदा पछुतो मान्छे । प्रशान्तको सबै क्रियाकलाप अहंयूक्त छ । प्रशान्तको अनुपस्थितमा मार्था बृद्धालाई शरण दिन्छे । मार्था आदिआरोग्यशालामा जाँदा कोढीहरुको विकृत शरीर देखेर आतङ्कित हुन्छ । मार्थाले जमुना र प्रेममूर्तिको प्रेममिलन गराएर सन्तुष्टि लिन खोज्छे तर जमुनाले प्रेममूर्तिलाई प्रेमीका रुपमा स्वीकार गर्न इन्कार गर्छे । टुडिखेलका पसलेहरुले बस्तीबालाहरुलाई बजार भाउ बिगारे भनि टुडिखेलबाट खेद्न खोज्छन् तर मार्थाले समस्या सुल्झाउँछे प्रेमले जमुनालाई प्रेम गर्न छाडेको घटनाले मार्थालाई चोट पर्छ । मार्थाले बस्ती माथिको हमलालाई अपमान ठान्छे प्रशान्त जमुनाको गम्भीर अवस्था देखेर चिन्तित हुन्छ । मार्था भने प्रेममूर्ति र जमुनाको भेट गराउन चाहन्छे तर सक्दैन । कुकुर्नी विन्दुको हत्याले बस्ती शोकाकूल हुन्छ । प्रशान्त बढी कुष्ठरोगीलाई समय दिएर स्याहार सुसार गर्छ र मार्थालाई सूयोग्य पुरुषसित विवाह गर्न सल्लाह दिन्छ । मार्था रिसले पड्किन्छे र बस्ती छाडेर जान्छे ।

प्रस्तुतीका दृष्टिले उपन्यासको कथाबस्तु मूलत : वर्णनात्मक र विश्लेषणात्मक रुपमा रहेको छ । भक्तको दोस्रो उपन्यासमा धेरै पात्रहरु छन् । लिङ्गका आधारमा पुरुष र स्त्री पात्रहरु छन् भने कार्यका आधारमा प्रमुख सहायक र गौण गरी तीन भागमा विभाजन गरेका छन् । मार्था र प्रशान्त प्रमुख पात्र छन् भने किशोर, जमुना, प्रेममूर्ति, मैचाङ, कपिल, विन्दु आदि सहायक पात्र र गोल घरको नायिके, बूढी, आनन्द, कमला, प्रचार्य, मिसमेरि, शिक्षक, लजमालिकनी, भउते, मिसमार्गरेट, चियापसले, शेर्पा गाइड, गाइने गाइड, गाइने केटो, बूढीको छोरो, प्रकाश, मान्द्र बिक्रेता बाजे, भूत पूर्व प्रेमीका, ठुले खत्री गौण पात्रका रुपमा रहेका छन् । प्रवृतिका अधारमा सबै पात्र अनुकूल छ भने भउते र बूढीको छोरो प्रतिकूल रहेछ । स्वभावका आधारमा सबै पात्र गतिशील छ भने लजमालिकनी, गाइने केटो र प्रकाश गतिहिन पात्र हो । जीवन चेतनाका आधारमा प्रशान्त, जमुना, कपिल, प्राचार्य व्यक्तिगत पात्र हो भने मार्था लगायत सबै वर्गगत पात्र हो । यस उपन्यासमा सबै पात्र मञ्चीय छ भने भउते मान्द्र बिक्रेताबाजे, भूतपूर्व प्रेमिका, ठुले खत्री नेपथ्य हो ।

'पागल–बस्ती' उपन्यासमा उपन्यासकार सरुभक्तले संबादको प्रयोग समुचित रुपमा गरेको छ । यसमा संवाद भन्दा द्वन्द्वमा बढी जोड दिएको छ । यसमा विभिन्न घटनाका माध्यमबाट पात्रहरुको सोचाइ व्यहार, व्यक्तित्व र कार्यलाई देखाउने काम पनि भएको छ । मार्था र प्रशान्तका संवाद र द्वन्द्वको मानसिकतामा भरिदिएका कतिपय कुराहरु अलि अमिल्दा जस्ता लागे तापनि यस उपन्यासमा सरल, सहज, सरस, स्तरीय संबादकै रुपमा पाइन्छ ।

परिवेशका दृष्टिले यस उपन्यासको प्रमुख स्थानिक परिवेश ऐतिहासिक स्थल, स्वैरकाल्पनिक स्थल यसमा छ भने अझै कास्कीको नौडाँडा र यसको सेरोफेरोका धम्पुस, चन्द्रकोट, विरेठाँटी, घान्द्रुक, पोखरा, पोखराको पृथ्वीनारायण क्याम्पस, पृथ्वीनारायणको लेक्चरर्स क्लोनी, महेन्द्रपुल, पुराना टुडिखेल, कास्की कोट , फेवाताल, उपन्यासमा विदेशी स्थान, लण्डन, कलकत्ता, सात समुद्रपारि यु.के., यु.एस., यु.एस.ए.,

जस्ता रहेकाछन् । यसमा महत्वपूर्ण घटना कास्कीको नौँडाँडा पृथ्वीनारायण क्याम्पसको लेक्चर्स कोलोनी र पोखराको टुडिखेल भएको पाइन्छ । यो उपन्यास वियोगान्त र नयाँ समाजका निर्माणका आशामा टुङ्गिएको छ ।

प्रस्तुत उपन्यासमा बाह्य एवं आन्तरिक दुई किसिमको द्वन्द्व देखिन्छ । व्यक्ति र समाज समाज बीच हुने द्वन्द्वलाई बाह्य द्वन्द्व भनिन्छ भने मानिसको मानसिक द्वन्द्वलाई आन्तरिक द्वन्द्व भनिन्छ । यस उपन्यासमा बाहिरी वा वाह्य द्वन्द्वको प्रयोग भएको छ । यसमा प्रेम र त्याग बीच द्वन्द्व भएको पाइन्छ भने समाज भित्र मानिस मानिस बीचमा द्वन्द्व भएको देखिन्छ । मार्था र प्रशान्त बीच, जमुना र प्रेममूर्तिका बीच, बूढीका छोराहरु र बस्तीबालाबीच द्वन्द्व भएको छ । यस उपन्यासमा द्वन्द्व सशक्त रुपमा पाइन्छ ।

'पागल–बस्ती' उपन्यासमा भाषाशौली सामान्य बोलीचालीमा प्रयोग हुने किसिमको छ । यसको भाषा सरल, सहज भावलाई बहन गर्न सक्षम, काव्यात्मक गुणले ओतप्रोत भाषिक रुपको प्रयोग गरिएको छ । सरल र जटिल वाक्यहरु पनि प्रयोग भएका छन् ।

यो उपन्यासको समाख्याता किशोर हो । यो उपन्यास मार्थाको कथा हुनाले ऊ नै उपन्यासको दृष्टिविन्दु पात्र हो । यसमा विचार धाराका विन्यास स्थानिक नभएर सार्बिक छ ।

प्रस्तुत उपन्यासमा उपन्यासकारले समाजमा भइरहेको विकृतिहरु शोषण, अत्याचार, विसंङ्गतिवाद, नयाँ समाजको सिर्जना इत्यादिलाई सकारात्मक र कलात्मक ढंगले प्रस्तुत गर्न खोजेका छन् ।

## ७.२ निष्कर्ष

साहित्यकार, उपन्यासकार, कथाकार, नाटककार र कविको रुपमा चर्चित भाएका सरुभक्त श्रेष्ठले २०४८ सालमा लेखेको उपन्यास परम्पराको अस्तित्ववादी धाराको २०२२ सालबाट सफल भएको हो । विषयगत नवीनता तथा दार्शनिक एंव बौद्धिक अभिव्यक्ति यस उपन्यासमा पाइन्छ । मान्छे स्वतन्त्र निर्धारण गर्छ र त्यसको उत्तरदायित्व

पनि स्वयम्ले बहन गर्नुपर्छ भने यस धाराका उपन्यासमा पाइन्छ । यो उपन्यास नेपाली परम्परित शैलीका नभएर नयाँ सिर्जना र नयाँ समाजको नौलो प्रस्तुतीका साथ औपन्यासिक संरचनालाई परिच्छेदमा विभाजन, स्थुल कथाबस्तु वर्णात्मक शैली, शिल्प, मिल्दोजुल्दो पात्र चयनः नाटकीय संवाद सरल भाषाशैली जस्ता कुराहरु यसमा सफल रुपमा पाइन्छन् । यसमा सामाजिक प्राणीलाई बाध्यात्मक भएर हैन स्वतन्त्र भएर बाँच्नु पर्छ भने प्रस्तुति गरिएको छ ।

## ७.३ सम्भाव्य शोध शीर्षक

क) 'पागल–बस्ती' उपन्यासमा प्रयोगवादी धाराको प्रभावमा कृतिपरक अध्ययन

ख) 'पागल–बस्ती'मा विसङ्गतिवादी उपन्यासको कृतिपरक अध्ययन

ग) 'पागल–बस्ती'मा दार्शनिक विचारधारामा कृतिपरक अध्ययन

घ) 'पागल–बस्ती'मा अस्तित्ववादी उपन्यासको कृतिपरक अध्ययन

# सन्दर्भग्रन्थ सूची


सन्दर्भग्रन्थ सूची :

अधिकारी, लक्ष्मीशरण (२०५१), साहित्यकार सरुभक्तको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन (स्नातकोत्तर शोधपत्र ), पोखरा : नेपाली शिक्षण समिति, पृथ्वीनारायण क्याम्पस ।

खनाल, सरिता, (२०७०), 'समय त्रासदी' उपन्यासमा रहेको स्वैरकल्पना विषयमा छिटफुट रुपमा अध्ययन नेपाली केन्द्रीय विभाग, विश्वविद्यालय क्याम्पस कीर्तिपुर ।

ढकाल, घनश्याम (२०५०), 'पागल–बस्तीको खोजयात्रा : शून्यवादको महाजात्रा' कलम, वर्ष २, अंक १ पृ. ६१–६८ ।

पाण्डे, रुद्रराज (२०५७), रुपमती, अठारौँ सं. ललितपुर ! साझा प्रकाशन ।

पारिजात (२०५८), शीरीषको फूल बाह्रौं सं. ललितपुर साँझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्र सिहं(२०४४), 'विज्ञान कथा : सम्भावित भविष्य',एक अविनवको आत्म कथा, सरुभक्त, पोखरा : पोखरा जेसिस, पृ. 'छ–ढ' ।

..................(२०६०), 'मात्रै हिड्नुपर्छ क्रेम्पोन पाइलाहरु', चुली सरुभक्त, पोखरा, पोखरेली युवा सांस्कृतिक परिवार, पृ. (ग–च) ।

................(२०६०), 'समय त्रासदी, सरुभक्त र शून्यवाद' नोवेल, वर्ष २, अंक २, पृ. ( ८९–९४) ।

श्रेष्ठ, सरुभक्त(२०४०), बोक्सीको आह्वान र घोषणा पत्र, पोखरा : युवा नाटक परिवार ।

श्रेष्ठ, सरुभक्त (२०४२), इतिहासभित्रको इतिहास, काठमाडौं : प्रयोग समुह ।

श्रेष्ठ, सरुभक्त(२०४४), एक अविनवको आत्मकथा, पोखरा : पोखरा जेसिस ।

श्रेष्ठ, सरुभक्त (२०४८), पागल–बस्ती काठमाडौं : भारद्वज प्रकाशन ।

श्रेष्ठ, सरुभक्त(२०५३), तरुनी खेती, काठमाडौं : रत्न पुस्तक भण्डार ।

श्रेष्ठ, सरुभक्त(२०५८), समय त्रासदी, काठमाडौं : सत्यमा मेमोरीयल ट्रस्ट ।

श्रेष्ठ, सरुभक्त(२०६०), चुली, पोखरा : पोखरेली युवा सांस्कृतिक परिवार ।

श्रेष्ठ, सरुभक्त(२०६०), अँध्यारो कोठा विराटनगर : विनता प्रकाशन ।

**शब्दकोष सूची**

अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल, (२०६६) तेस्रो सं. प्रयोगात्मक नेपाली शब्दकोष, काठमाडौं : विद्यार्थी प्रकाशन ।

ज्ञवाली, सूर्यविक्रम (२०४०), नेपाली संक्षिप्त शब्दकोष, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

**पत्रपत्रिका सूची**

अधिकारी, लक्ष्मीशरण (२०५५), 'तरुनी खेती : सङ्क्षीप्त अध्ययन', गरिमा वर्ष २२ अंक ७ पृ. (९८–१०१) ।

अधिकारी, लक्ष्मीशरण (२०६१), 'समय त्रासदी : एक चर्चा', गरिमा, वर्ष २२ अंक ७ पूर्णाङ्क २५९, पृ. (५६–६७) ।

पौड्याल, राम हरि (२०४९), 'सरुभक्तको पागल–बस्ती', छलफल, वर्ष १० अंक ४४, भदौ २१, पृ. ४ ।

बस्नेत, बबिता (२०५२), 'जीवन अंहयुक्त छ, अंहयुक्त छैन', गोरखापत्र, फागुन २८ गने पृ. (ख) ।